"स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर"

आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

कमलामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

२०८२

आर्थिक वर्ष २०८२/८३ को वार्षिक

नीति, कार्यक्रम तथा बजेट

कमलामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

माढी बजार, सिन्धुली

बागमती प्रदेश, नेपाल



सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएको मेची-महाकाली ।
प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

वार्षिक नीति, कार्यक्रम र बजेट पुस्तिका २०८२/८३

प्रकाशन: कमलामाई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय

सम्पादन: आर्थिक प्रशासन शाखा

इमेल: info@kamalamaimun.gov.np, kamalamaimun.sindhuli@gmail.com,

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माढी बजार, सिन्धुली
बागमती प्रदेश, नेपाल



मेरो भनाई

आर्थिक वर्ष २०८२/८३ का लागि नगर सभाको १६ औं अधिवेशनबाट नगरको नीति, कार्यक्रम र बजेट पारित भई कार्यान्वयनको चरणमा रहेको छ। हामी निर्वाचित भएपश्चातको यो चौंथो नीति, कार्यक्रम र बजेट समयमै पारित भएकोमा म खुसि व्यक्त गर्दै नगरको नीति, कार्यक्रम र बजेटको तर्जुमा तथा तयार कार्यमा अहोरात्र लागिरहने जनप्रतिनिधि एवं कर्मचारीहरुलाई म धन्यवाद दिन चाहन्छु।

नगरको प्राथामिकताका योजनाहरु लगायत सम्पूर्ण पुँजीगत कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन र चालु एवं प्रशासनिक कार्यक्रमहरुको खर्चमा मितव्ययीता अपनाउँन म सबैमा हार्दिक अनुरोध गर्दछु । पालिकाको सीमित स्रोत साधनको उच्चतम सदुपयोगमा हामी सबैको ध्यान जान आवश्यक छ। सोह्रौं अधिवेशनले पारित गरेको कमलामाई नगरपालिकाको नीति, कार्यक्रम र बजेटलाई समेटेर एकीकृत रुपमा तयार गरिएको यस पुस्तिकाले नगरको बजेट कार्यान्वयनमा सहजीकरण गर्नेछ भन्ने मलाई लाग्छ, साथै जनतामा सूचना र विकासको पहुँचलाई समेत सार्थक बनाउनेछ र पारदर्शिता अभिवृद्धि गर्नेछ भन्ने मैले आशा लिएको छु। यस योजना तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षको हातेमालोको अपेक्षा राख्दछु।

अन्तमा, कमलामाई नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई पुस्तिकाको रुपमा तयार गरी ल्याउने कार्यमा लागि पर्नुहुने कर्मचारी मित्रहरु प्रति धन्यवाद दिन चाहन्छु। बजेटको प्रभावकारी कार्यान्वयन र यसमा थप रचनात्मक तथा सकरात्मक सुझावको अपेक्षा राख्दछु।

धन्यवाद !

उपेन्द्रकुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माढी बजार, सिन्धुली
बागमती प्रदेश, नेपाल



मन्तव्य

नगरको विकास र समृद्धिमा नगरपालिकाले प्रस्तुत गरेको नीति, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका साथै सुशासनको प्रत्याभूति दिलाउन नगरपालिका सदैव प्रयासरत रहेको छ। आर्थिक वर्ष २०८२/८३ का लागि सोह्रौं अधिवेशनबाट समयमै नीति, कार्यक्रम र बजेट पारित गर्न सहयोग, समन्वयका साथै प्रत्यक्ष कार्य गर्ने सबै प्रति म धन्यवाद व्यक्त गर्न चाहन्छु।

प्रस्तुत कमलामाई नगरपालिकाको नीति, कार्यक्रम र बजेट पुस्तिकाले नगरवासीलाई नगरको गतिविधि र कार्यक्रमका वारेमा सहज रुपले जानकारी दिनेछ भन्ने मैले विश्वास लिएकी छु। आर्थिक वर्ष २०८२/८३ को यस पुस्तिका तयार गर्न निरन्तर काममा जुट्नु भएका कर्मचारी साथीहरुलाई म धन्यवाद दिन चाहन्छु।

धन्यवाद !

मन्जु देवकोटा
नगर उपप्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माढी बजार, सिन्धुली
बागमती प्रदेश, नेपाल



दुई शब्द

स्वीकृत बजेटको कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, नियमावली लगायत अन्य आर्थिकसँग सम्बन्धीत ऐन, कानुनहरुको प्रभावकारी परिपालना गरी कार्य गरेमा मात्र बेरुजु न्युनीकरण गर्न सकिने र सार्वजनिक स्रोत साधनको सही रुपले खर्च भएको एकिन गर्न सकिने भएकाले बजेट तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा विद्यमान नियम, कानुनको परिपालनाका लागि म जनप्रतिनिधि, कर्मचारी लगायत सबै सरोकारवालाहरु समक्ष हार्दिक आग्रह गर्न चाहन्छु।

नगरको नीति, कार्यक्रम र बजेट संग्रहित पुस्तिकाले कमलामाई नगरपालिकाको वार्षिक कार्यक्रमहरु, नगरको आन्तरिक राजस्वका दरहरु लगायतका विभिन्न विषयबस्तुहरुको बारेमा सहज रुपमा एकीकृत जानकारी गराउँनेछ। यस पुस्तिका तयार गर्ने कार्यमा अहोरात्र लागि पर्ने कर्मचारी साथीहरुलाई म विशेष धन्यवाद दिन चाहन्छु। हामी कर्मचारीहरु प्रति जनप्रतिनिधि लगायत सबै पक्षले देखाउनु भएको विश्वास र सहयोग प्रति म आभार व्यक्त गर्न चाहन्छु। अहोरात्र नगरको विकास र समृद्धीमा खटिरहने सबै तह र तप्काका राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। आगामी दिनहरुमा नगरले लिएको नीति, कार्यक्रम र योजनाको प्रभावकारी कार्यान्वयनमा म सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दछु।

धन्यवाद !

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

विषय-सूची

क्र.सं.	शीर्षक	पेज नं.
१	कमलामाई नगरपालिकाको परिचय	१
२	कमलामाई नगरपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम	५
३	कमलामाई नगरपालिकाको आ.व. २०८२/८३ को वजेट वक्तव्य	१९
४	कमलामाई नगरपालिकाको आ.व. २०८२/८३ को आर्थिक ऐन	२५
५	आ.व. २०८२/८३ का लागि नगरसभाको सोह्रौं अधिवेशनबाट स्वीकृत नगरपालिका तर्फबाट सञ्चालन हुने गोष्ठि, अभिमुखीकरण, तालिम र अन्य विविध कार्यक्रममा खर्चको मापदण्ड तथा सीमा (Norms)	६३
६	कमलामाई नगरपालिकाको आ.व. २०८२/८३ को विनियोजन ऐन	६५
६.१	अनुसूची-१ : आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रमको लागि प्रस्तावित स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण	६६
६.२	अनुसूची-२ : राजश्व तथा अनुदान प्राप्तिको अनुमान	६७
६.३	अनुसूची-३ : कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च	६९
६.४	अनुसूची-४ : नगरपालिकाको प्राथामिकतामा आधारित योजना तथा कार्यक्रमहरु	७२
६.५	अनुसूची-५ : नगरपालिकाबाट विनियोजित शाखा/उपशाखा/इकाईका कार्यक्रमहरु	७५
	अनुसूची-५ (क) : शिक्षा क्षेत्र अन्तर्गतको बजेट तथा कार्यक्रम	७६
	अनुसूची-५.(ख) : कृषि विकासतर्फको बजेट तथा कार्यक्रम	७७
	अनुसूची-५ (ग) : पशु विकासतर्फको बजेट तथा कार्यक्रम	७९
	अनुसूची-५ (घ) : स्वास्थ्य क्षेत्रतर्फको बजेट तथा कार्यक्रम	८०
	अनुसूची-५ (ङ) : खानेपानी, सरसफाई, वन, पर्यटन, विपद् तथा वातावरण सम्बन्धी कार्यक्रम	८१
	अनुसूची-५(च) : भवन तथा वस्ती विकास अनुगमन कार्यक्रम	८१
	अनुसूची-५ (छ) : उद्योग तथा व्यावसाय प्रवर्द्धन कार्यक्रम	८२
	अनुसूची-५ (ज) : सामाजिक विकास अन्तर्गतका कार्यक्रम	८२
	अनुसूची-५(झ) : सहकारी अन्तर्गतका कार्यक्रम	८३
	अनुसूची-५(ञ) : न्यायिक समिति तथा कानून शाखा अन्तर्गतका कार्यक्रम	८४
	अनुसूची-५(ट) : राजश्व व्यवस्थापन सम्बन्धी विविध कार्यक्रम	८५
	अनुसूची-५ (ठ) : आर्थिक प्रशासन तथा बजेट व्यवस्थापन कार्यक्रम	८५
	अनुसूची-५ (ड) : योजना , पूर्वाधार र उर्जा विकासतर्फका विविध कार्यक्रम	८६
	अनुसूची-५ (ढ) : सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाईतर्फका कार्यक्रमहरु	८६
	अनुसूची-५ (ण) : सूचना प्रविधि सम्बन्धी कार्यक्रम	८७
	अनुसूची-५ (त) : प्रशासन शाखा अन्तर्गतका कार्यक्रम	८७
	अनुसूची-५ (थ) : आन्तरिक लेखापरीक्षण इकाई अन्तर्गतका कार्यक्रम	८८
	अनुसूची-६ (द) : रोजगार सेवा केन्द्रका कार्यक्रम	८८
	अनुसूची-५ (ध) : भूमि सम्बन्धी कार्यक्रम	८९
	अनुसूची-५ (न) : महिला बाल वालिका तथा समाज कल्याण कार्यक्रम	९०
	अनुसूची-५ (प) : सिन्धुलीगढी प्रशासनिक इकाई कार्यक्रम	९१
	अनुसूची-५ (फ) : खेलकुद विकास कार्यक्रम	९१
६.६	अनुसूची-६ : नगरपालिकाबाट वडागत रुपमा विनियोजित योजना तथा कार्यक्रम	९२
	अनुसूची-६ (क) : वडा नं. १ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	९२
	अनुसूची-६ (ख) : वडा नं. २ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	९५
	अनुसूची-६ (ग) : वडा नं. ३ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	९७
	अनुसूची-६ (घ) : वडा नं. ४ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	९९
	अनुसूची-६ (ङ) : वडा नं. ५ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	१००

	अनुसूची-६ (च) : वडा नं. ६ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	१०२
	अनुसूची-६ (छ) : वडा नं. ७ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	१०४
	अनुसूची-६ (ज) : वडा नं. ८ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	१०८
	अनुसूची-६ (झ) : वडा नं. ९ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	११०
	अनुसूची-६ (ञ) : वडा नं. १० अन्तर्गतका योजना तथा कार्यक्रमहरु	११२
	अनुसूची-६ (ट) : वडा नं. ११ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	११४
	अनुसूची-६ (ठ) : वडा नं. १२ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	११६
	अनुसूची-६ (ड) : वडा नं. १३ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	११९
	अनुसूची-६ (ढ) : वडा नं. १४ अन्तर्गतका योजना तथा कार्यक्रमहरु	१२०
६.७	अनुसूची-७: संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम	१२१
६.८	अनुसूची-८ : संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान कार्यक्रम	१३०
६.९	अनुसूची-९ :प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम	१३०
६.१०	अनुसूची-१० : प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान कार्यक्रम	१३१
६.११	अनुसूची-११ : प्रदेश सरकारबाट हस्तान्तरित समपूरक अनुदान कार्यक्रम	१३२
६.१२	अनुसूची-१२ : आ.व. २०८१/८२ को भुक्तानी बाँकी योजना तथा कार्यक्रम	१३२
६.१३	अनुसूची - १३: लक्षित वर्ग कार्यक्रम	१३७
७	**नगरपालिकाबाट विनियोजित केन्द्र तर्फका प्रशासनिक लगायत अन्य केन्द्र स्तरका समग्र कार्यक्रमहरु**	**१३९**
८	**संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम/आयोजनाहरुको क्षेत्रगत एवं विषयगत बजेट विनियोजन**	**१४३**
८.१	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - कृषि तथा पशु विकास कार्यक्रम	१४३
८.२	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - उद्योग प्रवर्द्धन कार्यक्रम	१४४
८.३	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - शिक्षाविकास कार्यक्रम	१४४
८.४	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - स्वास्थ्यकार्यक्रम	१४८
८.५	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - प्रधानमन्त्री रोजगार कार्यक्रम	१५०
८.६	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - रोजगार प्रवर्द्धन कार्यक्रम - (सामी परियोजना)	१५१
८.७	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - बहुक्षेत्रीय पोषण कार्यक्रम	१५२
८.८	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सम्बन्धी कार्यक्रम	१५३
८.९	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - गरिबसँग विश्वेश्वर कार्यक्रम	१५३
८.१०	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - पूर्वाधार विकास कार्यक्रम	१५४
९	**प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम/आयोजनाहरुको क्षेत्रगत एवं विषयगत बजेट विनियोजन**	**१५५**
९.१	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - कृषि विकास कार्यक्रम	१५५
९.२	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - सहकारी विकास कार्यक्रम	१५५
९.३	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - जलस्रोत तथा सिंचाई कार्यक्रम	१५५
९.४	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - पशु विकास सम्बन्धी कार्यक्रम	१५६
९.५	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - शिक्षा विकास सम्बन्धी कार्यक्रम	१५६
९.६	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - स्वास्थ्य कार्यक्रम	१५६
९.७	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - सामाजिक विकास कार्यक्रम	१५७
९.८	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) पुर्वाधार विकास कार्यक्रम	१५७
९.९	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - सुशासन तथा शान्ति सुव्यवस्था	१५७
१०	**कमलामाई नगरपालिकाको नगर सभा सदस्यहरुको विवरण**	**१५९**
११	**नगरवासीहरुमा कमलामाई नगरपालिकाको अनुरोध**	**१६१**

खण्ड १
कमलामाई नगरपालिकाको परिचय

सिन्धुली जिल्लाको नौ स्थानीय तहमध्ये ऐतिहासिक तथा धार्मिक महत्व बोकेको कमलामाई नगरपालिका ४८२.५७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यस नगरपालिकाको भूभाग चुरे क्षेत्रको गर्मी हुने ठाँउ देखि महाभारतको उच्च शृङ्खलासम्म विस्तारित छ। नेपालको प्रसिद्ध कमला नदीको उद्गम स्थलमा रहेको कमलामाई नदीको नामबाट यस नगरपालिकाको नामाकरण गरिएको हो । वि.सं.२०५३ सालमा तत्कालीन सिद्धेश्वर र भिमान गाउँ विकास समितिको समायोजन गरी कमलामाई नगरपालिका घोषणा गरिएको थियो ।

"स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिलन विन्दु कमलामाई नगर" भन्ने मूल नारा बोकेको यस नगरपालिका प्राकृतिक स्रोत, साधन र सुन्दरताले भरिपूर्ण छ। सिन्धुली जिल्लामा यो नगरपालिका आफ्नै मौलिक परम्परा, संस्कृति, सामाजिक तथा धार्मिक क्षेत्रको जगेर्ना गरी अगाडि बढेको नगरपालिका हो । शहरीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था सहित यो नगरपालिका यस क्षेत्रमा परिवर्तनको उदाहरण र संम्वाहक पनि बनिरहेको छ । नेपालको संघीय पूनर्संरचना अनुरुप साविकको कमलामाई नगरपालिकामा डाढीगुराँसे, भद्रकाली, जलकन्या, रानीचुरी र रानीबास गाउँ विकास समितिहरु समावेश गरी विस्तार गरिएको हो ।

कमलामाई नगरपालिकालाई चौध वडामा विभाजन गरिएको छ। विकासका हिसावले नगरपालिकाको १० र १२ नं. वडा बाहेक सबै वडाहरुलाई राजमार्गले छोएको छ। यो नगरपालिकामा तामाङ, मगर, नेवार, हायु, भुजेल, दनुवार, थामी, गुरुङ, ब्राहमण, क्षेत्री, दलित, माझी जस्ता विभिन्न समुदायको मानिसको बसोबास रहेको छ।

नेपाल र वेलायतको "इस्ट इन्डिया कम्पनी" बीच भएको ऐतिहासिक युद्धको ऐतिहासिक जीवन्त स्मारक सिन्धुलीगढी पनि यसै कमलामाई नगरपालिकामा पर्दछ। यो नगरपालिका सिन्धुली जिल्लाको राजनीतिक, ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको स्थानहो। यस नगरपालिकामा कमलामाई, सिद्धबाबा, भद्रकाली लगायतका प्रसिद्ध धार्मिक स्थलहरु रहेका छन् । यी मठमन्दिर, गुम्बा र धार्मिक स्थलहरुको उचित संरक्षण नगरपालिकाले गर्दै आइरहेको छ। कमलामाई नगरपालिकाको समृद्ध पक्षभनेको यहाँको जैविक विविधता सहितको वनजंगलका साथै बुका, कमला, ग्वाङ्ग, लब्दाह, गडौली, चदाहा, धनमाना, मरिण, धमिले, जिर्घा आदि खोलानाला हुन् । कमलामाई नगरपालिका वडा नं. १० र वडा नं. १३ सिमानामा चदाहा खोलाको टप्पु क्षेत्रमा आजाद स्मृतिपार्क (चदाहा पिक्निक स्पट) र वडा नं. ८ र वडा नं. ५ को सिमानामा माइस्थान पिक्निक स्पट रहेका छन् ।

कमलामाई नगरपालिका राष्ट्रिय राजमार्गको रुपमा रहेको मदन भण्डारी राजमार्ग र वि.पी. राजमार्गको मिलनविन्दुमा समेत पर्दछ। राष्ट्रिय गौरवको सुनकोशी-मरिण डाइभर्सन बहुउद्वेश्यीय आयोजना कमलामाई नगरपालिका वडा नं. २, कुसुमटार स्थित मरिण खोलामा जोडिने गरी निर्माण कार्य भइ रहेको छ।

सिमाना

पूर्वमा : तीनपाटन गाउँपालिका र दुधौली नगरपालिका
पश्चिममा : मरिण गाँउपालिका
उत्तरमा : गोलोन्जोर, घ्याङलेख र सुनकोशी गाउँपालिका
दक्षिणमा : महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका, सर्लाही जिल्लाको लालबन्दी र ईश्वरपुर नगरपालिका र धनुषा जिल्लाको मिथिला नगरपालिका
उचाई : समुद्र सतहबाट तल्लो २७८ मिटरदेखि माथिल्लो सतह १९९४ मिटर सम्म ।
हावापानी : विषम (उष्ण, उपोष्ण र समशीतोष्ण)

कमलामाई नगरपालिकाको जनसाङ्ख्यिकी विवरण

वडा नं.	घरधुरी संख्या	जनसंख्या		
		कुल जम्मा	पुरुष	महिला
१	११०४	४५६५	२१९७	२३६८
२	९२९	३७९०	१८५२	१९३८
३	३८४	१३५९	६२०	७३९
४	२३४६	८८१८	४३०९	४५०९
५	२१०२	८२९२	३९३१	४३६१
६	३४४०	१२४९८	६१४०	६३५८
७	१७३५	६८२८	३२३३	३५९५
८	९२७	३६७२	१८०३	१८६९
९	१२२८	४७२८	२२४६	२४८२
१०	८२१	३३७५	१६२९	१७४६
११	९३५	३८००	१८४२	१९५८
१२	८८४	३८२२	१९१४	१९०८
१३	५५६	२२५८	१०५७	१२०१
१५	७४४	३२११	१५४३	१६६८
जम्मा	**१८१३५**	**७१०१६**	**३४३१६**	**३६७००**


साक्षरता प्रतिशत : ७७.८० प्रतिशत	
पुरुष साक्षरता	८५.२०%
महिला साक्षरता	७१.००%

अपाङ्गता प्रतिशत : २.३० प्रतिशत	
पुरुष साक्षरता	२.६०%
महिला साक्षरता	२.००%

जनघनत्वः १४७ प्रतिवर्ग कि.मी.

स्रोत : राष्ट्रिय जनगणना २०७८

कमलामाई नगरपालिकाको नक्सा



हालको वडा	साविक गाविस	साविक वडा
१	डाँडीगुराँसे	१-९
२	भद्रकाली	१-९
३	जलकन्या	१-९
४	कमलामाई	१,२,५,९
५	कमलामाई	४
६	कमलामाई	६
७	कमलामाई	७,८
८	कमलामाई	३,१०
९	कमलामाई	११,१२,१४
१०	कमलामाई	१३,१५-१८
११	रानीचुरी	१-३,५
१२	रानीचुरी	४,६-९
१३	रानीवास	१-३,८,९
१४	रानीवास	४-७

खण्ड २
कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम:

कमलामाई नगरपालिका सिन्धुली
आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

आर्थिक विकास

कृषि विकास

१. **"परदेशको ज्ञान कमलामाईमा योगदान"** भन्ने नारालाई आत्मसात् गर्दै वैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुलाई कृषितर्फ आकर्षित गर्नका लागि सामूहिक र ब्यवसायिक खेतीमा सहभागी हुन प्रोत्साहित गरिनेछ।

२. अनुदानमा वितरण हुने रासायनिक मलको मूल्यमा एकरुपता कायम गर्नका लागि वितरक सहकारीसम्म ढुवानीको व्यवस्था मिलाईने छ।

३. सम्पुर्ण किसानहरुलाई सूचीकृत गर्न किसान सूचीकरण कार्यक्रमलाई थप प्रभावकारीताकासाथ कार्यान्वयनमा लगिनेछ।

४. सिँचाई सुविधा नभएका जमिनहरुमा क्रमशः सिँचाईको व्यवस्था मिलाउनुका साथै सिँचाईका लागि प्लास्टिक पोखरी निर्माणलाई प्राथमिकता दिदै उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ।

५. कृषकको उत्पादनलाई बजारसम्म पुऱ्याई उत्पादक र उपभोक्ता बीचको पहुँच अभिवृद्धि गर्नका लागि कृषि एम्बुलेन्सको व्यवस्था मिलाईनेछ।

६. एक घर एक करेसाबारी कार्यक्रम अन्तरगत नागरिकहरुलाई अनुदानमा तरकारीको मिनि किट उपलब्ध गरिनेछ।

७. कृषकहरुलाई माग तथा आवश्यकताको आधारमा व्यवसायिक तथा सीपमुलक तालिमको व्यवस्था मिलाईनेछ।

८. सार्वजनिक, ऐलानी र पर्ति जमिनमा फलफूल तथा अन्य विरुवा लगाउन प्रोत्साहन गरिनेछ।

९. प्राङ्गारिक खेती/प्राङ्गारिक तथा जैविक मल उत्पादनलाई प्रोत्साहित गरिनेछ।

१०. स्थानीय कृषि उत्पादनको मूल्य निर्धारणको लागि समिति निर्माण गरी मूल्य निर्धारणको गृहकार्य अगाडि बढाईनेछ।

११. कृषकहरुको खेतबारीमा देखिने रोग किरा नियन्त्रणका लागि बालि संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२. कृषि पेशालाई थप सम्मानित एवं व्यवसायिक बनाउन उत्कृष्ट कृषकहरुलाई सम्मान गरिनेछ।

१३. राष्ट्रिय रुपमा मनाईने चाडपर्वलाई लक्षित गरी फूल खेती कार्यक्रमलाई प्रोत्साहित गरिनेछ।

१४. अन्य स्थानीय तहहरुमा भएका कृषि तथा पशुपन्छी सम्वन्धी नवीनतम् तथा असल अभ्यासबाट सिकाई हासिल गरी यस नगरपालिकाको विशिष्टता समेतको आधारमा आत्मासाथ गरिनेछ।

१५. फलफूल तथा अन्य बालीको ब्यवसायिक खेती गर्ने कृषकहरुलाई आवश्यक सामग्रीहरु सहयोग गरिनेछ।

१६. कृषिजन्य उत्पादन संकलन गरी विक्री वितरण गर्नका लागि सहजीकरण गर्न स्थानीय कृषक समुह तथा कृषि सहकारीलाई प्रोत्साहित गर्दै सामुदायिक भवनहरुलाई संकलन केन्द्रको रुपमा विकास गर्दै लगिनेछ।

१७. "टनेल घर निर्माण बारी र खेतमा, निःशूल्क टनेल प्लास्टिक कृषकका हातमा" भन्ने नारा सहित नयाँ प्लास्टिक टनेल निर्माण गर्ने कृषकलाई निःशूल्क प्लास्टिक टनेल उपलब्ध गराईनेछ।

१८. कृषि यन्त्र उपकरण मर्मत सम्वन्धी तालिमको व्यवस्था मिलाई दक्ष जनशक्ति उत्पादनसँगै स्वरोजगारी सिर्जना गरिनेछ।

१९. बेमौसमी लहरे बाली प्रबर्द्धन कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ।

२०. नगरको भूगोल अनुसार नयाँ विभिन्न जातका बालीहरु खेती गर्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ।

२१. उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि माटो परीक्षण सेवालाई बिस्तार गरी खाद्यान्न तथा तरकारी बालीको बिउ समयमै वितरण गर्ने व्यवस्था मिलाईनेछ।

२२. नदी उकासको जमिनलाई उपयोग गरी उत्पादन अभिवृद्धि गर्न बगर खेती कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

२३. कृषि प्राविधिकहरुको क्षमता अभिबृद्धिका लागि तालिम कार्यक्रम सञ्चालन गरी एक वडा एक प्राविधिकको व्यवस्था मिलाईने छ।

२४. भू-उपयोगको वैज्ञानिक रुपमा वर्गीकरण गरी कृषि योग्य जमिनमा मात्रै अनुदान तथा साझेदारीका कार्यक्रमहरु केन्द्रित गरिनेछ।

पशुपन्छी विकास

१. उन्नत घाँसको विकास, पशुपालन व्यावसायमा राहत भन्ने मुल नारालाई आत्मसाथ गर्दै लागत उत्पादन कम गरी पशुजन्य पदार्थको उत्पादकत्व बढाउन घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ।

२. पशुपंक्षीहरुको समयमै उपचार गरी निःशुल्क औषधि वितरण कार्यलाई निरन्तरता दिइनेछ।

३. पशुपन्छी सेवा प्रयोगशालालाई समयानुकुल सुदृढीकरण गर्दै लगिनेछ।

४. गोठ देखि ओठ सम्म भन्ने नारालाई आत्मसाथ गर्दै निर्वाहमुखी पशुपन्छी व्यावसायलाई साझेदारीका कार्यक्रम सञ्चालन गर्दै व्यवस्थित र व्यावसायिक बनाउदै लगिनेछ।

५. पशु बीमा कार्यक्रमलाई विस्तार गर्दै निरन्तरता दिइनेछ।

६. "रेबिज तथा खोरेत भगाऔ, स्वस्थ पशुपालन गरौं" भन्ने नाराका साथ महामारी रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गरी क्रमशः खोरेत तथा रेबिज मुक्त नगर बनाउदै लगिनेछ।

७. पशु सुत्केरी खाद्यान्न सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. पशुहरुको नश्ल सुधार गरी उत्पादकत्वमा वृद्धि गर्न कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. "समृद्ध कमलामाईः गोठमा होलस्टेन गाई" भन्ने नारालाई आत्मसाथ गर्दै होलस्टेन फ्रिजियनको शुद्ध नश्लको केन्द्रको रुपमा विकास गरिनेछ।

१०. मिल्कि वे परियोजना अन्तर्गत नगर क्षेत्रमा उत्पादित दूधको प्रशोधन तथा विविधीकरण गर्न बुटिक डेरी स्थापना गर्न पहल गरिनेछ।

११. पशुजन्य उत्पादन लागत घटाइ उत्पादकत्व बृद्धि गर्न मिल्कि वे परियोजना अन्तर्गत Total Mix Ration (TMR) Plant स्थापना गर्न पहल गरिनेछ।

१२. पशुपन्छी विकास शाखाबाट उपलब्ध हुने चिकित्सकीय सेवालाई विस्तार गरिनेछ।

१३. पशुपन्छी पालक किसानलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ।

१४. नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी स्वस्थ, सफा, स्वच्छ रुपमा पशुपन्छीजन्य उत्पादन विक्री वितरणको व्यवस्था मिलाउन पशुपन्छी हाटबजारको निर्माण गरी सञ्चालनमा ल्याईनेछ।

१५. स्थानीय तहमा उत्पादित पशुपन्छी तथा मत्स्यजन्य पदार्थको बजार मूल्य निर्धारण गरी बजार दर रेटमा एक रुपता ल्याइनेछ।

१६. पशुपन्छीको आकस्मिक उपचार सेवालाई निरन्तरता दिई निःशुल्क उपचार तथा औषधि वितरणको व्यवस्था गरिनेछ।

१७. अन्तर स्थानीय तहमा भएको ज्ञान, सीप, क्षमता र प्रविधि आदनप्रदान तथा सिकाइको विकास गर्न क्षमता अभिबृद्धि तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

१८. Zoonotic रोग सम्बन्धी सचतेना कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१९. व्यवसायिक कुखुरा पालक कृषकहरुको फर्मलाई जैविक सुरक्षा प्रधान गर्न सहयोग गरिनेछ।

२०. नगर क्षेत्र भित्रको छाडा कुकुरहरुको नियन्त्रणका लागि बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

भूमि सहकारी

१. भूमि समस्या समाधान आयोगसँगको सहकार्यमा आगामी आ.व.मा वडा नं ९, १०, १३ र १४ मा सुकुम्वासी तथा अव्यवस्थित वसोवासीलाई जग्गाधनी प्रमाण पत्र वितरण कार्य अगाडि बढाईनेछ।

२. भूमिको संरक्षण, समूचित उपयोग र प्रभावकारी व्यवस्थापनका लागि भूउपयोगिता नियामवली, २०७९ र अन्य प्रचलित कानुन वमोजिम भूउपयोग क्षेत्रको वर्गीकरणको कार्य सम्पन्न गरी भूमिको उपयोगलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ।

३. नगरमा रहेका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि विशेष योजना बनाई अभियान सञ्चालन गरिनेछ।
४. प्रविधिको उपयोग गर्दै नगरस्थित सम्पुर्ण जग्गाहरुको डिजिटल अभिलेखीकरण गरिनेछ।
५. सहकारीहरुको संस्थागत विकास तथा क्षमता अभिवृद्धिका लागि यस पालिकाले अंगिकार गरेको दश वर्षे रणनीतिक योजनालाई विशेष प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ।
६. नगर भित्र संचालित उत्कृष्ट सहकारीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने र निष्कृय तथा सञ्चालनमा नरहेका सहकारीहरुलाई नियम अनुसार खारेजी गर्ने नीति अवलम्बन गरिनेछ।
७. बचत तथा ऋण सहकारी संस्थाहरुले तोकिएका कोषहरुको व्यवस्था गरे नगरेको सम्वन्धमा सघन निगरानी गरिनेछ।
८. सबै सहकारी संस्थाहरुलाई एकीकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आवद्ध गराई नियमित तथा अनिवार्य रुपमा सञ्चालन गराईनेछ।
९. विभिन्न सहकारी संघहरुको साझेदारीमा सहकारी प्रवर्द्धन तथा संस्थातगत विकासका लागि लागत साझेदारीमा कार्यकमहरु सञ्चालन गरिनेछ।
१०. उत्पादन कार्यमा संलग्न सहकारीहलाई एकीकृत विकास निर्माण तथा सेवा प्रदान गर्न प्रोत्साहनका कार्यकमहरु सञ्चालन गरिनेछ।
११. सहकारी शिक्षालाई विशेष शिक्षाको रुपमा लिई असल अभ्यासहरुको आदान-प्रदानको लागि सहकारी सिकाइ केन्द्रको व्यवस्था गरिनेछ।

उद्योग विकास

१. उपभोक्ताहरुलाई गुणस्तरीय सेवा प्रदानको लागि बजार अनुगमन कार्यलाई नियमित र व्यवस्थित गरिनेछ।
२. औद्योगिक ग्राम स्थापनाको लागि स्थान पहिचान गरिनेछ।
३. गरिबी निवारणका लागि लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
४. नगरपालिका भित्र रहेका उद्योगी व्यवसायीहरुसँग सम्बन्धीत विज्ञ प्रशिक्षकहरुको विवरण समेट्ने गरी रोष्टर तयार गरिनेछ।
५. स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरुको विक्री प्रवर्द्धन गरी निर्यात बढाउन र बजारीकरण गर्नका लागि औधोगिक कृषि मेलाहरु सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
६. उद्यमीहरुको मागमा आधारित लक्षित वर्गलाई लागत साझेदारीमा उपयुक्त प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
७. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने साना तथा लघु घरेलु उद्योगहरुको स्थापनाका लागि स्रोत सर्भे गरिनेछ।
८. उद्योग र लघु उद्यमीहरुको क्षमता अभिवृद्धि गर्न उत्पादित वस्तुलाई विक्री वितरणका लागि प्रचार प्रसार गर्ने वातावरण मिलाइनेछ।
१०. बेरोजगार युवाहरु वैदेशिक रोजगारमा गई फर्केका युवाहरु तथा क्षमता भई लगानीको अभावमा परेका व्यक्तिहरुका लागि साना मझौला उद्योग व्यवसाय सञ्चालन गर्न नगर स्वरोजगार कार्यक्रम सञ्चालन गरिएकोमा यसमा देखिएको समस्यालाई निराकरण गर्दै थप व्यवस्थित गरिनेछ।
११. लघु उद्योग, घरेलु उद्योग र साना उद्योग सञ्चालन तथा सहयोगका लागि उद्योग सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गर्ने साथै परम्परागत पेशा र सीपलाई प्रवर्द्धन गर्न पुनर्ताजगी तालिमहरु सञ्चालन गरिनेछ।
१२. युवा पुस्ताको नवीन सोच र प्रबिधि प्रतिको आकर्षणलाई बढाउन उपयुक्त प्रविधि मर्मत तालिम सञ्चालन गरिनेछ।
१३. नगरपालिका क्षेत्रमा रहेका उद्योग तथा नयाँ उद्यमी व्यवसायीहरुलाई उद्यमशीलता विकासको माध्यमबाट आवश्यक व्यवसायिक परामर्श तथा योजना अध्यावधिक गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
१४. नगरपालिका क्षेत्रभित्रका थोक व्यापारी, डिपार्टमेन्टल स्टोर्स एवम मिनि मार्केटहरुमा लघु उद्यमीहरुद्धारा उत्पादित अर्गानिक खाद्य बस्तु बिक्री वितरणका लागि उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ।
१५. नगरपालिका भित्र उत्पादित दुग्धजन्य पदार्थलाई गुणस्तरीय बनाउन सीप विकास तालिम सञ्चालन गरिनेछ।
१६. नगरपालिका भित्र सञ्चालित उद्योग व्यवसायलाई लेवलिङ्ग, प्याकेजिङ, ब्राण्डिङ्ग र प्राइसिङ्ग जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

रोजगार

१. रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ।

२. विकासका योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकतामा राखिनेछ।

३. श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नारालाई आत्मसाथ गर्दै श्रमको सम्मान गर्ने परिपाटीको विकासमा जोड दिइनेछ।

४. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सीप मूलक तालिमको व्यवस्था गरिने र पुनः श्रम स्वीकृतिको लागि सहजीकरण गरिनेछ।

५. अन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको व्यवस्था गरिनेछ। वेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ।

६. सीप सिकेका वेरोजगार युवाहरुलाई सीप परीक्षण गरी सीपको प्रमाणीकरण गरिनेछ।

सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास

प्रशासन

१. संस्थागत सुदृढीकरण तथा नतिजा उन्मुख कार्यसम्पादनको सुनिश्चितताका लागि कर्मचारीहरुमा सकारात्मक सोच र उच्च मनोबल अभिवृद्धि गर्दै ज्ञान, सीप र क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. अभिमुखीकरण, तालिम, अध्ययन, भ्रमण आदिबाट कर्मचारीको ज्ञान, सीप र क्षमताको बढोत्तरी गर्दै अन्य पालिकाको समेत असल अभ्यास र अनुभवको आदान-प्रदान बाट सिक्ने सिकाउने परिपाटीको विकास गरिनेछ।

३. कर्मचारीहरुलाई कामप्रति उत्प्रेरित गर्न प्रतिफल र योगदानका आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ, भने आचारण विपरीत कार्य गर्नेलाई दण्ड सजायको नीति लिइनेछ।

४. सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सहज र आधुनिक बनाउन प्रविधिको उपयोग गरिनेछ।

५. नगरपालिका र मातहतका सबै कार्यालयहरुमा राखिने नागरिक वडा पत्रलाई सेवा ग्राही मैत्री बनाउन सुधार गरी अक्षरशःपालना गर्ने व्यवस्था मिलाउनुका साथै नागरिक सहायता कक्षलाई थप प्रभावकारी बनाइनेछ।

६. नागरिकको सूचना प्राप्तिको हकलाई सम्मान गर्दै नगरपालिकाबाट भएका महत्वपूर्ण निर्णय तथा कार्यक्रमहरु नगरपालिकाको वेभसाइट तथा सामाजिक सञजाल मार्फत प्रवाह गरिनेछ।

७. सेवाग्राहीको गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन उजुरी पेटिका नियमित रुपमा खोल्ने व्यवस्था मिलाइनेछ।

८. प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी नागरिकको गुनासो सुन्नुका साथै Exit Pole को व्यवस्था गरी पृष्ठपोषण लिने व्यवस्था मिलाइने छ।

९. कार्यालयको अभिलेख व्यवस्थापनलाई अझ व्यवस्थित, वैज्ञानिक र प्रभावकारी बनाइनेछ।

१०. नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुबीच कार्यसम्पादन करार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

११. नगर प्रहरीको कार्यलाई उच्च अनुशासन कर्तव्यनिष्ठ एवं मर्यादित बनाउनुका साथै समय सापेक्ष ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्दै नगर प्रहरीको क्षेत्र विस्तार गर्दै लगिनेछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१. सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापन गर्न खरिद शाखा/इकाई तथा सम्पत्ति व्यवस्थापन उप-शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकास गरी प्रविधिमैत्री विधिबाट अभिलेख राख्ने व्यवस्था मिलाईनेछ।

२. यस नगरपालिकाको कार्यालय र अन्तर्गतका निकायमा रहेका स्थायी सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेखन गरी सार्वजनिक सम्पत्तिको अभिलेखलाई व्यवस्थित बनाईनेछ।

३. वार्षिक रुपमा समयमै जिन्सी निरीक्षण गरी लिलाम गर्नुपर्ने सामानको लिलाम प्रक्रिया अघि बढाईनेछ।

४. बजेट तथा कार्यक्रमहरुलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न वार्षिक खरिद गुरूयोजना तथा खरिद योजना तयार गरी सोही अनुसार कार्यान्वयन गरिनेछ।

५. सार्बजनिक निकायको लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आपूर्ति, भण्डारण, वितरणलाई पारदर्शी, मितव्ययी र अनुमान योग्य बनाईनेछ।

६. आवश्यकताको आधारमा मात्र खरिद गर्ने, चाहिने भन्दा बढी खरिद नगर्ने र वार्षिक खरिद गुरू योजना तथा वार्षिक खरिद योजनाको आधामा मात्र खरिद गर्ने व्यवस्था मिलाईनेछ।

७. उपभोक्ता समिति वा अन्य साझेदारबाट जिन्सी सम्पत्ति प्रयोग हुने अवस्थामा उक्त सामानको आम्दानी, अभिलेख, दाखिला वा हस्तान्तरण भए पश्चात मात्र अन्तिम भुक्तानी व्यवस्थापन मिलाउन र भविष्यमा समेत उपयोगको सुनिश्चितता प्राप्त गर्न उपभोक्ता समिति कार्यविधिमा उचित सुधार गर्दै लाने व्यवस्था मिलाईनेछ।

८. कर्मचारी तथा जनप्रतिनिधिमा खरिद सम्बन्धी ज्ञान अभिबृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

९. नागरिकको सार्वजनिक सम्पत्ति प्रतिको धारणामा सकारात्मक परिवर्तन ल्याउन सार्वजनिक पाटीपौवा, मठमन्दिर चौतारा धर्मशाला सार्वजनिक भवन जस्ता क्षेत्रमा नैतिकता विवेक र आचरणमा सुधार हुने खालका सूचनामूलक सन्देश प्रवाह गरिनेछ।

मेलमिलाप तथा न्याय निरुपण

१. सामाजिक न्याय र स्थापित ऐन कानूनमा आधारित भई न्याय सम्पादन प्रक्रियालाई छिटो छरितो र पारदर्शी बनाईनेछ।

२. न्यायिक समितिले सम्पादन गर्ने न्याय निरुपणका कार्यहरुको लागि न्यायिक इजलास निर्माण गरिनेछ।

३. सिन्धुली जिल्लाका सबै स्थानीय तहहरुको सहभागितामा न्यायिक बैठक आयोजना गरी न्यायिक समितिका समस्या र समाधानका लागि अनुभव आदान प्रदान गरिनेछ।

४. न्याय सम्पादन कार्यलाई अझ गुणस्तरीय बनाउन न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता र कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. वडा मेलमिलाप केन्द्रमा विवादका विषयमा छलफल गर्न आवश्यक सामग्री तथा प्रशासनिक खर्चको यथोचित व्यवस्था मिलाइनेछ।

६. जनप्रतिनिधि र कर्मचारीहरुको लागि वडा स्तरीय कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. व्यक्तिगत घटना दर्ताको महत्वबारे समुदायमा व्यापक जनचेतना फैलाउन वडामा गोष्ठी, छलफलतथा सचेतना अभियान, रेडियो, टेलिभिजन, पत्रपत्रिका र सामाजिक सञ्जालमार्फत सूचना प्रसारण, व्यक्तिगत घटना दर्ताको महत्वबारे विद्यालयहरुमा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सहज र सर्वसुलभ बनाउन वडा कार्यालयहरूमा आवश्यक स्रोत-साधनको व्यवस्था गर्दै दुर्गम क्षेत्रका लागि घुम्ती सेवा सञ्चालन गरिनेछ।

३. स्थानीय पञ्जिकाधिकारी तथा अन्य कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम र अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. स्वास्थ्य संस्था, विद्यालय, प्रहरी लगायतका निकायहरूसँग समन्वय गरी व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउन जोड दिइनेछ।

५. ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्ने व्यक्ति वा परिवारलाई सम्मान वा प्रोत्साहन गरिने नीति लिईनेछ।

६. सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी, सरल तथा झन्झटमुक्त बनाउन बैंक खातामा EFT मार्फत सिधै भुक्तानीको व्यवस्थालाई निरन्तरता दिइनेछ।

७. अतिवृद्ध, अपाङ्गता वा अशक्त लाभग्राहीलाई बैंकसँग सम्वन्य गरी वडा कार्यालयबाटै वितरणको व्यवस्था साथै आधारभूत स्वास्थ्य परीक्षण गरिनेछ।

८. वडा कार्यालयसम्म आउन नसक्ने ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि वडाका विभिन्न स्थानमा शिविर मार्फत् सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गरिनेछ।

९. सूचना पाटीमा लाभग्राहीहरुको सूची राखी पारदर्शिता कायम गरी मृत्यु भएका वा दोहोरो भत्ता लिनेको पहिचान गरी अध्यावधिक तथा बायोमेट्रिक प्रणालीको प्रयोग गरी दोहोरोपन हटाइनेछ।

१०. वडास्तरमा गठन गरिएको गुनासो सुनुवाइ समितिलाई सक्रिय बनाई लाभग्राहीहरुको गुनासोलाई सम्बोधन गरिनेछ।

११. स्वेच्छाले भत्ता नलिने लाभग्राहीलाई नगरपालिकाबाट सम्मान गरिनेछ।

आन्तरिक लेखा परीक्षण

१. आन्तरिक कार्य वातावरण व्यस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा पालना गरिने छ।

२. आन्तरिक लेखापरीक्षणा लाई व्यवस्थित गर्दे लेखा व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिदै लगिने छ।

३. आन्तरिक लेखापरीक्षणवाट प्राप्त प्रतिवदेनमा औलाइएका सुझावहरुलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ।

४. सामुदायिक विद्यालयहरुको लेखा प्रणालीलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण कार्यलाई अगाडि बढाइने छ।

५. कार्यपालिकाले तोकेको सीमाभन्दा बढीको भुक्तानीमा अग्रिम आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।

सामाजिक विकास :

शिक्षा

१. संघीय तथा प्रादेशिक शिक्षा नीति एवंम मापदण्ड विद्यमान शिक्षा ऐन, नियमावली र कमलामाई नगरपालिकाको वर्तमान शिक्षा नीति, कानुन तथा योजना बमोजिम सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. नगरपालिका आफैले कोटा सिर्जना गरी विद्यालयहरुमा कार्यरत नगर वालविकास सहजकर्ताहरुलाई उपलब्ध गराउँदै आएको अनुदान रकमलाई आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ।

३. संघीय सरकारले उपलब्ध गराउदै आएको पारिश्रमिकमा नगरपालिकाले बालविकास सहजकर्ता, लेखा सहायक र विद्यालय कर्मचारीलाई प्रोत्साहन स्वरुप दिइदै आएको थप तलव अनुदान रकमलाई पनि आगामी आ.व.मा निरन्तरता दिइनेछ।

४. गत आ.व. देखि नगरपालिकाले आफ्नै स्रोतबाट सामुदायिक विद्यालयहरुको कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरुका लागि दिवाखाजा व्यवस्थापन शीर्षकमा दिइदै आएको अनुदान रकम यस आ.व. मा पनि उपलब्ध गराइनेछ।

५. उच्च शिक्षामा आम नगरवासीको पहुँच वृद्धि एवम् दीगोपनाका लागि सहयोग पुगोसभन्ने उद्देश्यले सामुदायिक क्याम्पसहरु तथा सिन्धुली सामुदायिक टेक्निकल इन्टिच्युटलाई गत विगत आ.ब. देखि दिइदै आएको शिक्षण अनुदानलाई चालु आ.व. मा पनि निरन्तरता दिईनेछ।

६. सञ्चालित कक्षा, तह, विद्यार्थी सङ्ख्या र शिक्षकको अनुपात विश्लेषण गरी शिक्षक दरबन्दी मिलान कार्य गरिने छ। विद्यार्थी संख्या र भौगोलिक दुरीका आधारमा विद्यालय तथा शिक्षक दरबन्दी समायोजन गर्ने र गाभ्ने कार्यलाई निरन्तरता दिइने छ। विद्यालय समायोजन तथा गाभिएको कारण विद्यार्थीहरु पढ्नबाट बञ्चित हुनुपर्ने अवस्था रहे त्यस्ता विद्यार्थीहरुलाई क.न.पा. ५ स्थित नगर आवासीय विद्यालय कमला जन ज्योति मा.वि. सिलामेमा राखेर पठन-पाठनको प्रबन्ध मिलाइनेछ।

७. वृहत विद्यालयको अवधारणालाई कार्यान्वयन गरी गुणस्तरीय शिक्षण सिकाइका लागि सामुदायिक विद्यालय तथा क्याम्पसहरुमा थप विद्यालय वसको प्रबन्ध मिलाइनेछ।

८. नगरपालिका र शैक्षिक सशक्तीकरण केन्द्रको साझेदारीमा सञ्चालित बहुकक्षा बहुस्तर कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ। चालु आर्थिक वर्षमा थप ५ वटा विद्यालयमा MGML कार्यक्रम र केही विद्यालयहरुमा STEAM पद्धति लागू गर्न संघ संस्थाहरुसँग सहकार्य गरिनेछ।

९ शैक्षिक संस्थामा सफा सुन्दर वातावरण निर्माणका लागि बगैंचा एवम गमला निर्माण जस्ता कार्यक्रम सञ्चालन गरी हरित विद्यालय निर्माण गर्न विद्यालयहरुलाई प्रेरित गरिनेछ। फोहरमैला व्यवस्थापन शाखासँग समन्वय गरी फोहोरमैला व्यवस्थापनको लागि सबै सामुदायिक विद्यालयहरुमा डस्टबिन उपलब्ध गराउने नीति लिइनेछ।

१०. युवा पुस्तामा नैतिक आचरण र मानव मूल्य मान्यतालाई अभिवृद्धि गर्न सकारात्मक सोच लगायतका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११. आमा समूह निर्माण गरी आय आर्जनसँग जोडेर बालबालिकालाई शैक्षिक उन्नयनमा सहयोग पुर्याउने नीति अवलम्बन गरिनेछ।

१२. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि सिक्दै कमाउँदै र कमाउदै सिक्दै कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गर्न माध्यमिक विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ।

१३. जोखिममा रहेका बालबालिकाहरुको उत्थान र संरक्षण गर्न क.न.पा. ५ स्थित कमला जन ज्योति मा.बि. सिलामेमा स्थापना गरिएको कमला जन ज्योति मा.वि. आवासीय विद्यालय सिलामे छात्रावास व्यवस्थापन कार्यक्रमलाई चालु आ.व.मा पनि निरन्तरता दिइनेछ।

१४. नवज्योति बहिरा मा.वि. जसेदमार, कमला जनज्योति मा.बि. सिलामे र गौमती मा.वि. माढीबजारमा सुरु गरिएको छात्रवास भवन निर्माणको कामलाई निरन्तरता दिइनेछ।

१५. नमूना विद्यालयको रुपमा स्तरोन्नति गर्ने उद्देश्यले सिद्धवावा मा.वि. पानीट्याङ्कीलाई दिइदै आएको नगर नमूना विद्यालय व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६. प्रसूति बिदामा रहने महिला शिक्षक, बालविकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारीहरुको सट्टामा ३ महिनाको लागि वैकल्पिक स्वयम सेवक शिक्षक कर्मचारीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

१७. शिक्षण सिकाइमा सहजीकरणका लागि कमलामाई नगरपालिकाले तयार पारेको कमलामाईको पहिचान नामक स्थानीय पाठ्यक्रम अनुसारको स्थानीय पाठ्य सामग्रीलाई थप छपाई गरी विद्यालयहरुमा वितरण गर्ने प्रबन्ध मिलाइने छ।

१८. सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरुको समेत सहयोग लिई नगरपालिकाको वर्तमान शिक्षा नीति योजना र शैक्षिक पार्स्व चित्रलाई परिमार्जन गरिनेछ।

१९. बालबालिकाको सरोकार जिम्मे बार स्थानीय सरकार भन्ने नारालाई साकार रुप दिन सार्वजनिक विद्यालयको समग्र शैक्षिक अवस्था सुधारको लागि अध्ययन अवलोकन भ्रमण/अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यलाई थप सहयोग पुगोस भन्ने हेतुले कक्षा ११/१२ सम्म सञ्चालित विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको सहभागितामा विद्यार्थीहरु सँग जनप्रतिनिधि कार्यक्रम पनि सञ्चालन गरिनेछ।

२०. SEE तथा कक्षा ८ को वार्षिक परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको नतिजाको आधारमा विषयगत शिक्षकहरु र सबै भन्दा बढी GPA ल्याउने छात्राहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

२१. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, वाल विकास स.का. तथा सिकाइ केन्द्रका परिचालिकालाई समसामयिक विषयमा पेशागत सहयोग उपलब्ध गराउने उद्देश्यले मागमा आधारित विभिन्न प्रकारको क्षमता विकास सम्बन्धी तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२. आधारभूत तह शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षाको वार्षिक परीक्षा सञ्चालन व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

२३. सामुदायिक सिकाइ केन्द्रलाई मापदण्ड बमोजिम सञ्चालन व्यवस्थापन गरिनेछ। विगत आ.व. देखिनै सिकाइ केन्द्रका परिचालिकाहरुलाई नगरको तर्फबाट दिइदै आएको थपरतलबलाई निरन्तरता दिइनेछ। निष्कृय अवस्थामा रहेको सिकाइ केन्द्रहरुलाई सम्बन्धीत वडा कार्यालयसँग समन्वय गरी अन्यन्त्र स्थानान्तरण गरिनेछ।

२४. विद्यालयको शैक्षिक वातावरण सुधारका लागि विद्युत जडान तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ।

२५. सार्वजनिक विद्यालयमा रहेका ICT प्रयोगशालाहरुमा भएको कम्प्युटरहरुको मर्मत सम्भारमा देखिएको समस्यालाई समाधान गर्न सम्भव भएसम्म विद्यालयहरुलाई मर्मत सम्भारका लागि प्रबिधिक सहायता उपलब्ध गराइनेछ।

२६. शिक्षा क्षेत्रमा युवा पुस्तालाई प्रवेश गराउने उद्देश्यले ३० वर्ष वा सोभन्दा बढी स्थायी सेवा अवधि पूरा गरेका शिक्षक/कर्मचारीहरु लाई आकर्षक प्रोत्साहन प्याकेजको व्यवस्था गरी उल्लिखित प्रकृतिका शिक्षकहरुलाई स्वेच्छिक अवकाश लिन प्रेरित गरिनेछ।

२७. उत्कृष्ट कार्यसम्पादन गर्ने प्रधानाध्यापक तथा शिक्षकलाई पुरस्कार सहित सम्मान गर्ने कार्यसुरु गरिनेछ।

२८. पाठपान्त र क्रियाकलापको रुपमा विद्यार्थीहरुको व्यक्तित्व विकास गर्ने अवसर प्रदान गर्न खेलकुद लगायतका विभिन्न खालका सह-क्रियाकलापका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न विद्यालयहरुलाई प्रेरित गरिनेछ।

२९. हरेक वडामा एउटा अगुवा विद्यालय निर्माणको अवधारणा ल्याई बाँकी अन्य विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रोत्साहित गर्ने नीतिलिइने छ।

३०. विद्यालयहरुमा खेलमैदान व्यवस्थापन, घेराबेरा गर्ने काम, स्वच्छ पिउने पानी एवम फर्निचरको प्रवन्ध मिलाउन वडाकार्यालय तथा संघ/संस्थाहरुसँग आवश्यकता अनुसार सहकार्य गरिनेछ।

३१. संघ/संस्थाहरुको साझेदारी माविद्यालय शिक्षामा विद्यार्थी केन्द्रित प्रविधिमैत्री सिकाइ वातावरण सिर्जनाको लागि कक्षा कोठाको रंग रोगन तथा सजावट सुधारमा जोड दिइने छ।

३२. विद्यार्थीहरुको सामाजिक, मानसिक, संवेगात्मक एवम शारीरिक विकासकालागि थप सहयोग पुगोस भन्ने हेतुले विद्यालयहरुमा बाल क्लव, छात्रा सञ्जाल, जुनियर/युवा रेडक्रस र स्काउट दलको गठन गरी आवद्ध विद्यार्थीहरुलाई समन्वयात्मक ढङ्गले परिचालन गरिने नीति लिइनेछ।

३३. सरोकारवाला संघ/संस्थाहरुको साझेदारीमा विद्यालयहरुमा जोखिम न्यूनीकरणका विविध गतिविधि सञ्चालन गर्ने सन्दर्भमा पूर्व तयारीको रुपमा नमूना अभ्यास लगायतका अन्य प्रशिक्षणात्मक कार्यक्रमहरु आयोजना गरिनेछ।

३४. विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई उपलब्ध गराइने स्यानिटरी प्याड वितरण कार्यलाई उचित प्रबन्ध एवम संघ/संस्थाहरुको सहयोग लिइ हरेक विद्यालयमा छात्राहरुको सुविधाका लागि आराम कक्षको व्यवस्था गरिनेछ।

३५. नगर अन्तर्गत सञ्चालित विद्यालयहरुको शैक्षिक कार्यक्रममा एकरुपताको लागि शैक्षिक क्यालेन्डर छपाई गरी बितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३६. वरिष्ट तथा स्थायी शिक्षकहरु मध्येबाट प्रधानाध्यापक व्यवस्थापनको लागि शिक्षा ऐन तथा नियमावली अनुसार कार्यसम्पादन करार सम्झौता गरी माध्यमिक तहका विद्यालयमा नेतृत्व व्यवस्थापन गरिनेछ।

३७. शिक्षक तथा कर्मचारी छनौट प्रक्रियालाई अझ व्यवस्थित र वैज्ञानिक बनाउन विद्यमान कार्यविधिहरुमा समयानुकूल परिमार्जन/संशोधन गरिनेछ।

३८. विद्यालयमा विद्यार्थीहरुसँग शिक्षक लग बुक राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

३९. समावेशी शिक्षा नीति, २०७३ लाई आत्मसात गर्दै विद्यालयमा लैंगिक तथा अपाङ्गता मैत्री वातावरण सिर्जनाको लागि विशेष ध्यान दिइनेछ।

४०. विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई Carrier Counseling सम्बन्धी ज्ञान दिई भविष्यको योजना बनाउन सहयोग पुर्याउने उद्देश्यले सरकारी तथा गैरसरकारी निकाय समेतको सहकार्यमा वृत्ति विकास मार्गचित्रका विषयमा अभिमुखीकरण गरिनेछ।

४१. कमलामाई साक्षरता सुधार एवम गुणस्तरीय शिक्षा सुनिश्चितता सम्बन्धी परियोजना निर्माणको लागि चालु आ.व. मा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य अगाडि बढाइनेछ।

४२. नगरभित्रका सामुदायिक क्याम्पसहरुमा विद्यार्थीहरुको वर्तमान आवश्यक्तालाई सम्बोधन हुने खालका विषय राखेर अध्यापन गराउने प्रयोजनका लागि नगरपालिकाको समन्वयमा क्याम्पसहरुको अध्ययन तथा सुझाब उपलब्ध गराउन एक सहजीकरण समिति गठन प्रक्रिया अगाडि बढाइनेछ।

सामाजिक विकास तथा बहुक्षेत्रीय पोषण

१. विपन्न नागरिक लक्षित स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार गरी निरपेक्ष गरिबीको रेखामुनी रहेका एवं शहिद, बेपत्ता र जनआन्दोलनमा घाइते भएका परिवारलाई निःशुल्क स्वास्थ्य विमामा आबद्ध गरिनेछ।

२. अपाङ्गता भएका नगरवासीलाई क्रमशः निःशुल्क स्वास्थ्य विमामा आबद्ध गर्दै लगिनेछ।

३. बेवारिसे अवस्थामा फेला परेका जुनसुकै व्यक्तिलाई तत्काल उद्दार तथा राहत दिन सकिने गरी आपतकालीन उद्धार कोषको सञ्चालन र व्यबस्थापन गरिनेछ।

४. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यबस्थित बनाउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई व्यबस्थित गर्दै यसमा साझेदारीका रुपमा जनचेतनामुलक तथा सीपमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. गरिवी निवारण कोष कार्यक्रमद्वारा स्थापित सामुदायिक संस्थाहरुको तथ्याङ्क अद्यावधिक गरी तिनलाई स्वरोजगार मुलक एवं सामुदायिक विकासका गतिविधिमा सक्रिय गराइनेछ।

६. गरिवी निवारण कोष कार्यक्रमद्वारा स्थापित संस्थाहरुलाई क्रियाशील बनाई स्वरोजगार र उद्यमशीलता प्रबर्द्धनमा जोडिनेछ।

७. युवाहरुमा सिर्जनात्मक क्षमताको विकास गरी सीपमुलक र व्यबसायिक तालिम मार्फत स्वरोजगार अभिवृद्धि गर्ने नीति लिइनेछ।

८. दलित समुदाय सीप विकास कार्यक्रम नगर स्तरीय रुपमा सञ्चालन गरिनेछ।

९. हिंसा पीडित महिला तथा बालबालिकाको संरक्षणका लागि स्थापित सुरक्षित आवास गृह (सेफ हाउस)को सञ्चालन र व्यबस्थापनमा थप सुधार र सहकार्य गर्दै लगिनेछ।

१०. सिन्धुली अस्पतालमा सञ्चालित एकद्वार संकट व्यबस्थापन केन्द्र (OCMC) लाई प्रभावकारी बनाउनका लागि आवश्यक सहयोग गरिनेछ।

११. नगरपालिका भित्रका टोल विकास संस्था गठन नभएका स्थानहरुमा टोल विकास संस्था गठन गर्ने र गठन भईसकेका टोल विकास संस्थाहरुलाई व्यबस्थित गर्दै लगिनेछ।

१२. टोल विकास संस्थालाई नगरपालिका भित्रका सरसफाईका कार्यक्रम, जनचेतना अभिवृद्धि, सामुदायिक मेलमिलाप एवं विकास निर्माणका कार्यमा बढी भन्दा बढी आवद्ध गर्ने नीति अबलम्बन गरिनेछ।

१३. विविध कारणवश मृत्यु भएका नगरवासी व्यक्तिका परिवारलाई सान्त्वना दिन नागरिक समवेदना कार्यक्रम सञ्चालन गरिनेछ।
१४. विभिन्न निकाय एवं संस्थाहरुसँगको साझेदारीमा विविध कार्यक्रम सञ्चालन गरिने छ।
१५. परम्परागत लोक संस्कृति तथा बाजागाजाको संरक्षण र प्रबर्द्धन गरी तिनलाई सामाजिक, सांस्कृतिक ऐक्यबद्धता कायम गर्न प्रयोग गरिनेछ।
१६. लक्षित वर्ग, समुदाय र जनजातिको हित तथा उत्थानको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।
१७. महिला, बालबालिकाको पोषणको अवस्था सुधार गर्न कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषण सुधारको अभियानलाई तीब्रता प्रदान गरिनेछ।
१८. सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन कार्यक्रम संञ्चालन गरिनेछ।
१९. बालबालिका, किशोरी र महिलाहरुको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा बहुक्षेत्रीय पोषण कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
२०. आमा समूह, किशोरी समूह, युवा क्लव, विद्यालय, टोल विकास संस्था एवं अन्य संघ संस्थाहरुको सहकार्यमा पोषण सचेतना सम्बन्धी कार्यक्रमहरु संञ्चालन गरिनेछ।
२१. गर्भवती महिला, सुत्केरी आमा तथा शिशुको पोषणलाई ध्यान दिदै पोषण कोशेली कार्यक्रम संञ्चालन गरिनेछ।

स्वास्थ्य

१. स्वास्थ्य सेवालाई सबैको पहुंच हुने गरी गुणस्तरीय र प्रभावकारी सेवा उपलब्ध गराईने छ।
२. औषधि तथा उपकरणको उपलब्धतामा बृद्धि गरिनेछ।
३. स्वास्थ्य क्षेत्रमा सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एवं सहकार्यलाई बढाईनेछ।
४. प्रतिकारात्मक सेवा, प्रबर्धनात्मक सेवा उपचारात्मक सेवा पुनर्स्थापनात्मक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु बनाईने छ।
५. नसर्ने रोगको प्रकोपको न्युनीकरणको लागि स्वास्थ्य प्रबर्धनात्मक सेवामा विशेष जोड दिई निदानात्मक र उपचारात्मक सेवालाई विस्तार गरिनेछ।
६. स्थानीय स्तरको आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी वनाईदै लगिनेछ।
७. पूर्ण खोप सुनिश्चितता तथा दीगोपनालाई कायम गर्दै सबै वडाहरुमा हरेक बर्ष खोपको समीक्षा गरिने र खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिईनेछ।
८. पोषण विशेष कार्यक्रमलाई विस्तार गरी थप प्रभावकारी बनाईनेछ।
९. गर्भवती पूर्ण जांच एवं पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिनेछ।
१०. आकस्मिक प्रसुति सेवालाई व्यबस्थित तथा थप जिम्मेवार बनाउन प्रसुति केन्द्र बाट थप आवश्यक उपचारको लागि प्रेषण गर्नु परेमा एम्बुलेन्स खर्च सोध भर्ना गरिनेछ।
११. प्राकृतिक प्रकोप एवं विपत्तिको कारण मृत्यु भएका विपन्न नागरिकहरुलाई निःशुल्क शव वाहन उपलब्ध गराईने छ।
१२. क्षयरोग मुक्त नगरपालिका अभियान कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१३. स्वास्थ्य सेवाको पंहुच बाट टाढा रहेका वडा तथा समुदायमा विशेषज्ञ चिकित्सक द्वारा स्वास्थ्य शिविर सञ्चालन गरिने छ।
१४. विगतमा प्रदान गरिदैं आएको महिला स्वास्थ्य स्वयं सेविकाको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ।
१५. स्वास्थ्य संस्थाको लागि आवश्यक औजार, उपकरण खरिद तथा व्यबस्थापनको लागि उचित बजेट व्यबस्थापन गरिनेछ।
१६. यस नगरपालिका बाट स्वास्थ्य संस्थामा लैजाने औषधि, खोप तथा स्वास्थ्य सामग्रीको समेत ढुवानीको व्यबस्था मिलाईनेछ।
१७. जेष्ठ नागरिकलाई कृत्रिम दांत राखिदिने र मोतिविन्दुको निःशुल्क शल्यक्रियाको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
१८. एच. आई. भी. संक्रमितलाई पोषण भत्ताको व्यबस्था गरिनेछ।
१९. गरिव विपन्न वर्गको परिवारलाई निःशुल्क उपचारमा सहयोग गरिनेछ।
२०. स्वास्थकर्मीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक तालिमको व्यबस्था गरिनेछ।
२१. स्वास्थ्य संस्थामा सुत्केरी सेवा प्रदान गर्ने सेवा प्रदायकलाई प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गरिनेछ।

२. लैस सास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, सन्धि सम्झौता, दीगो विकासको लक्ष्य र नगरपालिकको लैङ्गिक नीति कार्यान्वयन गरी मूलप्रवाहीकरण गर्ने।

३. लैङ्गिक हिंसा निवारणका लागि पुरुष सहभागिता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४. नगरपालिकामा स्थापित लैंङ्गिक हिंसा निवारण कोषको प्रभावकारी परिचालन गरिनेछ।

५. नगरपालिकाका महिला जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि नेतृत्व तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६. जोखिममा रहेका बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुको उद्दार गरी पुनर्स्थापना गराउनका लागि विविध कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ साथै हिंसा प्रभावित महिला बालबालिका अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुका लागि तत्काल सेवा प्रदान गर्न एकजना मनोविमर्शकर्ताको व्यवस्था मिलाईनेछ।

७. बालमैत्री वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८. आपतकालीन बाल उद्दार कोषको प्रभावकारी परिचालन गरिनेछ।

९. अपाङ्गता भएका व्यक्तिका अभिभावक र स्याहारकर्ताहरुका लागि विशेष तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०. अपाङ्गता सहायता कक्ष स्थापना तथा सहायक सामग्री वितरण कार्यलाई निरन्तरता दिईनेछ।

११. अपाङ्गता परिचय पत्र वितरणको लागि घरदैलो कार्यक्रमलाई निरन्तरता दिईने छ।

१२. ज्येष्ठ नागरिकहरुको पोषण, स्वास्थ्य र सम्मानका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३. किशोरीहरुको लागि जिवनोपयोगी सीप तथा प्रजनन स्वास्थ्य तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१४. अपाङ्गता भएका व्यक्तिहरुको लागि सीपमूलक तालिम कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

१५. गरिव, असहाय तथा आमा बुवा विहीन बालबालिकाहरुलाई सहयोग तथा संरक्षणका कार्यक्रम ल्याईनेछ।

१६. महिला आयआर्जनका लागि वडास्तरीय कार्यक्रम सञ्चालन गरी महिलाहरुको आत्मनिर्भरता अभिवृद्धि गरिनेछ।

१७. घरेलु उद्योग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको दर्ता तथा नवीकरणमा लाग्ने करमा महिला द्वारा संचालितलाई २० प्रतिशत र अपांगद्धारा संचालितलाई ५० प्रतिशत छुट दिईनेछ।

१८. नगरकार्यपालिकाको कार्यालय र सो माताहतका कार्यालयहरुलाई यथाशक्य लैङ्गिकमैत्री कार्यालयको रुपमा रुपान्तरण गरिनेछ।

१९. सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्री तथा स्तनपान कक्षको अनिवार्य निर्माण गरी सेवा प्रदान गर्ने नीति अख्तियार गरिनेछ।

२०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आचारसंहिता निर्माण गरी लागू गरिनेछ।

२२. अन्धविश्वासमा आधारित विभेदकारी मूल्य, मान्यता, कुसंस्कार विरूद्ध जनचेतना अभिवृद्धि गरी सामजिक दृष्टिकोण परिवर्तन गर्दै लैगिङ्क तथा समाजिक समावेशितामा आधारित सभ्य समाज निर्माण गरिने छ।

२३. महिला,बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका क्षेत्रमा संचालित कार्यक्रमहरूको समीक्षा गर्दै प्राप्त सुझाव अनुसार समयानुकूल प्रभावकारी बनाउदै लगिनेछ।

२४. सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गरिने छ।

खेलकुद :

१. खेलकुदको पहिचान संरक्षण, व्यावसायीकरण तथा खेलाडी उत्पादन एवं विकासका लागि नगरका सबै वडाहरुमा आवश्यकता अनुसार खेलकुद प्रतियोगिता सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

२. नगरपालिका तथा वडा स्तरीय यूवा तथा खेलकुद विकास समितिको क्षमता विकासमा जोड दिइने छ।

३. गत विगत आ.व.हरुमा सञ्चालन गरिदै आएका मेयर/उपमेयर कप लगायत अन्य खेलकुद प्रतियोगिताहरुलाई चालु आ.व.मा पनि निरन्तरता दिइने छ।

४. नगरपालिकाका उत्कृष्ट खेलाडीहरुलाई स्थानीय तह वा प्रदेश खेलकुद प्रतियोगितामा भाग लिने अवसरको सिर्जना गरिने छ। नगर क्षेत्र भित्रका राष्ट्रिय अन्तराष्ट्रिय पदक प्राप्त गर्न सफल एंव उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

५. नगरभित्रका खेलाडीको पहिचान गरी उचित तालिमको माध्यमबाट व्यावसायिक खेलाडी उत्पादन गर्ने निति लिइने छ। विभिन्न खेलका लागि रोस्टर प्रशिक्षक तयार पारी घुम्ती रुपमा आवश्यक स्थानमा परिचालन गरिने छ।

६. नगर खेलकुद विकास समितिको कार्यालयलाई अझ व्यवस्थित बनाइ दैनिक सेवा प्रवाह गर्ने प्रवर्द्धन मिलाइने छ। नगर खेलकुद विकास समितिका संयोजकलाई कार्य बोझको आधारमा थप प्रोत्साहित गर्न सेवा सुविधामा बढोत्तरी गर्ने निति लिइनेछ।

७. खेलकुद क्षेत्रको समुचित विकास गर्न व्यवस्थित खेल मैदान निर्माण, मर्मत सम्भार र सिकाई प्रतियोगिता आदिको आयोजना गरिनेछ।

८. खेलकुद क्षेत्रलाई प्रोत्साहित र आकर्षणयुक्त बनाउन विभिन्न क्लव एंव विद्यालयहरुलाई खेलकुद सामग्री वितरण गर्ने कार्यलाई चालु आ.व.मा पनि निरन्तरता दिइनेछ।

९. राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यलाई विशेष प्राथमिकता दिइनेछ। विद्यालय तथा जिल्लास्तरमा सञ्चालन हुने प्रतियोगिताका लागि आवश्यक बजेटको प्रवन्ध मिलाइनेछ।

पर्यटन क्षेत्रको व्यवस्थित विकास गरी नगरपालिकाको आय अभिवृद्धिका लागि एकीकृतपर्यटन विकास गुरुयोजना तर्जुमा गरिनेछ

१. नगरक्षेत्रका पर्यटन पदमार्गहरु नक्सांकन गरी एकअर्को पदमार्गलाई संयोजन गर्न क्रमशः पूर्वाधार विकास गर्दै लगिनेछ।

२. नगरक्षेत्रको पर्यटन विकास तथा प्रवर्धनका लागि संघ, प्रदेश, विभिन्न संघसस्था, निजी क्षेत्र तथा नागरिक समेतको सहभागिता र साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

३. ऐतिहासिक तथा धार्मिक महत्व बोकेको कमलामाई मन्दिर क्षेत्रले उपयोग गरेको भूमिलाई विस्तार गरी मनोरञ्जन तथा धार्मिक पर्यटन पुर्वाधारहरु निर्माण गरिनुका साथै माइशिरसम्म पुग्ने पहूँच मार्गलाई स्तरोन्नति गरिनेछ।

४. त्र्यम्बकेश्वर गुफाको स्तरोन्नति गर्दै गुफासम्मको पहुँच सहज बनाउँन पूर्वाधारहरु निर्माण गरी चियाबारी बजारबाट त्र्यम्बकेश्वर महादेवस्थान सम्मको बाटोको स्तरोन्नति गरिनेछ।

५. नगर क्षेत्रको पर्यटकीय गन्तब्यहरु समेटिएको बृत्तचित्र निर्माण गरी प्रचार प्रसार गरिनेछ।

६. निजी क्षेत्रसँगको साझेदारीमा एकीकरण फेस्टिभल (Unification Festival) आयोजना गरिनेछ साथै नगर क्षेत्रमा सञ्चालन /आयोजना हुने विभिन्न मेला महोत्सव लाई व्यवस्थापन गर्न आवश्यक कानुन तथा कार्यविधि निर्माण गरिनेछ।

७. नगरपालिकाको वडा नं. ५ स्थित ऐतिहासिक भूमि जीतपुरमा विजय स्मारक स्थापना गरिनेछ।

८. सिन्धुलीगढी स्थित गढी दरवारमा राणाकालिन प्रशासन झल्किने ऐतिहासिक वस्तुहरुको संग्रहालय स्थापना गरिनेछ।

९. ढुङ्गेभन्ज्याङ्ग पर्यटकीयस्थलको नामाकरण गरी उपयुक्त स्थानमा रक क्लाइम्वीङ्ग (Rock Climbing) सञ्चालनका लागि प्रक्रिया अगाडि बढाईनेछ।

१०. सिन्धुलीगढी क्षेत्रमा भएको हिलस्टेसनमा सुविधा थप गरी सञ्चालनमा ल्याइनेछ।

११. नगरपालिकाको वडा नं.१४ चन्दनपुर क्षेत्रमा दनुवार कल्चर सेण्टर स्थापना गर्ने प्रक्रिया सुरू गरिनेछ।

१२. नगरपालिकाको वडा नं. २ स्थित सरस्वती छाँगोलाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ।

१३. चँदाहा र कमला नदीको दोभानमा रहेको मनोरञ्जनस्थल (Recreational Centre) मा थप व्यवस्थाहरु (Features) निर्माण गर्दै लगिनेछ।

जलवायु परिवर्तन र विपद व्यवस्थापन

१. जलवायु परिवर्तनका कारक तत्वहरुको सम्बन्धमा टोल विकास संस्थाहरुलाई अभिमुखीकरण गरी सुसुचित गर्दै अनुकूलनका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

२. सिमसार क्षेत्रको अतिक्रमणलाई नियन्त्रण गर्दै वढ्दो वस्ती तथा जमिन मुनिको पानी तान्ने गतिविधिलाई न्यूनीकरण गरिनेछ। प्रत्येक वडाहरुमा न्युनतम् २ वटा रिचार्ज पोखरी निर्माण गर्न अभिप्रेरित गरिनेछ ।

३. वर्षापानी संकलन व्यवस्थापनको लागि उपयुक्त स्थानमा वर्षापानी संकलन पोखरीहरू निर्माण गरिनेछ।

४. विपद उद्धार राहत सामग्रीहरुको व्यवस्थापनलाई प्रभावकारी बनाई उक्त कार्यमा नगरपालिकाको क्षमता अभिबृद्धि गर्दै लगिनेछ।
५. राहत प्याकेज वितरण कार्यलाई ३ घण्टाको अवधि भित्र सक्ने संयन्त्र निर्माण गरिनेछ।
६. प्रत्येक वडामा न्यूनतम् ४ वटा राहत उद्धार टोली गठन गरी क्षमता अभिबृद्धि गर्दै परिचालन गरिनेछ।
७. नदीजन्य पदार्थको उत्खनन्, तथा बन्दोवस्तको कार्यमा पर्यावरणमैत्री प्रविधि अनिवार्य गरिनेछ।
८. सडक, कुलो, वाँध तथा चौतारा निर्माणमा वायो इन्जिनियरिङ्ग लाई अनिवार्य गर्दै लगिनेछ।
९. टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरी पर्यावरणमैत्री तथा विपद उत्थानशील बनाउदै लागिनेछ।

वातावरण तथा सरसफाई

१. पूर्ण सरसफाई युक्त वडा घोषणा अभियानलाई निरन्तरता दिइनेछ।
२. टोल विकास संस्थाहरुको सरसफाई स्वभाव लेखाजोखा गर्न आवश्यक सूचकहरु तयार गरी मूल्याकन गरिने र मूल्यांकनबाट प्राप्त नतिजा अनुसार टोल विकास संस्थाहरुलाई बस्तुगत सहयोग उपलब्ध गराईनेछ।
३. घर बाहिर गरिने फोहोर लाई न्यूनीकरण गर्न ब्यक्तिले गर्ने ठोस फोहोर संकलन प्रक्रियालाई जवाफदेही र जिम्मेवार बनाउन प्रचलित अन्तर्राष्ट्रिय अभ्यास आफूबाट सिर्जना हुने ठोस फोहोरलाई आफ्नै घरमा लैजाने (Walk your garbage home) लाई अंगिकार गरिनेछ।
४. माध्यमिक विद्यालयहरुमा गठित वातावरण सरोकार समूह (ENCO Club) हरुलाई सक्रिय बनाउन कार्यक्रम र बजेट व्यवस्था गरिनेछ।
५. फोहोरको बर्गीकरण भान्साबाटै सुरू गर्ने व्यवस्था मिलाउनका लागि सम्बन्धीत टोल विकास संस्थासँग सहकार्य गरिनेछ।
६. नेपाल सरकारले तोकेको मोटाई भन्दा कम ईकाइका प्लास्टिक जन्य सामग्रीहरुलाई नगरक्षेत्र भित्र पूर्ण रुपमा बन्देज गरिनेछ। प्लाष्टिकका तोरणहरु, मालाहरु बिक्री वितरण तथा सार्वजनिक स्थलमा टाँग्न बन्देज गरिनेछ।
७. सार्वजनिक स्थलमा टाँगिने सूचना सामग्रीहरु तोकिएको समयभन्दा वढी राखेमा त्यस्तो कार्यलाई जरिवानाको दायरामा ल्याइनेछ। सूचना टाँग्ने निकायले नै तोकिएको समयावधि पुरा भएपछि उक्त सूचनाहरु अनिवार्य रुपमा हटाउन लगाईनेछ।
८. प्लाष्टिकका बोटलहरु लगायत अन्य प्लास्टिकजन्य सामग्रीहरुलाई पोका पार्न (Binding) आवश्यक व्यवस्था गरिनेछ।
९. कमलामाई नगरपालिकाका मुख्य बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय तथा स्नानागार निर्माण तथा सञ्चालन गरिनेछ।

पूर्वाधार विकास

१. पूर्वाधार विकास तथा समग्र नगरको दीगो र योजनाबद्ध विकासका लागि अति आवश्यक आवधिक योजना (Periodic Plan) तयार गरी विकास निर्माणका क्रियाकलापहरुलाई पूर्वानुमान योग्य बनाइनेछ।
२. विकासको मेरुदण्डको रुपमा रहेको सडक पूर्वाधार निर्माणलाई व्यवस्थित बनाउनका लागि नगर यातायात गुरुयोजना (MTMP) तयार गरी कडाईका साथ कार्यान्वयन गरिनेछ।
३. नगरपालिकाको पूर्वाधार विकासमा अन्तरनिकाय समन्वय कायम गरिनेछ, पूर्वाधार विकासमा रहेको दोहोरोपना हटाई भौगोलिक सन्तुलन कायम गर्दै शहरी र ग्रामीण क्षेत्रमा आनुपातिक रुपमा सहभागिता हुने गरी साझेदारी मार्फत पूर्वाधार विकासका क्रियाकलाप सञ्चालन गरिनेछ।
४. ठूला र नगरले गौरब गर्ने खालका योजनाहरुको सञ्चालनमा जोड दिइनेछ। त्यस्ता योजनाहरुको लागि पर्याप्त बजेट व्यवस्थापन गरिनेछ साथै विगत र चालु आर्थिक वर्ष मा सञ्चालन भइ अधुरा रहेका पूर्वाधारतर्फका योजनाहरु सम्पन्न गर्न जोड दिइनेछ।
५. नगरको प्राथमिकतामा परेका योजनाहरुलाई निरन्तरता दिइनेछ साथै नगरवासीहरुलाई महसुस हुने तथा रोजगार सिर्जना हुने पूर्वाधार निर्माणमा जोड दिइनेछ।
६. निर्धारित मिति पछाडि योजना सम्झौता गर्ने र योजनाको दायित्व अर्को वर्षमा सार्ने प्रवृत्तिलाई निरुत्साहित गर्नका लागि **"उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१"** मा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरु समयमा नै कार्यान्वयन सुरु गरी बैशाख मसान्त सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ भने संघ तथा प्रदेश सरकारसँगको लागत साझेदारीमा सञ्चालन हुने गरी स्वीकृत योजनाहरुको समयमा नै ठेक्का व्यवस्थापनको कार्य अगाडि बढाइनेछ।

७. वडामा सञ्चालन हुने योजनाहरुलाई व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गरी गुणस्तर कायम गर्न योजना सञ्चालनको क्रममा सुरु देखि अन्तिमसम्म वडामा कार्यरत प्राविधिक जनशक्तिलाई सशक्त रुपमा परिचालन गरिनेछ।

८. समग्र योजना तथा कार्यक्रमहरुको अनुगमनका लागि वडा/नगर स्तरीय अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ।

९. बाह्रै महिना सञ्चालनहुनेगरी सडकहरु स्तरोन्नति गर्दै जाने कार्यलाई प्राथमिकतामा राखिनेछ। सडक मर्मत तथा स्तरोन्नति गर्दा स्ट्रक्चर निर्माणमा जोड दिई मुख्य सडकहरु पक्की गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।

१०. सामुदायिक वन समुहसँगको सहकार्यमा पानीका स्रोतहरु पहिचान गरी मुहान संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राख्दै पुराना पोखरी तथा नयाँ पोखरी पुनःनिर्माण एवं निर्माण कार्यमा जोड दिइनेछ।

११. स्वच्छ खानेपानीको समस्या भएका टोल, वस्तीमा विभिन्न संघ संस्थाहरुको साझेदारीमा खानेपानी तथा सरसफाई आयोजना सञ्चालन गरिनेछ।

१२. गत विगतमा सञ्चालनमा रही हाल विभिन्न कारणले अवरुद्ध रहेका सिँचाई कुलोहरुको मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याइनेछ।

१३. उज्यालो नगर कार्यक्रम अन्तर्गत नगरका विभिन्न मुख्य चोकहरुमा हाइमास्ट लाइट, स्ट्रिट लाइट तथा सि.सि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ।

१४. नेपाल विद्युत प्राधीकरण, सिन्धुली वितरण केन्द्रको समन्वयमा सडकमा परेका विद्युत पोल व्यवस्थापन एवं मुख्य बजार क्षेत्रमा विद्युत तारहरु अण्डर ग्राउण्ड गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

१५. नदी, खोला, खहरे लगायतले जोखिममा परेका कृषिजन्य भूमि, वस्ति लगायतका क्षेत्र संरक्षण गर्न विभिन्न निकायहरुसँगको समन्वयमा आवश्यक वजेट विनियोजन गरी तटबन्धको कार्य गरिनेछ।

१६. सामुदायिक भवन निर्माणका लागि भवनको पूर्ण उपयोगिता सुनिश्चित गरी वहुउपयोगी भवनहरु निर्माणमा जोड दिइनेछ भने आफ्नै जग्गाधनी प्रमाणपूर्जा भएका संघ, संस्थाहरुलाई मात्र भवन निर्माण गर्न वजेट व्यवस्था गर्ने नीति लिइनेछ।

१७. नगरक्षेत्रभित्रका बाल उद्यान, व्यायामस्थल, खेल मैदान, पार्क निर्माण, मर्मत एवं स्तरोन्नति कार्यलाई निरन्तरता दिदै खम्बेचौर खेलमैदानलाई व्यवस्थित बनाउने कार्यलाई प्राथमिकता दिइनेछ।

१८. वि. पि. राजमार्ग अन्तर्गत शान्तिनगर चोकमा उद्यान निर्माण गरी सडक सम्बन्धी अध्यावधिक सूचना प्रणाली स्थापना गर्नको लागि दातृ निकायसँग समन्वय गरिनेछ।

१९. शहरी विकास तथा घर नक्सा शाखाबाट आ. व. २०८२-०८३ को नीति तथा कार्यक्रम।

२०. स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय भवन संहिता तथा अन्य प्रचलित कानुनका आधारमा वस्ती विकास तथा भवन निर्माण मापदण्ड, २०७२ मा आवश्यक संशोधन गरिनेछ।

२१. शहरी विकास तथा भवन निर्माण शाखाबाट प्रवाह हुने सेवालाई सरल सहज र सेवाग्राहीमैत्री बनाउन भवन निर्माण मापदण्डका सम्बन्धमा अभिमुखीकरण गरिनेछ।

२२. सम्पूर्ण सार्वजनिक तथा सरकारी भवनहरुलाई नक्शापासको दायरामा ल्याईनेछ। नगरपालिकाको बजेटबाट निर्माण हुने सबै किसिमका भवन निर्माण गर्नु पूर्व नक्शापास गर्ने व्यवस्था मिलाईनेछ।

२३. वातावरण प्रदुषणलाई न्यूनीकरणका लागि हरियाली तथा स्वस्थ शहर निर्माण गर्न भवन निर्माण सम्पन्न प्रमाण पत्र लिनु पूर्व घरधनीले आफ्नो जग्गामा वा नगरपालिकाले तोकेको स्थानमा रुख बिरुवा रोपी हुर्काउने प्रतिबद्धता जनाउने व्यवस्था अनिवार्य गरिनेछ।

२४. निर्माणाधीन भवनको नियमन तथा सार्वजनिक जग्गा र बाटोको सुरक्षा गर्न अनुगमन, निरीक्षण र नापजाँचको कार्यलाई तीव्रता दिईनुका साथै अन्य स्थानीय तहको अनुभव र असल अभ्यास आदान-प्रदानबाट सीप तथा क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाईनेछ।

२५. नगरपालिका अन्तर्गत रहेका इन्जिनियर, आर्किटेक्ट तथा डिजाइनरहरुलाई सूचीकृत गराई भवन डिजाइन, निर्माण सुपरभिजन तथा भौतिक योजना सम्बन्धी काम गरिनेछ।

२६. नगरपालिकामा सूचीकृत रहेका निर्माण व्यवसायीहरुले मात्र भवन निर्माण सम्बन्धी काम गर्ने व्यवस्था लागू गरिनेछ।

२७. घर नक्सा पाससँग सम्बन्धीत प्रमाणहरु सूरक्षित राख्न डिजिटाइजेसन गरिनेछ।

सूचना प्रविधि

१. नगर क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु जडित इन्टरनेट सेवालाई थप गुणस्तरीय बनाउदै लगिनेछ।

२. नगरपालिकाले गर्ने हरेक सेवालाई प्रभाबकारी एवंम पारदर्शी बनाउन आधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिदै यसको विस्तार गरिनेछ।

३. सार्वजनिक ठाउँमा निःशुल्क इन्टरनेट सेवालाई विस्तार गरिनेछ।

४. सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आवद्ध गरी छिटो छरितो, गुणस्तरीय र पारदर्शी बनाउँदै लगिनेछ।

५. समाजिक सञ्जाल र अनलाइन मिडियालाई आम जनताको चेतना अभिवृद्धिका लागि सदुपयोग गर्न आम संचार मध्यमसँग सहकार्य गरिनेछ।

६. सरकारी एकीकृत डेटा सेन्टर (GIDC) मा डाटाहरु सुरक्षित राख्न सम्बन्धीत निकायहरुसँग आवश्यक समन्वय गरिनेछ।

७. नगरपालिकाका विभिन्न शाखा, उपशाखा र इकाईहरुमा नवीनतम् प्रविधि तथा उपकरण जडान गरी सेवा प्रवाहलाई सरलीकृत गरिनेछ।

८. नगरपालिकाको काम-कारवाही तथा जानकारी / सूचनाहरु प्रचार प्रसार गर्न स्थापन गरिएको डिजिटल डिस्प्ले बोर्ड अन्य स्थानहरुमा समेत विस्तार गरिनेछ।

९. नगरपालिकाबाट सूचना प्रविधिको प्रयोगबाट हुने सूचना प्रवाहलाई वडास्तरसम्म विकेन्द्रित गरिनेछ।

१०. कर्मचारीहरुलाई सूचना प्रविधि तथा ई-गभर्नेन्स सम्बन्धी तालिमको व्यवस्था गर्दै लगिनेछ।

११. जनप्रतिनिधि र कर्मचारीहरुलाई कृतिम बौद्धिकता (AI) सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१२. वडास्तरमा सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. नेपाल सरकारले स्वीकृत गरेको र प्रयोगमा ल्याएको विभिन्न सफ्टवेयरहरु सञ्चालनमा ल्याईनेछ।

खण्ड ३
कमलामाई नगरपालिकाको आ.व. २०८२/८३ को बजेट वक्तव्य

कमलामाई नगरपालिका, नगरसभाको सोह्रौं अधिवेशन वैठकका अध्यक्ष एवं प्रमुखज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू, सभामा उपस्थित नगरसभा सदस्यज्यूहरु, उपस्थित नगरपालिकाका कर्मचारीहरु, सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

१. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा७१ बमोजिम कमलामाई नगरपालिकाको उप-प्रमुखको हैसियतले यस गरिमामय सभा समक्ष कमलामाई नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समृद्धिका लागि आफ्नो जीवनको आहुति गर्नु हुने अमर शहीदहरू प्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्दै विभिन्न राजनैतिक/समाजिक आन्दोलनका क्रममा घाइते हुन पुगेका नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु। आजको यस संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ राजनीतिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनताप्रति हार्दिक आभार र सम्मान व्यक्त गर्दछु।

३. नेपालको संविधानले परिकल्पना गरेको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्यअनुरुप **समृद्ध कमलामाई नगर पालिका, सुखी नगरवासी**को आकांक्षा पूरा गर्न कमलामाई नगरपालिकाको आर्थिक, सामाजिक रुपान्तरणका लागि सामाजिक न्याय र आर्थिक समृद्धिको मार्गमा अगाडि बढ्न दिशा निर्देश गरेको छ।

४. यस बजेटले नगरपालिकाको आर्थिक गतिविधिमा देखिएका चुनौतिहरुको सम्बोधन गर्न उत्पादन, रोजगारी र आम्दानीका क्षेत्रहरुमा केन्द्रित गरी नगरपालिकाका नागरिकमा विकास र समृद्धिको आशा पूरा गर्ने आत्मविश्वास जगाउँने दस्तावेजको रुपमा लिइएको छ।

५. नगरपालिकाले वडागत बजेट विनियोजनलाई उच्च प्राथमिकता दिदै आएको छ र यस वर्ष पनि यसलाई निरन्तरता दिइएको छ। जनताले नजिकबाट महसूस हुने गरी बजेट विनियोजन, कार्यान्वयन र अनुगमनमा जनसहभागिताको सुनिश्चितता गराउँनेछ र विकासप्रति अपनत्व बढाउनेछ भन्ने मैले आशा एवं विश्वास लिएको छु।

६. नगरपालिकाले विभिन्न विषयगत एवं शाखागत बजेट विनियोजन गरेको छ। यस प्रकारको बजेटको प्रभावकारी कार्यान्वयन गर्नका लागि म सबै शाखा, उपशाखा र इकाईहरुलाई सरोकारवाला तथा सम्बन्धीत वडा कार्यालयहरुसँग समन्वयर सहकार्य गरी प्रभावकारी रुपमा बजेट कार्यान्वय नगर्न जोड दिन चाहान्छु। यसको प्रभावकारिताको पृष्ठपोषण लिदै आउँदा दिनमा थप व्यवस्थित गर्दै लगिनेछ।

७. नगरपालिकाले आफ्नो स्रोत साधनको उच्चतम् उपयोगमा प्राथामिकता दिदै आएको छ। बढ्दो चालु खर्चको बावजुत पनि नगरका प्राथमिकताका कार्यक्रमहरुमा बजेट विनियोजन गरिदै आएको छ। यस प्रकारको कार्यक्रमबाट दीगो विकास र समृद्धिमा निरन्तर टेवा पुग्ने अपेक्षा लिइएको छ। चालु र प्रशासनिक खर्चको बढ्दो दवावलाई नियन्त्रण गर्न प्रशासनिक सुधारलाई प्राथमिकता दिइनेछ।

८. आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, आर्थिक वर्ष २०८२/८३ को नगरको नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट, सोह्रौ योजना र चालु आर्थिक वर्षमा बजेट कार्यान्वयनको अवस्था समेतलाई आधार मानी तयार गरिएको छ। बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय र सबै सभा सदस्यज्यूहरु, कर्मचारी परिवार, विभिन्न संघसंस्था, सञ्चार जगत, नगरवासीका सुझावहरुलाई समेत ध्यान दिइएको छ।

९. यस सम्मानित नगरसभामा बजेट तथा कार्यक्रमसँगै विभिन्न आन्तरिक राजश्वका दरहरु समेटिएको आर्थिक विधेयक र खर्च व्यवस्थापनका लागि विनियोजन विधेयक समेत प्रस्तुत गरिनेछ।

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,,

१०. आज म यस सभासमक्ष चालु आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाको आम्दानी र खर्चको समग्र अवस्था र बजेट कार्यान्वयको मितिः २०८२ साल असार १० गते सम्मको स्थितिलाई संक्षिप्तमा राख्ने अनुमति चाहान्छु।

आम्दानी तर्फ

११. चालु आर्थिक वर्षको पछिल्लो संशोधित बजेट १अर्व ३५ करोड ८९ लाख ५५ हजार रहेको छ। जसमा असार १० गते सम्म १ अर्व २० करोड ०४ लाख ५५ हजार २ सय ६५ प्राप्ति भएको छ। कुल बजेटको ८८.३३ प्रतिशत आम्दानी प्राप्त भएको देखिन्छ।

१२. संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानको ९१.७६ प्रतिशत मात्र निकाश प्राप्त भएको छ। प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरणको रकम सबै प्राप्त भएको छ। त्यस्तै संघीय राजश्व बाँडफाँड बापत रु. १७ करोड ७४ लाख प्राप्तहुनु पर्नेमा रु. १३ करोड ७८ लाख ४६ हजार प्राप्तभएको छ। प्रदेश सरकारबाट सवारी कर बाँडफाँड भई आउँनेमा वार्षिक रु. १२ करोड ५३ लाख अनुमान गरिएकोमा रु. ९ करोड ३६ लाख प्राप्ति भएको छ। त्यस्तै, स्थानीय राजश्व बाँडफाँड अन्तर्गत ढुंगागिट्टी, बालुवा, मनोरञ्जन कर, विज्ञापन कर र मालपोत रजिष्ट्रेशन समेतको रु. ६ करोड ४४ लाख आम्दानी प्रक्षेपण गरिएकोमा ३ करोड ३४ लाख प्राप्त भएकाले यसमा लक्ष्य अनुसार प्राप्ति हुने अवस्था देखिदैन। नगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक आयस्रोत तर्फ ८ करोड पचहत्तर हजार अनुमान गरिएकोमा ५ करोड २७ लाख ९३ हजार अर्थात् ६५.९३ प्रतिशत मात्र प्राप्ति भएको छ। र यो तथ्याङ्कलाई हेर्दा आन्तरिक आयको लक्ष्य प्राप्तिमा कठिनाई देखिएको छ।

खर्च तर्फ

१३. चालु आर्थिक वर्ष २०८१/८२ को असार १० गते सम्म नगरपालिकाको अनलाईन विद्युतीय तथ्यांक सुत्र सफ्टवेयर अनुसार कुल बजेट १ अर्व ४५ करोड ८९ लाख ५५ हजार रहेको र चालु तर्फ विनियोजन ९२ करोड ५९ लाख ७३ हजार र पूँजिगत तर्फ ४२ करोड ४९ लाख ८१ हजार रहेको छ। र हाल खर्च भएको प्रतिशतमा चालु तर्फ ८०.४ प्रतिशत र पुँजीगत तर्फ ४४.९ प्रतिशत खर्च भएको छ। यसमा चालु तथा पुँजीगत दुवै गरी कुल खर्च प्रतिशत ६८.८२ प्रतिशत रहेको छ।

१४. नगरपालिकाले बजेट विनियोजन गरेका केही महत्वपूर्ण क्षेत्रहरुमा सबै भन्दा बढी शिक्षकहरुको तलबभत्ता समेतलाई गणना गर्दा शिक्षा क्षेत्रमा बढी लगानी गरेको देखिन्छ। जसमा शिक्षा क्षेत्रमा ५६ करोड ६० लाख बजेट बिनियोजन भएकोमा ४६ करोड ५८ लाख खर्च भई सकेको छ। यसरी ८२.३ प्रतिशत शिक्षा क्षेत्रको वित्तीय प्रगति रहेको छ। दोस्रोमा विभिन्न पूर्वाधार विकास कार्यक्रममा २७ करोड ५८ लाख नगरपालिकाले लगानी गरेको देखिन्छ। जसमा १३ करोड २५ लाख खर्च भई सकेको छ जसको वित्तीय प्रगती ४८.०७ प्रतिशत रहेको छ। तेस्रोमा नगरपालिकाले कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा २७ करोड २४ लाख बजेट बिनियोजन गरेकोमा २० करोड ६७ लाख खर्च भई सकेको छ । यसमा वित्तीय प्रगति ७५.८८ प्रतिशत रहेको छ। चौथोमा स्वास्थ्य रहेको र यसमा ५ करोड ०७ लाख १७हजार बजेट बिनियोजन गरिएकोमा ४ करोड ३४ लाख ५३ हजार खर्च भई सकेको छ। यसको वित्तीय प्रगती ८५.६८ प्रतिशत रहेको छ। यसै गरी पाँचौंमा खानेपानी तथा सरसफाई तर्फ ३ करोड ९४ लाख ९८ हजार बजेट बिनियोजन गरिएकोमा १ करोड ८५ लाख ६२ हजार खर्च भई सकेको छ। यसको वित्तीय प्रगति ४७ प्रतिशत रहेको छ।

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

१५. अव म नगरपालिकाको वित्तीय व्यवस्था तथा वजेट कार्यान्वयनमा देखिएका चुनौतिहरु तथा अवसरहरुको उल्लेख गर्ने अनुमति चाहन्छु।

१६. नेपालको संविधान प्रदत अधिकार र कानुनहरु, साझा अधिकार सूचीमा रहेका अधिकार कार्यान्वयनका कानूनहरु संघ ,प्रदेशबाट समयमै नबुन्दा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको काम गर्न कठिनाई भएको छ। र बनेका कानूनहरु समेत प्रभावकारी ढंगले कार्यान्वयन गर्न नसक्दा सुशासन र सेवा प्रवाहमा नागरिकले अपेक्षा गरे अनुसार पूरा हुन सकेको छैन।

१७. नगरपालिकाको बजेट निर्माणमा आन्तरिक स्रोतको हिस्सा न्यून रहेको छ। आन्तरिक स्रोतलाई बढाउने प्रयास निरन्तर भैइ रहेता पनि पनि आशातित सफलता हासिल हुन सकेकको छैन । संघीय सरकारले र प्रदेश सरकारले पठाउँने वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँडको रकम माथि नै ज्यादा निर्भर भै बजेट निर्माण गर्नु परेको यथार्थता छ भने संघीय सरकार र प्रदे श सरकारले पठाउँने प्रतिवद्धताको रकम समेत नपठाउँदा हाम्रा विकास निर्माण र प्रशासनिक कार्यहरु प्रभावित हुने गरेका छन।

१८. बजेट विनियोजनमा साना खुद्रे योजनाभन्दा ठूला योजना जसबाट दीगो प्रतिफल हासिल हुन सकोस्। त्यस किसिमका योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजनलाई प्राथमिकतामा राख्न सकिएको छैन। साना साना योजनाहरुको प्रभावकारी अनुगमन मूल्याँङ्कनमा समेत चुनौति रहेकाले म यस तर्फ सबैको ध्यान आकर्षण गर्न चाहन्छु।

१९. वित्तीय प्रणालीमा चालु तथा प्रशासनिक खर्चलाई कसरी कम गर्न सकिन्छ भन्ने ठूलो चुनौंति रहेको छ, अनुत्पादक क्षेत्रको खर्च घटाई उत्पादनशील क्षेत्रमा बजेट परिचालन गर्नु र आन्तरिक आयको हिस्सालाई बढाउनुपर्ने महत्वपूर्ण चुनौतिको रुपमा रहेकोछ।

२०. संघ तथा प्रदेश सरकारले स्थानीय तहसँग समन्वय र सहकार्य नगरिकन विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयन हुँदा योजनाहरु दोहोरिने, प्रभावकारी अनुगमन नहुने पालिकाको आवश्यकता हरु वेवास्ताहुने जस्ता समस्याहरु रहेका छन । साझा अधिकार सूचीमा रहेको विपद् व्यवस्थापनमा विपद् प्रतिकार्य, पुनर्स्थापना र विपद्बाट क्षति भएका संरचनाहरुको पुनःनिर्माणका कार्यहरुमा समस्या देखिने अवस्था छ । विपद् जोखिम न्यूनीकरणका लागि प्रयाप्त स्रोत, साधन र प्रविधिको व्यवस्थापन तथा जनशक्तिको क्षमता विकास गर्न सकिएको छैन ।

२१. जिल्ला सदरमुकाम समेत रहेको यस कमलामाई नगरपालिकामा बजार एवं शहरी क्षेत्र समेत प्रयाप्त रहेकाले उत्पादनको बजारीकरण गर्नेर समग्र उत्पादकत्व समेत अभिवृद्धि गर्दै नागरिकहरुको आयआर्जन बढाउँन सकिने अवसरहरु विद्यमान छन् ।

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

२२. अव म आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम पेशगर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथामिकताका योजनाहरु निर्धारण गरेकी छु ।

- नगरपालिकाले प्रवाह गर्ने सेवालाई सरल र सहज, चुस्त, दुरुस्त बनाउने खालका योजना तथा कार्यक्रमहरु ।
- उत्पादनमूलक तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना तथा कार्यक्रमहरु ।
- दीगो विकास, बातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउँने योजनाहरु ।
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‌याउने योजनाहरु ।
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास मार्फत राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउँने खालका योजानहरु ।

२३. यस सम्बन्धमा बजेटका महत्वपूर्ण उद्देश्यहरु तपसिल बमोजिम रहेका छन् :

- नगरको बजेट कार्यान्वयनबाट उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।
- आर्थिक तथा सामाजिक पूर्वाधार क्षेत्रको विकास मार्फत गरिवी न्यूनीकरण गर्ने ।
- जनताको विकासमा पहुँच र अपनत्व अभिवृद्धि गर्ने ।
- उधमशीलताको विकास र आधुनिक प्रविधिको उपयोगमा विस्तार गरी रोजगारी सृजना गर्ने ।
- नगरले सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीयता ल्याउँने र प्रविधिलाई सेवा प्रवाहमा जोड्ने ।

२४. कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को लागि स्वीकृत भएको वार्षिक नीति तथा कार्यक्रमलाई साकार पार्न कुल बजेट रु. १ अर्व २९ करोड ५९ लाख ४० हजार १सय ६० र पैसा ६६अनुमान गरिएको छ । यस बजेटको आम्दानीको स्रोत निम्न बमोजिम प्रक्षेपण गरिएको व्यहोरा म सम्मानित सभामा पेशगर्न चाहन्छु ।

- आन्तरिक स्रोतमा अल्या मौज्दात सहित १५ करोड १लाख ४० हजार अनुमान गरिएको छ, यसमा नगर युवा स्वरोजगार कोषमा रहेका १ करोड ८० लाख मौज्दात रकम समेत जोडिएको छ ।
- वित्तीय हस्तान्तरण भई संघीय सरकारबाट प्राप्त हुने अनुदान रु. ७५ करोड ४९ लाख अनुमान रहेको छ ।
- वित्तीय हस्तान्तरण भई प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु. ८ करोड २० लाख २२ हजार अनुमान रहेको छ ।
- संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड (मुल्य अभिवृद्धि कर र अन्त शुल्क) को रकम रु. १५ करोड ०२ लाख ७४ हजार ५ सय ८३ अनुमान रहेको छ ।
- प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड बापतको सवारी कर रकम रु. ८ करोड ३४ लाख ६३ हजार ५ सय ७७ अनुमान रहेको छ ।
- विज्ञापन कर ठेक्का बाट रु. ५ लाख ४० हनार अनुमान रहेको छ ।
- वन रोयल्टी बाँडफाँडबाट रु. १ करोड २५ लाख अनुमान रहेको छ ।
- ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) बाँडफाँडबाट रु. २ करोड अनुमान रहेको छ ।
- मालपोत रजिष्ट्रेशन बाँडफाँडबाट रु. ४ करोड अनुमान रहेको छ ।
- विभिन्न मेला, उत्सवको मनोञ्जन कर रु. १ लाख अनुमान रहेको छ ।
- नगद लागत सहभागितामा हुने कार्यका लागि प्राप्त रु. २० लाख अनुमान रहेको छ ।

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

२५. पेश भएको आय अनुमानलाई आधार मानी महत्वपूर्ण तपसिल बमोजिम काक्षेत्रहरु र विषयहरुमा बजेट विनियोजन गरिएको छ। यसबाट नगरपालिकाले लिएको नीति तथा कार्यक्रमको लक्ष्य प्राप्तितर्फ बजेट उन्मुख रहने छ भन्ने मैले आशा अनि विश्वास लिएको छु। बजेटको विस्तृत विवरण विनियोजन विधेयक २०८२ का विभिन्न अनुसूचीहरुमा प्रस्तुत गरिएको व्यहोरा अनुरोध छ।

तपसिल:

क) नगरस्तरीय महत्वमा राखिएका योजना तथा कार्यक्रमहरुका लागि ९ करोड ९ लाख बजेट विनियोजन गरिएको छ । जसमा

१. विभिन्न खाने पानी पूर्वाधार निर्माण एवं मर्मतका लागि रु ६० लाख बिनियोजन गरिएको छ।
२. तामाङ स्वर्गद्वारी पहिरो नियन्त्रण कार्यक्रम वडा नं. ७ रु १० लाख बिनियोजन गरिएको छ।
३. गुम्वा निर्माण रु २० लाख बिनियोजन गरिएको छ।
४. घण्टाघर निर्माण वडा नं. ६ रु १० लाख विनियोजन गरिएको छ।
५. खम्बेचौर खेलमैदान पूर्वाधार निर्माण वडा नं. ६ रु ५० लाख विनियोजन गरिएको छ।
६. १ नं वजारमा सडक पेटी निर्माण रु १९ लाख विनियोजन गरिएको छ।
७. कमलामाई मन्दिर पूर्वाधार विकास रु २४ लाख विनियोजन गरिएको छ।
८. कमलामाई शिर पूर्वाधार विकास कार्यक्रम रु २० लाख विनियोजन गरिएको छ।
९. गौतमी गुफा पूर्वाधार विकास कार्यक्रम रु ३९ लाख विनियोजन गरिएको छ।
१०. सरस्वती छाँगा पूर्वाधार विकास रु १० लाख विनियोजन गरिएको छ।
११. चियाबारी त्र्यम्वकेश्वर मन्दिर पहुँच मार्ग रु २० लाख विनियोजन गरिएको छ।
१२. फिटिङ्ग भिरगाँउ सिरुडाडा सडक रु २९ लाख विनियोजन गरिएको छ।
१३. बर्देउटार देविथान थाक्ले निगुरे खोला कल्भर्ट निर्माण रु २९ लाख विनियोजन गरिएको छ।
१४. मच्छेनी खयर साल वेल्टार सडक स्तरोन्नति १९ लाख विनियोजन गरिएको छ।
१५. गौमती मा.वि. पूर्वाधार विकास रु २० लाख विनियोजन गरिएको छ।
१६. फोस्रेटार मा.वि. पूर्वाधार विकास रु १५ लाख विनियोजन गरिएको छ।
१७. जनजागृति मा.वि. भिमान पूर्वाधार विकास रु २० लाख विनियोजन गरिएको छ।
१८. सिलामे मा.वि. पूर्वाधार विकास २० लाख विनियोजन गरिएको छ।
१९. गुरासे प्रा.वि. पूर्वाधार विकास ७ लाख ५० हजार विनियोजन गरिएको छ।
२०. केरावारी प्रा.वि पूर्वाधार विकास ७ लाख ५० हजार विनियोजन गरिएको छ।
२१. करकरे मा.वि. स्कुल भ्यान खरिद रु २० लाख विनियोजन गरिएको छ।
२२. चन्दनपुर खिरखिरे दोभान तटबन्धन रु ७ लाख ५० हजार विनियोजन गरिएको छ।
२३. ग्वाङ कोरिडोर जोड्ने शाखा सडक रु २९ लाख विनियोजन गरिएको छ।
२४. सानो भलुवाही चोरखोला सडक स्तरोन्नति रु २९ लाख विनियोजन गरिएको छ।
२५. डाँडाँटोल दोभान रुचानी सडक स्तरोन्नति रु २९ लाख विनियोजन गरिएको छ।
२६. सामुदायिक भवन निर्माण ढाक्रेँबास रु १५ लाख विनियोजन गरिएको छ।
२७. माझिटार डाँडाँटोल पानिट्याङ्की सडक स्तरोन्नति रु ३० लाख विनियोजन गरिएको छ।
२८. मा.वि. बाँझे ट्रस्ट भवन निमार्ण रु १० लाख विनियोजन गरिएको छ।
२९. देउराली सातपत्रे धाराभञ्याङ्ग डुन डाँडाँ सडक स्तरोन्नति रु २० लाख विनियोजन गरिएको छ।
३०. कमला मा.वि. सभा हल व्यवस्थापन रु ३४ लाख विनियोजन गरिएको छ।
३१. कलाघर पूर्वाधार विकास रु १५ लाख विनियोजन गरिएको छ।

३२. सिक्रे बाँझे फोक्सिङ सडक स्तरोन्नति रु १२ लाख विनियोजन गरिएको छ।
३३. शिव नगर मुल सडक स्तरोन्नति रु २० लाख विनियोजन गरिएको छ।
३४. सिन्धुली अस्पताल पछाडि वि.पि. राजमार्गपट्टी संरचना मर्मत रु १५ लाख विनियोजन गरिएको छ।
३५. टंसार ज्याम्दु सडक स्तरोन्नति रु ७ लाख ५० हजार विनियोजन गरिएको छ।
३६. मदन भण्डारी सडक देखि तल्लो खिरखिरे टोल हुँदै वडा कार्यालय जाने सडक स्तरोन्नति रु १० विनियोजन गरिएको छ।
३७. सुनखानी खेल मैदान पूर्वाधार सडक स्तरोन्नति रु १२ लाख विनियोजन गरिएको छ।
३८. सिलामे धापसार वेल्टार सडक स्तरोन्नति रु २० लाख विनियोजन गरिएको छ।
३९. खट्टार मन्दिर दर्लामी सडक स्तरोन्नति रु १० लाख विनियोजन गरिएको छ।
४०. सि.सि क्यामेरा तथा टावर लाईट विस्तार रु ३० लाख विनियोजन गरिएको छ।
४१. मरिन सतिघाट पूर्वाधार विकास रु १० लाख विनियोजन गरिएको छ।
४२. भिमान लच्का रु ६ लाख विनियोजन गरिएको छ।
४३. रुचानी पुच्छा र घर माथि मुख्य सडक ढलान रु १५ लाख विनियोजन गरिएको छ।
४४. सिन्धुलीगढी पूर्वाधार विकास कार्यक्रम रु ३० लाख विनियोजन गरिएको छ।
४५. बसपार्क ट्रस्ट भवन निर्माण रु १५ लाख विनियोजन गरिएको छ
४६. पुरानो चौकी आगे चपौली सडक स्तरोन्नति रु ९ लाख विनियोजन गरिएको छ।
४७. लक्षित वर्गको हित, विकास र उत्थानका कार्यक्रमहरु सञ्चालन गर्न ३० लाख विनिजोन गरिएको छ।

ख) आवश्यक तथा अनिवार्य व्ययभार तथा अन्य विभिन्न क्षेत्रको रुपमा आगामी आर्थिक वर्षका लागि विनियोजन भएका केही महत्वपूर्ण बजेट विनियोजनहरु यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

१. सञ्चालन तथा प्रशासनिक खर्चको लागि २७ करोड ७२ लाख बजेट बिनियोजन गरिएको छ।
२. प्रदेश समपूरकका कार्यक्रमहरुका लागि रु. २ करोड ४० लाख बिनियोजन गरिएको छ।
३. प्रकोप व्यवस्थापन कोषका लागि रु. ५० लाख बजेट बिनियोजन गरिएको छ।
४. कर्मचारी कल्याण कोषका लागि रु. २० लाख बजेट बिनियोजन गरिएको छ।
५. पूँजीगत अनुसन्धान तथा परामर्श कार्यका लागि रु. ३० लाख बजेट बिनियोजन गरिएको छ।
६. सडक बोर्ड/नेवा लगायत अन्य विविध कार्यक्रमका लागि म्याचिङ्ग कार्यक्रममा रु. ५४ लाख ९० हजार बजेट बिनियोजन गरिएको छ।
७. फुटकर, चालु र पूँजीगत गरी १ करोड बजेट बिनियोजन गरिएको छ।
८. १४ वटै वडामा विभिन्न विकासात्मक कार्यक्रमहरु सञ्चालन गर्न प्रत्येक वडाका लागि रु. ९० लाखका दरले १२ करोड ६० लाख बजेट बिनियोजन गरिएको छ।
९. मर्मत संभार कोषका लागि रु. २० लाख विनियोजन गरिएको छ।
१०. वित्तीय व्यवस्था साँवाव्याज फिर्ताका लागि रु.६६ लाख विनियोजन गरिएको छ।
११. नगरपालिकाका विभिन्न शाखाहरु, उपशाखाहरु र ईकाइहरुका लागि बजेट सीमा स्वरुप कुल रु. ७ करोड ६० लाख विनियोजन गरिएको छ। जसको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरेकी छु।

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

२६. नगरपालिको प्रशासनिक सुधारका साथ, मितव्ययी र सुशासन युक्त कार्यक्रमहरु सञ्चालन गर्दान गरले निर्धारित गरेका लक्ष्य हासिल हुने विश्वास लिएकी छु। हामीबाट सञ्चालित विकासका गतिविधिहरुले समयमानै लक्ष्य हासिल गरी जन अपेक्षा पुरा गर्न हामी जनप्रतिनिधि तथा कर्मचारी सबैको उच्च निष्ठा, प्रतिवद्धता र सकरात्मक सोचका साथ अघि बढ्न आवश्यक रहेको छ।
२७. नगरपालिकाको अधिका क्षेत्र भित्र पर्ने विभिन्न विषय, क्षेत्र र क्रियाकलापहरुमा नगरपालिकाले कर लगाउन पाउने, शुल्क दस्तुर लिन पाउने, दण्ड जरिवाना लिनपाउने व्यवस्था भए अनुसार आन्तरिक आयस्रोतका विभिन्न करका दरहरु, शुल्क एवं दस्तुरका दरहरु समेटेर कार्यपालिकाबाट पारितभै आएको आर्थिक विधेयक २०८२ यस गरिमामय सभामा यहाँहरु समक्ष पेश भैसकेको छ। यसमा आवश्यक छलफल र स्वीकृतिका लागि पेश गर्न चाहन्छु।

२८. बजेटको आम्दानी र खर्च समेटिएको विनियोजन विधेयक २०८२, को अनुसूची १ देखि ५ सम्म कार्यपालिकाबाट स्वीकृत भएकोले यस सम्मानित सभामा छलफल र स्वीकृतिका लागि पेश गर्न चाहन्छु।

अन्त्यमा,

२९. सबै नगरवासीलाई नगरको विकास प्रयास र नगरवासीको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउने अभियानमा एकजुट हुन हार्दिक अनुरोध गर्दछु।

३०. बजेट तर्जुमा प्रक्रियामा साथ र सहयोगका लागि नगर प्रमुखज्यू, सभा सदस्यज्यूहरु र प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु, सल्लाह, सुझाव र प्रतिक्रिया दिनुहुने सञ्चार माध्यम, विभिन्न संघ संस्था, विकास साझेदार तथा नगरवासी सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु। यस बजेटको सफल कार्यान्वयनमा सबै पक्षहरुको सहयोगको समेत अपेक्षा गरेकी छु।

धन्यवाद।

मन्जु देवकोटा
नगर उपप्रमुख
मिति : २०८२/०३/१०

खण्ड ४
कमलामाई नगरपालिकाको आ.व. २०८२/८३ को आर्थिक ऐन

आर्थिक ऐन, २०८२

प्रस्तावना :

कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी कमलामाई नगरपालिकाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस ऐनको नाम **"कमलामाई नगरपालिकाको आर्थिक ऐन, २०८२"** रहेकोछ।

(ख) यो ऐन, नगरसभाले स्वीकृत गरेपछि २०८२ साल श्रावण १ गते देखि कमलामाई नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. सम्पत्ति कर :

नगरपालिका क्षेत्र भित्रको सबै क्षेत्रमा अनुसूची-१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

३. घर जग्गा बहाल कर :

नगरपालिका क्षेत्र भित्रकुनै व्यक्तिवा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची-२ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ।

४. व्यवसाय कर :

नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-३ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

५. सवारी साधन कर :

नगरपालिका क्षेत्र भित्रदर्ता भएका ठेला-अटो, रिक्सा र इ-रिक्सा आदिमा अनुसूची-४ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ। कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

६. विज्ञापन कर :

विज्ञापन कर भन्नाले नगर क्षेत्र भित्र हुने विभिन्न प्रकारका व्यवसायिक प्रचार-प्रसार सामग्री वा विज्ञापनमा अनुसूची-५ बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर यसको बाँडफाँड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

७. मनोरञ्जन कर :

नगरपालिका क्षेत्र भित्र हुने विभिन्न प्रकारका मनोरञ्जन व्यवसाय सेवामा अनुसूची-६ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ तर यसको बाँडफाँड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

८. जडीबुटी, कवाडी, जीवजन्तु तथा अन्य उत्पादन निकासी करको दर :

नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत तथा नगरपालिका क्षेत्रबाट बाहिर निकासी हुने जडीबुटी, कवाडी, जीवजन्तु तथा अन्य उत्पादनमा अनुसूची-७ बमोजिम निकासी कर लगाईने र असुल उपर गरिनेछ।

९. बहाल बिटौरी शुल्क :

नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको, सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाट बजार वा पसल कवल, सडक वा बाटो किनार आदि जग्गामा बनेका संरचनाको उपयोग वापत अनुसूची-८ मा उल्लेख भए बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ। तर, शुल्क तिरेको आधारबाट त्यस्ता सम्पत्तिको स्वामित्व हस्तान्तरण हुने छैन।

१०. पार्किङ शुल्क :

नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सेवा उपलब्ध गराए वापत अनुसूची-९ बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. अन्य सेवा शुल्क :

नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायाकिङ, क्यानोनिङ्ग, बञ्जीजम्प, जिपफ्लायर, च्याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग, फोहोरमैला व्यवस्थापन, सरसफाई, बसपार्क, शौचालय, अचल सम्पति मूल्याङ्कन, लेनदेनको कारोवार वडाबाट प्रमाणित गराएमा अनूसूची-१० मा उल्लिखित सेवा शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. सिन्धुलीगढी प्रवेश शुल्क :

नगरपालिकाले आफ्नो पर्यटकीय क्षेत्र भित्र सिन्धुलीगढी प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची-११ मा उल्लिखित दरमा प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३. खानी रोयल्टीबाट प्राप्त रकम :

काठ, दाउरा, माटो तथा नदीजन्य पदार्थ (दहत्तर बहत्तर) वस्तुको बिक्रीबाट नगरपालिकाले तोके अनुसार अनुसूची-१२ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ। तर यसको बाँडफाँड प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

१४. व्यक्तिगत घटना दर्ता दस्तुर :

राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण नियमावली, २०७७ ले तोके बमोजिम अनुसूची-१३ अनुसारको शुल्क तथा दस्तुर लगाईने र असुल उपर गरिनेछ।

१५. यन्त्र र उपकरण बहालबाट आय :

नगरपालिकाको व्याकहोलोडर, भाईब्रेटर र हाते रोलर रोडरोलर, सक्सन ट्याङ्ग, ड्रमट्रक र टिपर भाडाबाट आउने अनुसूची-१४ मा उल्लिखित बहालबाट आय।

१६. नाता प्रमाणित दस्तुर :

नगरपालिकाबाट उपलब्ध गराउने नाता प्रमाणित सिफारिस वापत अनुसूची-१५ बमोजिमको दस्तुर लिईनेछ।

१७. नक्सा पास दस्तुर :

नगरपालिका क्षेत्र भित्रकुनै व्यक्ति वा संस्थाले भौतिक संरचनाको निर्माण गर्दा नगरपालिकाले तोके बमोजिम अनुसूची-१६ अनुसारको दस्तुर लगाईने र असूल उपर गरिनेछ।

१८. सिफारिस दस्तुर :

नगरपालिकाले उपभोग मापन गर्न सकिने सेवा सुविधाहरु उपलब्ध गराए वापत नगरपालिकाले तोके अनुसार अनुसूची-१७ मा उल्लिखित दरमा सेवाग्राहीबाट दस्तुर लिईनेछ।

१९. अन्य राजस्व विविध आय :

नगरपालिका तथा वडाबाट सेवा प्रवाह गर्दा नगरपालिकाले तोके अनुसार अनुसूची-१८ मा उल्लिखित दरमा सेवाग्राहीबाट दस्तुर तथा दण्ड जरिवाना लिईनेछ।

२०. कर छुट :

कमलामाई नगरपालिकाले अनुसूची-१९ मा व्यवस्था भए बमोजिम करमा सहुलियत वा छुट दिन सक्नेछ।

२१. मालपोत तथा भुमिकर :

नगरपालिका क्षेत्र भित्रको सम्पतिकर लागू हुनु भन्दा पहिलाको बक्यौता असुल गर्न अनुसूची-२० बमोजिम मालपोत तथा भुमिकर लगाईने र असुल उपर गरिनेछ।

२२. चिल्ड्रेनपार्क शुल्क :

नगरपालिका क्षेत्र भित्र संचालित चिल्ड्रेन पार्कलाई अनुसूची-२१ बमोजिम शुल्क लिइनेछ।

२३. दण्ड जरिवाना :

ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डले तोके अनुसार हुनेछ।

२४. कर तथा शुल्क संकलन सम्बन्धी अन्य व्यवस्था :

यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्णय गरी लागु गर्न सक्नेछ।

२५. जग्गा र संरचनाको मूल्याङ्कन तथा ह्रास कट्टी दर :

कमलामाई नगरपालिका क्षेत्र भित्रको सम्पति कर निर्धारण प्रयोजनका लागि जग्गाको मूल्याङ्कन दर र भौतिक संरचनाको मूल्याङ्कन दर तथा भौतिक संरचनाको ह्रासकट्टी दर अनुसूची-२२ बमोजिम रहेको छ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धीत)
सम्पत्ति करको दर (वार्षिक)

सि.नं.	मूल्याङ्कन रकम					सम्पत्ति कर (वार्षिक) दर रु.
१	१	देखि	२ लाख	सम्म		१००.००
२	२ लाख १	देखि	४ लाख	सम्म		२००.००
३	४ लाख १	देखि	६ लाख	सम्म		३००.००
४	६ लाख १	देखि	१० लाख	सम्म		४००.००
५	१० लाख १	देखि	१२ लाख	सम्म		५००.००
६	१२ लाख १	देखि	१७ लाख	सम्म		६००.००
७	१७ लाख १	देखि	२० लाख	सम्म		८००.००
८	२० लाख १	देखि	२३ लाख	सम्म		१०००.००
९	२३ लाख १	देखि	२६ लाख	सम्म		१३५०.००
१०	२६ लाख १	देखि	३० लाख	सम्म		१५००.००
११	३० लाख १	देखि	३५ लाख	सम्म		२०००.००
१२	३५ लाख १	देखि	४० लाख	सम्म		२५००.००
१३	४० लाख १	देखि	४५ लाख	सम्म		३०००.००
१४	४५ लाख १	देखि	५० लाख	सम्म		४०००.००
१५	५० लाख १	देखि	६० लाख	सम्म		५०००.००
१६	६० लाख १	देखि	७० लाख	सम्म		६०००.००
१७	७० लाख १	देखि	८० लाख	सम्म		७०००.००
१८	८० लाख १	देखि	९० लाख	सम्म		१०००.००
१९	९० लाख १	देखि	१ करोड	सम्म		१५०००.००
२०	१ करोड १	देखि	१ करोड २० लाख	सम्म		२००००.००
२१	१ करोड २० लाख १	देखि	१ करोड ४० लाख	सम्म		२५०००.००

सि.नं.	मूल्याङ्कन रकम				सम्पत्ति कर (वार्षिक) दर रु.
२२	१ करोड ४० लाख १	देखि	१ करोड ७५ लाख	सम्म	३०००.००
२३	१ करोड ७५ लाख १	देखि	१ करोड ८० लाख	सम्म	३५०००.००
२४	२ करोड ८० लाख १	देखि	१ करोड ९० लाख	सम्म	४५०००.००
२६	३ करोड ९० लाख १	देखि	४ करोड	सम्म	५५०००.००
२६	४ करोड १	देखि	५ करोड	सम्म	७००००.००
२७	५ करोड १	देखि	माथिको मूल्याङ्कनमा	सम्म	प्रति हजार रु. २ का दरले
नोट: चालु आ.व.को पौष मसान्त भित्र सम्पत्ति कर तिर्ने करदातालाई १०% छुट दिईनेछ। बक्यौता सम्पत्ति कर भुक्तानी गर्दा देहाय अनुसार जरिवाना लाग्नेछ। एक वर्षको बक्यौतामा सोको २०% ले हुन आउने रकम र एक वर्ष भन्दा बढीको बक्यौतामा प्रति वर्ष दस प्रतिशतले हुन आउने रकम।					

अनुसूची - २
(दफा ३ सँग सम्बन्धीत)
घर जग्गा बहाल कर

सि.नं.	विवरण	रकम	कैफियत
१.	संस्थागत घर वा जग्गाधनी वा संस्थागत बहालवालाको हकमा	१०%	
२.	व्यक्तिगत घर वा जग्गाधनी र व्यक्तिगत बहालवालाको हकमा	६%	

अनुसूची - ३
(दफा ४ सँग सम्बन्धीत)
व्यवसाय कर

सि.नं.	व्यवसायको किसिम व्यापरिक वस्तु	वार्षिक कर			
		क वर्ग	ख वर्ग	ग वर्ग	घ वर्ग
१	डिपार्टमेन्ट स्टोर्स	७०००	३५००	२५००	२०००
२	किराना / खाद्यान्न	५०००	२५००	१५००	७५०
३	कोल्ड स्टोर्स (मदिरा बाहेक)	१००००	५०००	३०००	२०००
४	मदिरा पसल	२००००	१५०००	१००००	५०००
५	इलेक्टोनिक पसल (जस्तैः टि.भी., फ्रिज, वासिङ मेशिन, आदि)	५०००	३०००	२५०००	२०००
६	इलेक्ट्रोनिक सामग्री मर्मत पसल (जस्तैः टि.भी., फ्रिज, वासिङ मेशिन, आदि)	३०००	१५००	७५०	५००
७	कस्मेटिक पसल (मनिहारा तथा श्रृङ्गार)	५०००	४०००	२०००	१०००
८	रेडिमेड / फेन्सी	५०००	३०००	१५००	१०००
९	कपडा पसल (थान कपडा)	३०००	२५००	१५००	१०००
१०	टेलर्स (सिलाई मात्र)	२०००	१५००	१०००	७५०
११	टेलर्स (सिलाई / कपडा सहित)	४०००	३०००	२०००	१५००
१२	होटल एण्ड लज	२००००	१००००	७०००	३०००
१३	रिसोर्ट होटल	२५०००	२००००	१५०००	१००००
१४	रेष्टुरेण्ट / क्याफे	४०००	३०००	२०००	१०००
१५	खाजा घर	४०००	२०००	११००	७५०

सि.नं.	व्यवसायको किसिम व्यापरिक वस्तु	वार्षिक कर			
		क वर्ग	ख वर्ग	ग वर्ग	घ वर्ग
१६	डेरी उद्योग	१००००	८०००	५०००	३०००
१७	दुध / दही पसल	५०००	४०००	३०००	२०००
१८	चिया-नास्ता पसल	५०००	२०००	११००	७५०
१९	मिठाइ पसल	४०००	२०००	१५००	१०००
२०	पान पसल	३०००	२०००	१५००	१०००
२१	सुर्तीजन्य पसल (सुर्ती, गुटखा, चुरोट, बिंडी)	४०००	२०००	१५००	१०००
२२	फलफुल पसल	४०००	१५००	७५०	५००
२३	तरकारी पसल	४०००	१५००	७५०	५००
२४	मासुजन्य पसल	४०००	३०००	२०००	१५००
२५	माछा पसल	३०००	२०००	१५००	१०००
२६	मःमः पसल	३०००	१५००	१०००	५००
२७	फोटो स्टूडियो	४०००	२०००	१५००	१०००
२८	चस्मा पसल	२०००	१५००	७५०	५००
२९	ज्वेलरी पसल	७०००	४०००	३०००	२५००
३०	निजी अस्पताल	२००००	१५०००	१००००	७०००
३१	सबै किसिमका औषधि पसल	७०००	५०००	३०००	२०००
३२	पोलिक्लिनिक	१००००	७०००	५०००	३०००
३३	मेडिकल ल्याब	६०००	३०००	१५००	१२००
३४	फिजियोथेरापी	४०००	२०००	१५००	१०००
३५	स्वास्थ्य क्लिनिक	४०००	२०००	१५००	१०००
३६	आँखा क्लिनिक	४०००	२०००	१०००	७५०
३७	होमियोप्याथिक क्लिनिक	१००००	५०००	३०००	२०००
३८	आयुर्वेदिक क्लिनिक	४०००	२०००	१०००	७५०
३९	जडिबुटी खरिद विक्रि	३०००	१५००	७५०	५००
४०	डेण्टल क्लिनिक	५०००	३०००	२०००	१५००
४१	भाँडा पसल	५०००	२०००	१५००	१०००
४२	जुत्ता, चप्पल पसल	३०००	२०००	१०००	७५०
४३	प्लाष्टिकजन्य वस्तु विक्री पसल	४०००	२०००	१०००	५००
४४	स्टेशनरी तथा पुस्तक पसल	४०००	२०००	१५००	१०००
४५	छापाखाना	७०००	३५००	२५००	२०००
४६	विभिन्न सप्लाई व्यवसाय (सप्लायर्स)	१००००	५०००	२०००	१०००
४७	ब्यूटी पार्लर	४०००	२०००	१५००	१०००
४८	शैलुन	५०००	२०००	१५००	१०००
४९	बुटिक	४०००	२०००	१५००	१०००
५०	आइसक्रिम पर्लर तथा बेकरी	४०००	२०००	१३००	११००
५१	मसला उद्योग	२०००	१५००	१०००	७५०
५२	चाउमिन उद्योग	४०००	३०००	२०००	१०००
५३	फर्निचर उद्योग (स्टील / काष्ठ)	१५०००	७०००	५०००	३०००
५४	तयारी फर्निचर विक्रेता तथा फर्निसिङ्ग	७०००	५०००	३०००	२०००
५५	ग्लास हाउस	५०००	२०००	१५००	१०००

सि.नं.	व्यवसायको किसिम व्यापरिक वस्तु	वार्षिक कर			
		क वर्ग	ख वर्ग	ग वर्ग	घ वर्ग
५६	फलाम पसल तथा ज्यासल	२०००	१५००	१०००	७५०
५७	ग्रील पसल	५०००	४०००	३०००	१५००
५८	ईटा, बालुवा डिपो	७०००	५०००	३०००	२०००
५९	ईटा उद्योग	१००००	८०००	६०००	३०००
६०	बालुवा, ढुंगा जस्ता खानीजन्य पदार्थ प्रशोधन गरेने वासिङ्ग प्लाण्ट	५००००	३००००	२५०००	२००००
६१	ब्लक उद्योग	४०००	२०००	१५००	१०००
६२	ढुवानी सेवा	८०००	५०००	३०००	१५००
६३	निर्माण व्यवसाय "घ"	३०००			
६४	पेट्रोलियम पदार्थ	१५०००	१००००	७०००	५०००
६५	हार्डवयर	१००००	७०००	५०००	३०००
६६	कानुन व्यवसाय	१५००			
६७	लेखापढी व्यवसाय	१०००			
६८	मेनपावर सप्लायर्स (सेक्युरिटि सहित)	५०००	४०००	३०००	२०००
६९	वैदेशिक रोजगार (म्यानपावर / कन्सल्टेन्सी)	१००००	७०००	३०००	२०००
७०	पेन्टर र पेन्टिङ्ग आदि	४०००	१५००	७५०	५००
७१	आर्ट	२०००	१०००	७५०	५००
७२	फ्लेक्स प्रिन्ट	३०००	२०००	१५००	१०००
७३	कम्प्यूटर इन्टिच्यूट	५०००	३०००	२०००	१५००
७४	इन्टरनेट सेवा	४०००	३०००	२५००	२०००
७५	कम्युनिकेशन तथा रेमिट	३०००	२५००	२०००	१८००
७६	केबल नेटवर्क सञ्चालन	२५०००	१५०००	१००००	७०००
७७	इन्जिनियरिङ्ग तथा कन्सल्टेन्सी सेवा	७०००			
७८	होस्टल	२०००	१५००	१२००	१०००
७९	पार्टी प्यालेस	१००००	७०००	५०००	३०००
८०	टेण्ट हाउस	४०००	३०००	२०००	१०००
८१	क्याटरिङ्ग	५०००	३०००	२०००	१०००
८२	पुल हाउस	५०००	४०००	३०००	२०००
८३	औषधि तथा स्वास्थ्य सामग्री सप्लायर्स	२५०००	२००००	१५०००	१००००
८४	होलर मिल	४०००	२०००	१०००	५००
८५	सेलर मिल	६०००	४०००	२५००	१५००
८६	घट्ट	३०००	१५००	१०००	५००
८७	शित भण्डार	६०००	३०००	१५००	१२००
८८	दाना / चल्ला सप्लायर्स	६०००	४०००	२५००	१५००
८९	पोल्ट्री फर्म	४०००	२०००	१३००	११००
९०	बिमा कम्पनी	१००००			
९१	"क" वर्ग (वाणिज्य बैंक)	२००००			
९२	"ख" वर्ग (विकास बैंक)	१५०००			
९३	"ग" वर्ग (फाइनान्स/वित्त कम्पनी)	१००००			
९४	"घ" वर्ग (लघुवित्त कम्पनी)	७०००			

सि.नं.	व्यवसायको किसिम व्यापरिक वस्तु	वार्षिक कर			
		क वर्ग	ख वर्ग	ग वर्ग	घ वर्ग
९५	राष्ट्रिय सहकारी बैंक	१००००			
९६	एफएम रेडियो	५०००			
९७	निजी बोडिङ्ग स्कुल : क. मा.वि. ख. आधारभूत ग. पूर्व प्राथमिक घ. मन्टेश्वरी	 २५००० १५००० १०००० ५०००			
९८	निजी विद्यालय होस्टल	६०००	३०००	२५००	२०००
९९	भाषा प्रशिक्षण	६०००	३०००	१५००	१२००
१००	तालिम केन्द्र तथा अन्य शैक्षिक सेवा	२००००	१००००	५०००	३०००
१०१	गोबर ग्याँस / बायो ग्याँस	६०००	३०००	२५००	२०००
१०२	ग्याँस विक्रेता डिलर	४०००	२०००	१०००	७५०
१०३	बिमा अभिकर्ता	२०००	१२०००	१०००	७५०
१०४	वर्कशप (चार पांग्रे वा सो भन्दा माथिको गाडीको लागि)	५०००	४०००	३०००	२०००
१०५	वर्कशप (टेम्पो)	४०००	३०००	२०००	१५००
१०६	वर्कशप (मोटरसाइकल / स्कुटर)	३०००	२०००	१५००	१०००
१०७	टायर मर्मत तथा हावा भर्ने	२०००	१०००	७५०	५००
१०८	ट्याक्टर विक्रेता	२५०००	२००००	१५०००	१००००
१०९	चार पाङ्ग्रे सवारी साधन विक्रेता	३००००	२५०००	२००००	१५०००
११०	मोटरसाइकल विक्रेता	२००००	१५०००	१००००	५०००
१११	तीन पाङ्ग्रे सवारी साधन विक्रेता	८०००	५०००	३०००	२०००
११२	साइकल विक्री तथा मर्मत	५०००	३०००	२०००	१५००
११३	गाडी तथा मोटर साइकलको पार्टपूर्जा विक्री	१००००	५०००	३०००	२०००
११४	बहुउद्धेश्यीय सहकारी र बचत तथा ऋण सहकारी साथै बचत तथा ऋणको मात्र कारोबार गर्ने कृषि सहकारीहरु समेतः (क) रु. १ देखि रु. १ करोडसम्म (ख) १ करोड १ देखि १० करोडसम्म (ग) १० करोड देखि २० करोड सम्म (घ) २० करोड भन्दा माथिको कारोबारमा	 ३००० ५००० ७००० ९०००			
११५	ड्राई क्लिनर	२०००	१५००	१३००	१०००
११६	रंग र रंगसँग सम्बन्धीत व्यवसाय पसल	५०००	४०००	३०००	२५००
११७	प्लम्बिङ्ग सेन्टर	२०००	१५००	१०००	७५०
११८	एग्रो ट्रेडर्स	१५००	१२००	११००	७५०
११९	साझा कृषि भण्डार	१५००	१२००	११००	७५०
१२०	ब्याक-हो लोडर विक्रेता	४००००	२००००	१००००	७०००
१२१	म्यूजिक / डान्स सेन्टर	४०००	२०००	१०००	७५०
१२२	डल बनाउने विक्रेता	४०००	२०००	१०००	७५०
१२३	कवाडी संकलन केन्द्र	४०००	३०००	२०००	१५००
१२४	प्याराग्लाइडिङ	१०००००	७५०००	५००००	२५०००
१२५	एक्वारीयम व्यवसाय	१५००	१२००	११००	७५०
१२६	ह्यूम पाईप एण्ड कन्क्रिट उद्योग	१००००	७०००	५०००	३०००

सि.नं.	व्यवसायको किसिम व्यापरिक वस्तु	वार्षिक कर			
		क वर्ग	ख वर्ग	ग वर्ग	घ वर्ग
१२७	मैनबत्ती उद्योग	२०००	१५००	१०००	७५०
१२८	मौरीपालन फर्म	२०००	१५००	१०००	७५०
१२९	खेलौना पसल	२०००	१५००	१२००	१०००
१३०	फिजिकल फिट्नेश एण्ड जिम सेन्टर	५०००	४०००	३०००	२५००
१३१	सौगात गृह (गिफ्ट सप)	१५००	१२००	११००	७५०
१३२	ड्राइभिङ्ग सेन्टर	१००००	८०००	६०००	४०००
१३३	खेल, व्यायाम तथा मनोरन्जन सामग्री विक्री पसल	४०००	३०००	२०००	१०००
१३४	इलेक्ट्रीक पसल (वाइरिङ्ग सामग्री विक्री पसल)	५०००	४०००	३०००	२०००
१३५	सिलाई कटाई प्रशिक्षण केन्द्र	४०००	३०००	२०००	१०००
१३६	प्रिसाइज फ्रेब्रिकेशन प्लाण्ट	५००००	२५०००	१५०००	१००००
१३७	मेशिन औजार विक्री (जस्तैः मील, हाते ट्याक्टर, जेनेरेटर, कृषि औजार लगायतका मेशिन औजार)	५०००	४०००	३०००	२५००
१३८	मोबाइल विक्री पसल	५०००	२५०००	१५००	१०००
१३९	मोबाइल विक्री तथा मर्मत पसल	६०००	३०००	२५००	१५००
१४०	राडीपाखी पसल	४०००	३०००	२०००	१०००
१४१	फाइबर झोला उद्योग	२०००	१५००	१०००	७५०
१४२	ट्रान्स्पोर्ट कम्पनी प्रा.लि. (ढुवानी सेवा)	६०००	४०००	३०००	१५००
१४३	सोलार पसल	१००००	७०००	५०००	३०००
१४४	लघु तथा घरेलु उद्योग	२०००	१५००	१०००	७५०
१४५	साबुन उद्योग	२०००	१५००	१०००	७५०
१४६	विद्युतीय गाडी चार्जिङ्ग स्टेशन	१००००	७०००	५०००	३०००
१४७	आल्मुनियम, यु.पि.भि.सी., पार्टेशन कार्य गर्ने व्यवसाय	३०००	२०००	१०००	७५०
१४८	स्यानेटेरी तथा मार्बल (बाथरुम धारा, बेसिन, लगायतको कारोबार)	१००००	७०००	५०००	३०००
१४९	पानी उद्योग	५०००	३०००	२०००	१५००
१५०	यातायात व्यवसाय संघ / संस्था	१००००	७०००	५०००	३०००
१५१	सिनेमा हल व्यवसाय	५०००	३०००	२०००	१५००
१५२	अनलाईन व्यवसाय	५०००	३०००	२०००	१५००
१५३	मिडिया प्रा.लि. (भिडियो मिडिया)	५०००	३०००	२०००	१५००
१५४	गार्मेण्ट व्यवसाय	१००००	७०००	५०००	३०००
१५५	टायर पन्चर एण्ड रिसोलिङ्ग	५०००	३०००	२०००	१५००
१५६	चटपटे पसल	१२००	१०००	७००	५००

नोट : व्यवसाय कर प्रयोजनको लागि
"घ" वर्ग : वार्षिक रु. १ देखि रु. ५०लाख सम्मको कारोबार
"ग" वर्ग : वार्षिक रु. ५० लाख१देखि रु.२ करोड सम्मको कारोबार
"ख" वर्ग : वार्षिक रु.२ करोड १ देखिरु. ७ करोड सम्मको कारोवार
"क" वर्ग : वार्षिक रु.७ करोड देखि माथिको कारोबार

अनुसूची-४
(दफा ५ सँग सम्बन्धीत)
सवारी साधन करको दररेट (वार्षिक)

सि.नं.	सवारी साधनको नाम	सवारी कर दर्ता तथा सवारी नवीकरण शुल्क
१	अटो रिक्सा दर्ता	१०००
२	ठेला दर्ता	३००
३	अटो नवीकरण	३००
४	ठेला नवीकरण	१००

अनुसूची-५
(दफा ६ सँग सम्बन्धीत)
विज्ञापन करको दररेट (वार्षिक)

सि.नं.	विवरण	एकाई	दर
१	फ्लेक्स बोर्ड / होर्डिङ्ग बोर्ड	प्रति वर्ग फूट	रु. ६०।-
२	जि.पि.एस. बोर्ड / ग्लो बोर्ड	प्रति वर्ग फूट	रु. ६०।-
३	भित्ते लेखन / सटर पेन्टिङ्ग	प्रति वर्ग फूट	रु. ३०।-
४	पोल बोर्ड	प्रति वर्ग फूट	रु. २०।-
५	डिजिटल बोर्ड / डिजिटल डिस्प्ले	प्रति वर्ग फूट	रु. ५०।-
६	ब्यानर ३ वर्ग फूट सम्म	प्रति हप्ता, प्रति गोटा	रु. ४०।-
७	ब्यानर ३ वर्ग फूट भन्दा ठूलो	प्रति हप्ता, प्रति गोटा	रु. ५०।-
८	स्टल / गेट	प्रति हप्ता, प्रति गोटा	रु. ६०।-
९	साइनबोर्ड जस्ता / मेटल	प्रति वर्ग फूट	रु. ३०।-
१०	एल.सि.डि. बोर्ड	प्रति वर्ग फूट	रु. ४०।-
११	लिड बोर्ड	प्रति वर्ग फूट	रु. ३०।-
१२	ग्लो साइनबोर्ड	प्रति वर्ग फूट	रु. ३०।-
१३	नियन साइनबोर्ड	प्रति वर्ग फूट	रु. ३०।-
१४	स्टल डिस्प्ले	प्रति वर्ग फूट	रु. ४०।-
१५	टु.डि. र थ्रि.डि. डिस्प्ले बोर्ड	प्रति वर्ग फूट	रु. ३०।-
१६	संचार माध्यमबाट हुने विज्ञापन	प्रति दिन	रु. ४०।-
१७	रोडक्रस ब्यानर	प्रति वर्ग फूट	रु. ३०।-
१८	सवारी साधनमा राखिने ब्यानर	प्रति वर्ग फूट	रु. २०।-
१९	गेटमा राखिने ब्यानर	प्रति वर्ग फूट	रु. २०।-
२०	मोटरसाइकल, स्कूटर जस्ता २ पाङ्ग्रे	प्रति वर्ग फूट	रु. २०।-
२१	अटो रिक्सा, विद्युतिय रिक्सा, टेम्पो	प्रति वर्ग फूट	रु. २०।-
२२	कार, जिप, डेलिभरी भ्यान, केबुल कार	प्रति वर्ग फूट	रु. २०।-
२३	बस, ट्रक, ट्रिपर	प्रति वर्ग फूट	रु. २०।-
२४	मेला, खेलकुद कार्यक्रम, व्यापार मेला वा साँस्कृतिक प्रदर्शनी अन्य कार्यक्रम	प्रति वर्ग फूट	रु. २०।-
२५	ट्राफिक आइल्याण्ड	प्रति वर्ग फूट	रु. ३०।-
२६	स्टल / स्टेज विज्ञापन	प्रति वर्ग फूट	रु. ३०।-
नोट : विज्ञापन कर सम्बन्धी थप व्यवस्थाका सम्बन्धमा विज्ञापन ऐन अनुसार हुनेछ।			

अनुसूची - ६
(दफा ७ सँग सम्बन्धीत)
मनोरन्जन करको दर

सि.नं.	विवरण	रकम रु.
१	नगरपालिका क्षेत्र भित्र संचालित सिनेमा हलको प्रवेश शुल्कका साथै व्यवसायिक प्रयोजनको लागि गरिने विभिन्न मनोरञ्जनात्मक कार्यक्रममा विक्री भएको टिकट रकमको	५%
नोट: मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दा विज्ञापन कर पनि लाग्ने भएमा छुट्टै रुपमा तिर्नु पर्नेछ।		

अनुसूची - ७
(दफा ८ सँग सम्बन्धीत)
जडीवुटी, कवाडी, जीवजन्तु तथा अन्य उत्पादन निकासी करको दर

कमलामाई नगरपालिका क्षेत्रबाट व्यवसायिक प्रयोजनका लागि नगर बाहिर निकासी गर्दा तपसिल बमोजिमका मालवस्तुमा कर लगाइने छ।

१. जडिबुटी तर्फ :

सि.नं.	नाम	एकाई	हाल कायम भएको मूल्य रु.
(क)	जरा जाति		
	पाखनवेद	प्रति के.जी.	रु. २।-
	बोझो	प्रति के.जी.	रु. २।-
	कुरीलो	प्रति के.जी.	रु. २।-
	अन्य नाम नखुलेको जराजाति	प्रति के.जी.	रु. २।-
(ख)	काठको बोक्राजाती		
	भोर्लाको बोक्रा	प्रति के.जी.	रु. २।-
	नेपाली दालचिनी	प्रति के.जी.	रु. २।-
	छतिवनको बोक्रा	प्रति के.जी.	रु. २।-
	टोटलाको बोक्रा	प्रति के.जी.	रु. २।-
	काउलो बोक्रा	प्रति के.जी.	रु. २।-
	अन्य नाम नखुलेको बोक्राजाती	प्रति के.जी.	रु. २।-
(ग)	पातजाति		
	तेज पात	प्रति के.जी.	२।-
(घ)	फल र बिजजाती		
	टिम्बुर	प्रति के.जी.	रु. २।-
	पाङ्गो	प्रति के.जी.	रु. २।-
	ओखर	प्रति के.जी.	रु. २।-
	रिठ्ठा/हर्रो/बर्रो/अमला	प्रति के.जी.	रु. २।-
	सालको बिंया	प्रति के.जी.	रु. २।-
	अन्य नाम नखुलेको फल र बीजजाती	प्रति के.जी.	रु. २।-
(ङ)	विरुवाजाति		
	झ्याउ	प्रति के.जी.	रु. २।-
	चिराइतो	प्रति के.जी.	रु. २।-

सि.नं.	नाम	एकाई	हाल कायम भएको मूल्य रु.
	सुर्तीको डाग्ला कतरन नसल	प्रति के.जी.	रु. २।-
	अन्य नाम नखुलेको बिरुवा जाती	प्रति के.जी.	रु. २।-
(च)	गमरेजीन लोहवान जाति		
	खोटो	प्रति के.जी.	रु. २।-
	सालधुप	प्रति के.जी.	रु. २।-
	अन्य नाम नखुलेको गमरेजिन लोहवान जाती	प्रति के.जी.	रु. २।-
(छ)	अन्य जडिबुटीहरु	प्रति के.जि	रु. २।-

२. प्रचलित कानुनले निषेधित गरे बाहेकका पशुपन्छीहरुको छाला, प्वाँख, सिंङ्ग र खुरको करदर :

सि.नं.	नाम	एकाई	हाल कायम भएको मूल्य रु.
१.	हाँसको प्वाँख	प्रति के.जी.	रु. २।-
२.	कुखुराको प्वाँख	प्रति के.जी.	रु. २।-
३.	हाड, सिंग र खुर	प्रति के.जी.	रु. ५।-
४.	छाला ठूलो	प्रति खगोटा	रु. २५।-
५.	छाला सानो	प्रति गोटा	रु. १०।-

३. नगरपालिका भित्र उत्पादन भई नगर बाहिर निकासी हुने वस्तुहरुको कर दर :

सि.नं.	नाम	एकाई	हाल कायम भएको मूल्य रु.
१.	अदुवा/लसुन/बेसार प्रति के.जी. रु. १।- का दरले	प्रति क्वीन्टल	रु. १००।-
२.	दलहन/तेलहन प्रति के.जी. रु. २।- का दरले	प्रति क्वीन्टल	रु. २००।-

४. बाँस, निगालोबाट निर्मित सामग्रीहरुको करदर :

सि.नं.	नाम	एकाई	हाल कायम भएको मूल्य रु.
१.	मान्द्रो/डालो/नाङ्लो/डोको/चाल्नो	प्रति गोटा	२।-

५. पशुपन्छी तथा जलचर जन्यको करदर :

सि.नं.	नाम	एकाई	हाल कायम भएको मूल्य रु.
१.	हाँस/कुखुरा लोकल	प्रति गोटा	रु. ५.००
२	अन्य कुखुरा	प्रति गोटा	रु. २.००
३	कुखुराको चल्ला	प्रति गोटा	रु. ०.२५
४	खसी/बाख्रा	प्रति गोटा	रु. ५०.००
५	राँगा/भैंसी	प्रति गोटा	रु. १५०.००
६	गाई/गोरु	प्रति गोटा	रु. १००.००
७	सुँगुर/बंगुर	प्रति गोटा	रु. ५०.००
८	माछा	प्रति क्वीन्टल	रु. २००.००

६. फलफुल तथा अन्य तर्फको करदर :

सि.नं.	कनाम	एकाई	हाल कायम भएको मूल्य रु.
१.	जुनार, सुन्तला, आँप, भईकटहर, लिची, नासपाती, कागमती र मेवा	प्रति के.जी.	रु. १।-

७. पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने कवाडी मालसामानहरुको कर दर :

सि.नं.	नाम	एकाई	हाल कायम भएको मूल्य रु.
१	खालीसिसि (बियर) बोतलको साइज हेरी	प्रति गोटा	०.२५
२	खालीसिसि (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि	प्रति गोटा	०.१०
३	खालीसिसि (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल	प्रति गोटा	०.०५
४	प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुरानो जुत्ता, चप्पल, ग्यालिन र जर्किन आदि)	प्रति के.जी.	०.३०
५	खाली बोरा प्लाष्टिकको	प्रति गोटा	०.१०
६	५० के.जि. सम्म अँट्ने जुटका बोरा	प्रति गोटा	०.१५
७	१०० के.जि. सम्म अँट्ने जुटका बोरा	प्रति गोटा	०.२०
८	तेलको टिन १० लिटर भन्दा बढी अँट्ने	प्रति गोटा	०.५०
९	तेलको टिन १० लिटर भन्दा कम अँट्ने	प्रति गोटा	०.३०
१०	झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा)	प्रति के.जी.	२.००
११	गार्मेण्ट कपडाको टुक्रा	प्रति के.जी.	२.००
१२	जलेको मोबिल	प्रति लिटर	२.००
१३	जुट र प्लाष्टिकका बोरा	प्रति के.जी.	२.००
१४	कार्पेटका टुक्रा	प्रति के.जी.	२.००
१५	टायर, ट्यूब	प्रति के.जी.	२.००
१६	थोत्रो टिन	प्रति के.जी.	०.२०
१७	पुरानो ड्रम	प्रति के.जी.	०.१५
१८	पुरानो कागज अखबार (न्यूज प्रिन्ट) अन्यकागज (कार्टुन समेत)	 प्रति के.जी. प्रति के.जी.	 ००.२५ ००.३०
१९	**धातुका टुक्राहरु र पत्रु भइ काम नलाउने सामानहरु** : फलाम अन्य धातु (पित्तल, तामा आदि) थोत्रो काम नलाग्ने मेशिन औजार	 प्रति के.जी. प्रति के.जी. प्रति के.जी.	 ०.३० १.०० ०.५०
२०	पोलिथिन पाइपका टुक्राहरु	प्रति के.जी.	०.२०
२१	सिसा (लिड) को धुलो वा टुक्रा	प्रति के.जी.	१.००
२२	काँचको धुलो र टुक्रा	प्रति के.जी.	०.२०
२३	प्रचलित कानुनले निषेध गरेका बाहेकका पन्छीहरु	प्रति के.जी.	२.००
२४	प्रचलित कानुनले निषेध गरेका बाहेकका अन्य सामानहरु	प्रति के.जी.	२.००

८. अन्य माल वस्तुहरु :

सि.नं.	नाम	एकाई	हाल कायम भएको
१	वनकस (खर)	प्रति ट्याक्टर प्रति ट्रक	५०.०० १००.००
	बाँस, निगालो र अम्रिसो कुचो	प्रति ट्याक्टर प्रति ट्रक	१००.०० ५००.००
	दाउरा, गोलिया, चिरान	प्रति ट्याक्टर प्रति ट्रक	१००.०० २००.००
२	स्लेट/बिछ्याउने ढुंगा स्थानीय	प्रति वर्ग फिट	०.५०

सि.नं.	नाम	एकाई	हाल कायम भएको
५	इटा	१२ चक्के ट्रक	५००.००
		६ चक्के ट्रक	३००.००
		प्रति ट्याक्टर	१००.००
६	मिनरल वाटर	प्रति कार्टुन	२.००
७	खानेपानी जार	प्रति जार	१.००
एक स्थानीय तहमा निकासी कर तिरी सकेको हकमा सोही माल वस्तुमा निकासी कर लिने छैन ।			

अनुसूची - ८
(दफा ९ सँग सम्बन्धीत)
बहाल बिटौरी शुल्क दर (मासिक)

सि.नं.	विवरण	रकम रु.
१	नगरपालिका क्षेत्र भित्र लाग्ने साप्ताहिक हाट बजारमा न.पा. को स्वीकृत दर अनुसार	सम्झौता अनुसार
२	स्टल तथा पसल कवल भाडाम	सम्झौता अनुसार
३	नगरपालिका क्षेत्र भित्रको ऐलानी जग्गा कुनै व्यक्ति वा संघ / संस्थालाई व्यापार गर्ने प्रयोजनका लागि अस्थायी रुपमा उपलब्ध गराउँदा प्रति वर्ग फिटमा	३०.००

हाट बजार बिटौंरी करको दर

सि.नं.	मालसामानको विवरण	दर रु.
१	खसी, बोका प्रति गोटा १ को	५०.००
२	कुखुरा प्रति गोटा	५.००
३	राँगा काटी बेच्नेसँग प्रति गोटा १ को	३००.००
४	सुँगुर/बंगुर काटी बेच्नेसँग प्रति गोटा १ को	२००.००
५	सुँगुर/बंगुर प्रति गोटा	५०.००
६	राँगा/भैंसीको छाला १ को	१००.००
७	आलो माछा तथा सुकेको माछा प्रति पसल	७०.००
८	पहाडबाट ल्याउने आलु, प्याज र अदुवा भारी १ को	३०.००
९	अम्बा, आरी, लिची र आरुबखडा भारी १ को	१५.००
१०	तरकारी पसल	५०.००
११	काँक्रो, मेवा, पिंडालु, सखरखण्ड दोकान १ को	२०.००
१२	सुर्सानी, अदुवा, लसुन, बेसार, गुन्द्रुक दोकान १ को	१०.००
१३	काउली, कटहर, रुख-कटहर भारी १ को	३०.००
१४	बोडी, मास, मस्याङ्ग, भटमास, बदाम, केराउ र गहत आदि प्रति पसल १ को	५०.००
१५	आँप, नास्पाती, जुनार, सुन्तला र आँटी भारी १ को	३०.००
१६	इस्कुस, फर्सी, लौका, साग र तोरिङ्गा भारी १ को	१५.००
१७	उखु, निबुवा, भोगटे र कागती भारी १ को	१५.००
१८	मकै, गहुँ, कोदो, चिउरा, चामल, फापर र तोरी प्रति पसल १ को	५०.००
१९	घिउ प्रति किलो	२०.००
२०	शैलुन पसल १ को	५०.००
२१	छाता जुत्ता लाइटर मर्मत दोकान १ को	३०.००
२२	फलाम तथा काठबाट बनेका कृषि र घरेलु सामान पसल १ को	५०.००

सि.नं.	मालसामानको विवरण	दर रु.
२३	औषधि वा जडीबुट्टी दोकान १ को	५०.००
२४	बाँसको डालो, नाङ्लो, चाल्नो, मान्द्रो, डोको तथा बाँसबाट बनेको सामान पसल १ को	२०.००
२५	पाटको दाम्लो, नाम्लो, बरियो लगायत पाटबाट बनेको सामान पसल १ को	१५.००
२६	चिराइतो र सिन्कौली तथा कुरिलो भारी १ को	५०.००
२७	रोटी पकाई बेच्ने दोकान १ को	५०.००
२८	मिठाई पकाइ विक्री गर्ने दोकान १ को	५०.००
२९	राडी पाखी, गलैंचा दोकान १ को	१००.००
३०	मनोरञ्जन देखाउने दोकान १ को	२००.००
३१	लत्ता कपडा पसल १ को	१००.००
३२	मिठा सख्खर दोकान १ को	३०.००
३३	किराना पसल १ को	१००.००
३४	भाँडाकुँडा पसल १ को	२००.००
३५	औंठी लायत धातुका गहना पसल १ को	५०.००
३६	चुरा तथा मनिहरा पसल १ को	५०.००
३७	जुत्ता, चप्पल पसल १ को	१००.००
३८	चट्पटे पसल १ को	५०.००
३९	सटरमा पसल राख्ने १ को	१५०.००
४०	बरफ पसल १ को	३०.००
४१	बिरुवा तथा बेर्ना विक्रेता पसल १ को	३०.००
४२	खाजा/नास्ता पसल १ को	५०.००
४३	मथि उल्लेख नभएको अन्य किसिमका पसल १ को	५०.००

अनुसूची - ९
(दफा १० सँग सम्बन्धीत)
पार्किङ्ग शुल्क

क्र.सं.	विवरण	दैनिक शुल्क
१	बस, ट्रक, हायस र गाडी	रु. ५०।- दैनिक
२	भाडाका कार, जीप, बोलेरो र ट्याक्टर	रु. ३०।- दैनिक
३	भाडाको अटो (टेम्पो)	रु. २५।- दैनिक
४	मोटरसाइकल	रु. १०।- दैनिक
नोट : ५ मिनेट भन्दाकम समयको पार्किङ्ग शुल्क लाग्ने छैन ।		

अनुसूची - १०
(दफा ११ सँग सम्बन्धीत)
अन्य सेवा शुल्क

सि.नं.	विवरण	रकम रु.
१	केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, बञ्जीजम्प, जीप-फ्लायर, ग्याफ्टिङ्ग र प्याराग्लाइडिङ्ग (दर्ता शुल्क)	५०००.००
२	फिराद-पत्र/प्रति उत्तर-पत्र (न्यायिक समितिमा) दर्ता दस्तुर	१००.००

सि.नं.	विवरण	रकम रु.
३	**व्यक्तिको लेनदेनको करोवार वडा बाट प्रमाणित गर्दा :** रु. २ लाख सम्मको रु. २ लाख १ देखि ५ लाख सम्मको रु. ५ लाख १ देखि १० लाख सम्मको रु. १० लाख माथिको	 ५००।- १०००।- १५००।- २५००।-
४	रु. १ लाख देखि रु. ३ लाख सम्मको पूँजी लगानी भएको व्यवसाय दर्ता शुल्क	३०००।-
	रु. ३ लाख देखि रु. ५ लाख सम्मको पूँजी लगानी भएको व्यवसाय दर्ता शुल्क	६०००।-
५	घर खाली गर्ने	१०००।-
६	कमलामाई नगर क्षेत्र भित्रका पोलहरुमा नेपाल विद्युत प्राधिकरण, दुर सञ्चार र निजी क्षेत्रबाट संचालितसेवा प्रदायक संस्था एकल पोलको वार्षिक डबल पोलको वार्षिक ट्रान्सफरमर राखिएको पोल सहित हाईटेन्सनको ठूलो टावर (प्रति टावर)	 ५०।- ७५।- ५००।- १०००।-
सरसफाई तर्फ (मासिक)		
७	शौचालय सञ्चालन	१५००।-
८	ठूला होटल एण्ड लज सहित	८००।-
९	थोक पसल	५००।-
१०	खुद्रा पसल/साना होटल (लज बाहेक)	३००।-
११	पक्की घर (३ तल्ला भन्दा माथि)	१५०।-
१२	तरकारी पसल/कपाल काट्ने शैलुन	१००।-
१३	पक्की घर २ तल्ला सम्म	१००।-
१४	पक्की घर १ तल्ले/कच्ची घर/मासु पसल/ठेला/टेलर/अन्य	७५।-
१५	कारखाना/ग्यारेज/टायल ब्लक उद्योग	१०००।-
१६	साना होटल लज सहित	६००।-
१७	निजी क्लिनिक	२००।-
१८	निजी अस्पताल	४००।-
नोट : ठूला होटल लज सहित भन्नाले १० कोठा भन्दा बढीलाई जनाउछ र १० कोठा भन्दा कमलाई साना होटल लज सहित भन्ने जनाउँदछ ।		

अचल सम्पत्ति मूल्याङ्कन : प्रतिहजार रु. १।- (अध्ययन प्रयोजनको लागि विद्यार्थीलाई ५०% छुट्ट दिईनेछ।)

अचल सम्पत्तिको आयस्रोत प्रमाणित

सि.नं.	विवरणक	रकम
१	२ लाख सम्मको लागि	५००।-
२	२ लाख १ देखि १० लाखसम्म	१०००।-
३	१० लाख १ देखि २० लाखसम्म	३०००।-
४	२० लाख १ देखि ५० लाखसम्म	६०००।-
५	५० लाख १ देखि १ करोडसम्म	८०००।-
६	१ करोड देखि २ करोडसम्म	१००००।-
७	२ करोड भन्दा माथि	१५०००।-

अनुसूची - ११
(दफा १२ सँग सम्बन्धीत)
सिन्धुलीगढी प्रवेश शुल्कको दर

सि.नं.	विवरण	प्रति रकम रु.
१	प्रति व्यक्ति (साधारण)	५०।-
२	सिन्धुली जिल्लावासी, भु.पु. सेना अनुसन्धानकर्ता प्रति व्यक्ति	२५।-
३	विद्यार्थी	२०।-
४	जेष्ठ नागरिक, न.पा. पदाधिकारी, न.पा. कर्मचारी, नेपाली सेना, पत्रकार र अपाङ्गता भएका व्यक्तिहरुका लागि	निःशुल्क
५	विदेशी प्रति व्यक्ति	२५०।-
६	वनभोज कार्यक्रम प्रति समूह	५००।-
७	दृश्यावलोकनको लागि दुरबिन शुल्क	१०।-

अनुसूची - १२
(दफा १३ सँग सम्बन्धीत)
खानी रोयल्टी सम्बन्धी

सि.नं.	विवरण	प्रति घ.मी
१	ढुंगा, गिट्टी र बालुवा विक्री तथा निकासी	रु. ७।००
२	माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा)	रु. ३।५०
३	दहत्तर, बहत्तर सामग्रीको विक्री मूल्य लाग्ने शुल्क	१०%
४	नदीका बहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा संकलन गरेमा (प्रति मेशिन वा साधनको) लाग्ने जरिवानाः	
	क) मेशिन, स्काभेटर, ब्याक हो लोडर	३५,०००।-
	ख) ट्रिपर वा ट्रक	२०,०००।-
	ग) मिनी ट्रक	१५,०००।-
	घ) ट्याक्टर	१०,०००।-
नोट : ढुङ्गा, गिट्ठी र वालुवा उत्खनन्, संकलन, बिक्री तथा निकासी प्रदेश सरकारको आर्थिक ऐन तथा निर्णयानुसार परिवर्तन हुन सक्नेछ ।		

दाउरा

सि.नं.	विवरण	प्रति चट्ठा
१	सालको दाउरा	रु. २०००।-
२	अन्य कु-काठको दाउरा	रु. १०००।-

काठ

सि.नं.	विवरण	प्रति क्युफिट रु.
१	खयरको काठ	रु. २००।-
२	सालको काठ	रु. १००।-
३	कु-काठ	रु. ५०।-

अनुसूची - १३
(दफा १४ सँग सम्बन्धीत)
व्यक्तिगत घटना दर्ता दस्तुर

सि.नं.	विवरण	रकम
१	३५ दिन भित्रको घटना दर्तामा	दस्तुर निःशुल्क
२	व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क	२०० दस्तुर लाग्ने
३	व्यक्तिगत घटना दर्ता प्रमाण-पत्रको नक्कल दस्तुर	५०० दस्तुर लाग्ने
४	व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर	२०० दस्तुर लाग्ने

अनुसूची - १४
(दफा १५ सँग सम्बन्धीत)
यन्त्र, उपकरण बहालबाट प्राप्त आय

सि.नं.	विवरण	रकम रु.
१	ब्याक-हो लोडर	प्रति घण्टा रु. १८००।- का दरले (तेल बाहेक)
२	जम्पर	प्रति घण्टा रु. २०००।- का दरले (तेल र ड्राइभर बाहेक)
३	हाते रोलर	प्रति घण्टा रु. ५०००।- का दरले (तेल र ड्राइभर बाहेक)
४	रोड रोलर	प्रति घण्टा रु. २०००।- का दरले कम्तिमा दिनका रु. ८०००।- (तेल बाहेक)
५	सक्सन ट्याङ्क	प्रति घण्टा रु. ४५००।- त्यसपछि तुरुन्तै प्रति ट्रिपको रु. ४०००।-
६	डुमट्रक	प्रति दिन रु. ६०००।- का दरले (तेल बाहेक)
७	ड्रिल मेशिन	प्रति दिन रु. ५००।-

अनुसूची - १५
(दफा १६ सँग सम्बन्धीत)
नाता प्रमाणित

सि.नं.	विवरण	दर	कैफियत
१	नाता प्रमाणित पहिलो व्यक्ति	रु. ३५०।-	थप प्रति व्यक्ति रु. ५०।- का दरले
२	नाता प्रमाणित अंग्रजीमा पहिलो व्यक्ति	रु.५००।-	थप प्रति व्यक्ति रु. १००।- का दरले

अनुसूची - १६
(दफा १७ सँग सम्बन्धीत)
नक्सापास दस्तुर
आवासिय भवन

सि.नं.	भवनको प्रकार	बेसमेण्ट तल्ला	भूई तल्ला (प्रति वर्ग फिट) रु.	पहिलो तल्ला प्रति वर्ग फिट) रु.	दोश्रो तल्ला (प्रति वर्ग फिट) रु.	तेश्रो तल्ला र सो भन्दा माथि प्रति वर्ग फिट रु.
१	आर.सि.सि. पिल्लर भएको	रु. ७।-	रु. ८।-	रु. ९।-	रु. १०।-	रु. ११।-
२	ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेण्ट बालुवाको गारो, आर.सी.सी. को छाना भएको	-	रु. ६।-	रु. ७।-	रु. ८।-	-

सि.नं.	भवनको प्रकार	बेसमेण्ट तल्ला	भूईं तल्ला (प्रति वर्ग फिट) रु.	पहिलो तल्ला प्रति वर्ग फिट) रु.	दोश्रो तल्ला (प्रति वर्ग फिट) रु.	तेश्रो तल्ला र सो भन्दा माथि प्रति वर्ग फिट रु.
३	सिमेन्टको जोडाइमा ढुङ्गा वा ईट्टा वा ब्लकको गारो, जस्ता वा टाइलको छाना भएको	-	रु. ५।-	रु. ६।-	-	-
४	पटाहाको घेराबेरा लगायतका कच्ची भवन	-	रु. २।-	रु. २।-	-	-

व्यापारिक भवन

सि.नं.	भवनको प्रकार	वेसमेन्ट तला	भूईं तल्ला (प्रति वर्ग फिट) रु.	पहिलो तल्ला (प्रति वर्ग फिट) रु.	दोश्रो तला (प्रति वर्ग फिट) रु.	तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट) रु.
१	आर.सि.सि. पिल्लर भएको	रु. १०।-	रु. १२।-	रु. १४।-	रु. १६।-	रु. १८।-
२	ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेण्ट बालुवाको गारो, आर.सी.सी. को छाना भएको	-	रु. ९।-	रु. ११।-	रु. १३।-	-
३	सिमेन्टको जोडाइमा ढुङ्गा वा ईट्टा वा ब्लकको गारो, जस्ता वा टाइलको छाना भएको	-	रु. ७।-	रु. ९।-	-	-

मिश्रित भवन

सि.नं.	भवनको प्रकार	बेसमेण्ट तला	भूईं तल्ला (प्रति वर्ग फिट) रु.	पहिलो तल्ला (प्रति वर्ग फिट) रु.	दोश्रो तला (प्रति वर्ग फिट) रु.	तेश्रो तला र सो भन्दा माथि प्रति वर्ग फिट) रु.
१.	आर.सि.सि. पिल्लर भएको	रु. ८।-	रु. १०।-	रु. १२।-	रु. १४।-	रु. १६।-
२.	ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेण्ट बालुवाको गारो, आर.सी.सी. को छाना भएको	-	रु. ७।-	रु. ९।-	-	-
३.	सिमेन्टको जोडाइमा ढुङ्गा वा ईट्टा वा ब्लकको गारो, जस्ता वा टाइलको छाना भएको	-	रु. ६।-	रु. ७।-	-	-

सरकारी/संस्थागत भवन

सि.नं.	भवनको प्रकार	दर	कैफियत
१.	आर.सि.सि. भवन	रु. १०।- प्रति वर्ग फिट	भवनको कूल वर्ग फिट
२.	लोड बियरिङ्ग भवन	रु. ७।- प्रति वर्ग फिट	भवनको कूल वर्ग फिट

कम्पाउण्ड वाल तथा अस्थायी संरचना

सि.नं.	कम्पाउण्डवालको प्रकार	प्रति रनिङ्ग फिट रु.
१	सिमेन्ट जोडाईको कम्पाउण्ड वाल	रु. ५।-
२	माटो जोडाईको कम्पाउण्ड वाल	रु. ३।-

सि.नं.	कम्पाउण्डवालको प्रकार	प्रति रनिङ्ग फिट रु.
३	तारबारको कम्पाउण्ड वाल	रु. २।-
४	अस्थायी प्रकृतिका संरचना निर्माण	रु. २।- प्रति वर्ग फिट वा बढीमा रु. २५,०००।-

(क) नयाँ निर्माण जरिवाना

सि. नं.	विवरण	रकम
१	जगको कार्य सम्पन्न	नक्सापास दस्तुरको २५%
२	डि.पि.सि. को कार्य सम्पन्न	नक्सापास दस्तुरको ३५%
३	गाह्रो लगाउने कार्य सम्पन्न	नक्सापास दस्तुरको ३५%
४	ढलानको कार्य सम्पन्न	नक्सापास दस्तुरको ७५%
५	निर्माण कार्य सम्पन्न	नक्सापास दस्तुरको १००%
६	नक्शापास गरेर म्याद भित्र भवन निर्माण नगरी म्याद थप गर्न आएमा	नक्सापास दस्तुरको १०%
नोट : उल्लिखित जरिवाना निर्माण भएका तल्लाको आधारमा लिईनु पर्नेछ।		

(ख) तला थप जरिवाना

सि. नं.	विवरण	रकम
१	गाह्रो लगाउने कार्य सम्पन्न	नक्सापास दस्तुरको ५०%
२	ढलानको कार्य सम्पन्न	नक्सापास दस्तुरको ७५%
३	निर्माण कार्य सम्पन्न	नक्सापास दस्तुरको १००%
नोट : उल्लिखित जरिवाना निर्माण भएका तल्लाको आधारमा लिइनु पर्नेछ।		

(ग) नक्सा नामसारी

सि. नं.	विवरण	रकम
१	अंशबण्डा र भुकम्पको घरको नामसारी	१०००।-
२	किनबेचको घर नामसारी	रु. २।- प्रति वर्ग फिट
३	लिलाम सकारबाट हुनेनामसारी	रु. १०।- प्रति वर्ग फिट

(घ) घरनक्सा पास निवेदन शुल्क र नक्सा संशोधन शुल्क :

सि. नं.	विवरण	रकम
१	घरनक्सा पास निवेदन दर्ता शुल्क	रु. १,६००।-
२	नक्सा संशोधन	रु. १,०००।-

(ङ) जग्गा छुट्याउने शुल्क (घर नक्सासँग सम्बन्धीत)

सि. नं.	विवरण	रकम	कैफियत
१	वडा नं. ४, ५, ६ र ७ को लागि	रु. २,५००।-	थप प्रत्येक कित्ताको लागि रु. ५००।-
२	वडा नं. १, २, ३, ८, ९, १०, ११, १२, १३, १४ को लागि	रु. ३,५००।-	थप प्रत्येक कित्ताको लागि रु. ५००।-

अनुसूची - १७
(दफा-१८ सँग सम्बन्धीत)
(क) सिफारिस दस्तुर

सि. नं.	विवरण	रकम रु.
१	भारत जाने सिफारिस	५००.००
२	अन्य सबैं किसिमका अंग्रेजी सिफारिस	१०००.००
३	नाम, थर संशोधन सिफारिस	३००.००
४	विद्युत जडान सिफारिस	३००.००
५	उद्योग दर्ता सिफारिस	५००.००
६	बसोबास प्रमाणित सिफारिस	३००.००
७	जन्म मिति/विवाह प्रमाणित सिफारिस	३००.००
८	आर.सि.सि. घर निर्माण सम्पन्न नक्शा नियमित भुई तलाका प्रति तला थप	१५००.०० ५००.००
९	लोड वेरिङ्ग घर निर्माण सम्पन्न/नक्शा नियमित	१०००.००
१०	नक्सा नामसारी सिफारिस	१०००.००
११	विद्युत नामसारी/धारा नामसारी सिफारिस	३००.००
१२	पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस	१५००.००
१३	कच्ची घर बनाउनको लागि काठपात ल्याउने सिफारिस	१०००.००
१४	बाटो प्रमाणित सिफारिस दस्तुर	३००.००
१५	संस्था दर्ता दस्तुर	२०००.००
१६	संस्था नवीकरण दस्तुर	१०००.००
१७	संस्था नवीकरण सिफारिस दस्तुर	१५००.००
१८	संस्था नवीकरण विलम्ब शुल्क म्याद नाघेको प्रति वर्षको लागि	२०% का दरले
१९	धारा जडान सिफारिस	५००.००
२०	दलित जातजाति सिफारिस	२५०.००
२१	चारित्रिक सिफारिस	३००.००
२२	चारित्रिक सिफारिस दस्तुर	५००.००
२३	अन्य सिफारिस दिनु परेमा	३००.००
२४	अंश वण्डा सिफारिस	५००.००
२५	एफ.एम्. रेडियो दर्ता शुल्क	२५०००.००
२६	एफ.एम्. रेडियो नवीकरण शुल्क	५०००.००
२७	बीस लाख भन्दा माथिको व्यवसायको विवरण हेरफेर दर्ता लाग्ने दस्तुर	५०००.००
२८	व्यवसाय बन्द सेवा शुल्क	५००.००
२९	सरकारी दर्ता दस्तुर	३०००.००
३०	नागरिकता प्रतिलिपी सिफारिस	१००.००
३१	सरकारी संस्थाको विनियम पुनर्लेखन प्रमाणित दस्तुर	१०००.००
३२	श्रम स्वीकृती सहजीकरण दस्तुर	३००.००

(ख) चौहद्धि प्रमाणित, जग्गा नामसारी, मालपोतलाई घर कायम र छु जग्गा नामसारी :

सि.नं.	जग्गाको किसिम/क्षेत्र	पहिलो कित्ता	थप प्रति कित्ता
१	वि.पि. राजमार्गसँग जोडिएका जग्गा	५००.००	१००.००
२	माढी बजार र ढुंग्रेवास सडकसँग जोडिएका जग्गा, धुराबजार-विद्युतचोक-मधुटार-पानीट्याङ्की सडकसँग जोडिएका जग्गा	४००.००	७५.००
३	दोभानटार, मल्लगाउँ, लुङ्गेलीटार, साङ्वाले सडकसँग जोडिएका जग्गा	३००.००	५०.००
४	शाखा सडकसँग जोडिएका जग्गाहरु	३००.००	३०.००
५	जग्गा नामसारी सिफारिसको	५००.००	५०.००
६	छुट जग्गा नामसारी सिफारिसको	२०००.००	२००.००
७	मालपोत कार्यालयलाई घर कायमको सिफारिस दस्तुर	१५००.००	२००.००
८	हेटौंडा चतरा (मदन भण्डारी राजमार्ग) सडकसँग जोडिएका जग्गाहरु	४००.००	५०.००
९	चियाबारी देखि ढुंग्रेभञ्ज्याङ्गसम्मका वि.पि. राजमार्गसँग जोडिएका जग्गाहरु	४००.००	५०.००
१०	माझिटारदेखि गडौंली खोलासम्मको चकमके जाने सडक दाँया/बाँयाका जग्गाहरु	४००.००	५०.००
११	पिपलभञ्ज्याङ्ग-हायूटार सडक दाँया/बाँयाका जग्गाहरु	४००.००	५०.००

घरबाटो सिफारिस गर्दा विक्री हुने क्षेत्रफलको न.पा. ले मालपोत मूल्याङ्कनको ०.१५% दस्तुर लिने तर जग्गा नामसारी र अंशवण्डाको हकमा तोकिए बमोजिम दस्तुर लिने ।

निजी वोर्डिङ्ग स्कुल स्थापना र स्तरवृद्धि सिफारिस :

सि. नं.	विवरण	रकम रु.
१	मण्टेश्वरी	१०००.००
२	आधारभूत विद्यालय १-५ सम्मको	३०००.००
३	आधारभूत विद्यालय ६-९ सम्मको	७०००.००
४	मा.वि. ९-१० सम्मको	१०००.००
५	मा.वि. ११-१२ सम्मको	१५०००.००

अनुसूची - १८
(दफा १९ सँग सम्बन्धीत)
अन्य विविध आय

सि. नं.	विवरण	रकम रु.
१	टिकट दस्तुर	१०.००
२	नगदी/एकीकृत सम्पत्ति कर रसिदको प्रतिलिपि वापत	५०.००
३	नक्सापास आवेदन शुल्क	१६००.००
४	विद्युत महशुल-न.पा. को पसल कवलमा प्रयोग गरे वापत प्रति युनिट	प्राधिकरणको दररेट अनुसार
५	टेण्डर फारम/दरभाउ पत्र विक्री	नियमानुसार
६	सर्जमिन मुचुल्का-नागरकता बाहेक जुनसुकैमा	१०००.००
७	कन्सुलर प्रमाणित शुल्क	३००.००
८	हाटकर ठेक्का माढी बजार र भिमान बजारको	सम्झौता अनुसार

सि. नं.	विवरण	रकम रु.
९	सडक तथा नाला मर्मत सुधार शुल्क घरधनीसँग एकपटक नक्शा पास गर्दा	१०००.०० वा राजश्वको १०% जुन बढी हुन्छ, त्यही लिने ।
१०	खुल्ला-मञ्च, सभागृह र कार्यालयको हलमा कार्यक्रम गर्दा सरसफाई वापत प्रतिवेदनको	१०००.००
११	राजश्व दस्तुर प्रति पानाको	१.००
१२	कृषिसँग सम्बन्धीत समूह/फर्म सूचीकरण दस्तुर	३००.००
१३	ऐलानी जग्गा अभिलेखीकरण दस्तुर प्रति कट्ठा	५००.००
१४	कृषि तथा पशु विकास शाखामा दर्ता हुने व्यवसायको व्यवसाय दर्ता शुल्क	५००.००
१५	म्याद सकिएको ३५ दिन भित्रको नवीकरण	१००.००
१६	म्याद सकिएको ३६ दिन देखि १ वर्ष भित्रको नवीकरण	२५०.००
१७	म्याद सकिएको १ वर्ष देखि २ वर्ष सम्मको	३००.००
	परीक्षा दस्तुर	
१८	कक्षा ८ को परिक्षा शुल्क (प्रति विद्यार्थी)	३५०.००
१९	नगरले शिक्षक नियुक्ति गर्दा प्रति व्यक्तिः बाल विकासः आधारभूत तहः निम्न माध्यमिक तहः माध्यमिक तहः	 ५००.०० १०००.०० १५००.०० २०००.००
२०	ग्रेडसिट प्रतिलिपी दस्तुर	२००.००
२१	टोल विकास संस्था दर्ता दस्तुर	१०००.००
२२	टोल विकास संस्था नवीकरण वापत	५००.००
२३	घरको नक्सा प्रतिलिपी प्रति पाना	१०.००
२४	आवास निर्माण सम्पन्न प्रमाण-पत्र प्रतिलिपि	५००.००
२५	कित्ता प्रमाणित	१०००.००

पशु स्वास्थ्य परीक्षण दर्ता / सेवा शुल्क

१	गाई/भैसीको दर्ता	गोटा	१०/-
२	गाई/भैसीको पोष्ट मार्टम	गोटा	२००/-
३	हात्ती, घोडा, बादर, अन्य वन्य जन्तुको दर्ता	गोटा	२००/-
४	हात्ती, घोडा, बादर, अन्य वन्य जन्तुको पोष्ट मार्टम	गोटा	५००/-
५	भेडा, बाख्रा,खरायो आदिको दर्ता	गोटा	५/-
६	भेडा, बाख्रा,खरायो आदिको पोष्ट मार्टम	गोटा	५०/-
७	सुँगुर, बंगुरको दर्ता	गोटा	५/-
८	सुँगुर, बंगुरको पोष्ट मार्टम	गोटा	५०/-
९	कुखुरा, हाँस र अन्य पंक्षीको दर्ता	गोटा	५/-
१०	कुखुरा, चरा,हाँस र अन्य पंक्षीको पोष्ट मार्टम	गोटा	१०/-
११	माछाको पोष्ट मार्टम	गोटा	३०/-
१२	अन्य पशुपंक्षीको पोष्टमार्टम	गोटा	५०/-
१३	कुकुर, बिरालोको दर्ता	गोटा	१००/-
१४	कुकुर, बिरालोको पोष्ट मार्टम	गोटा	३००/-
१५	अन्य (मुसा,खरायो आदि)	गोटा	५०/-

१६	अल्ट्रा साउण्ड	गोटा	५००/-
	मेजर अप्रेशन		
१७	ठूला चौपायाको मेजर अप्रेशन	गोटा	३००/-
१८	साना चौपाया (कुकुर,बिरालो बाहेक) को मेजर अप्रेशन	गोटा	२००/-
१९	कुकुर बिरालो लगाएत कम्प्यानियन जनावरको मेजर अप्रेशन	गोटा	१०००/-
२०	अन्य पशु (वन्य जन्तु समेत)को मेजर अप्रेशन	गोटा	५००/-
२१	घाँउ ड्रेसिङ	गोटा	२००/-
२२	माइनर अप्रेशन	गोटा	१००/-
२३	Plastering	गोटा	३००/-
२४	रेबिज भ्याक्सिन १ मि.लि.	गोटा	१००/-
२५	कल्चर सेन्सेभिटि	गोटा	२००/-
२६	मस्टाइटिस CMT टेष्ट	गोटा	४०/-
२७	गोबर परीक्षण	गोटा	२५/-
२८	रुटिन पिसाब परीक्षण	गोटा	१००/-
	रगत परीक्षण		
२९	हेमाग्लोविन	गोटा	४०/-
३०	CBC	गोटा	१५०/-
३१	TLC	गोटा	२०/-
३२	DLC	गोटा	४०/-
३३	RBC	गोटा	२०/-
३४	ESR	गोटा	२०/-
३५	Platelets	गोटा	२०/-
३६	पि.भि.सि.	गोटा	४०/-
	बायोकेमिकल परीक्षण		
३७	LFT (Liver Function Test)	गोटा	३००/-
३८	AST/SGOT	गोटा	५०/-
३९	ALT/SGPT	गोटा	५०/-
४०	ALP	गोटा	५०/-
४१	Total Protein	गोटा	५०/-
४२	S. Albumin	गोटा	५०/-
४३	S. Bilirubin (Total)	गोटा	२५/-
४४	Bilirubin (Total)	गोटा	२५/-
४५	RFT (Renal Function Test)	गोटा	३००/-
४६	BUN	गोटा	५०/-
४७	Creatinine	गोटा	५०/-
४८	Sodium	गोटा	१००/-
४९	Potassium	गोटा	१००/-
५०	Glucose Test	गोटा	५०/-
५१	Blood Parasite	गोटा	५०/-
५२	Skin Scrapping	गोटा	१००/-

५३	सेरेलोजिकल परीक्षण	गोटा	२००/-
	आइरोलोजी परीक्षण		
५४	रेपिड टेष्ट	गोटा	१००/-
५५	एच.ए./एच.आइ	गोटा	५०/-
	पशुपंक्षी फार्म दर्ता सम्बन्धी		
५६	नयाँ फार्म दर्ता	गोटा	५००/-
५७	फार्म नवीकरण	गोटा	२००/-
५८	फार्म नवीकरण विलम्व शुल्क (प्रति वर्ष)	गोटा	१००/-
	पशु प्रजनन सेवा		
५९	कृतिम गर्भाधान (गाई/भैसी/बाखा)	गोटा	५०/-
	अन्य सेवाहरु		
६०	काऊ लिफटर मेसिन प्रयोग	प्रति दिन	५०/-
६१	Endoscopy/Rumen Metal Extraction	गोटा	५००/-
६२	खोप सेवा (एच.एस.बि.क्यू.)सबै जनावर	गोटा	१०/-
६३	खोप सेवा (एफ.एम.डी.)सबै जनावर	गोटा	१०/-
६४	खोप सेवा (पार्भो) कुकुर र बिरालो	गोटा	१००/-
६५	खोप सेवा (डिस्टेम्पर) कुकुर र बिरालो	गोटा	१००/-
६६	खोप सेवा (रानीखेत, १०० डोज) कुखुरा	१०० गोटा	५०/-
६७	खोप सेवा (गम्बोरा, १०० डोज) कुखुरा	१०० गोटा	५०/-

दण्ड सजाय

१. कमलामाई नगरपालिकाले देहाय बमोजिमको विषयमा देहाय बमोजिम सजाय गर्न सक्नेछ।

(१) सार्वजनिक स्थल, सडक, सडकपेटी आदि अतिक्रमण गरी व्यापार, व्यवसाय गर्ने व्यक्तिहरुलाई सामान हटाउन नगर पालिकाले आदेश दिनेछ। हटाउन दिएको आदेशको पालना नगरेमा नगरपालिकाले सामानहरु नियन्त्रण गरी आदेश नमान्ने व्यक्तिलाई दश हजार रुपैयाँ जरिवाना गर्नेछ। कसुर दोहोर्याई पुनः गरेमा पटकै पिच्छे दोब्बर जरिवाना असुल गरी नियन्त्रित सामान फिर्ता गर्न सक्नेछ। तर १५ दिन भित्र नियन्त्रित सामान फिर्ता लिन नआएमा नगरपालिकाले प्रकृया अगाडी बढाई लिलाम गर्न सक्नेछ।

(२) (क) कमलामाई नगरपालिकाले पार्किङ स्थल भनी तोकेको स्थान भन्दा अन्यत्र जथाभावी पार्किङ गर्न सवारी धनीहरुलाई निषेध गरेको छ। निषेधित क्षेत्रमा पार्किङ नगर्न नगराउन नगरपालिकाले आदेश दिनेछ। आदेशको पालना नगरेमा त्यस्ता सवारीहरु नियन्त्रण गरी देहाय बमोजिम जरिवाना गरिनेछ।

- बस, ट्रक, मिनिबस, मिनि ट्रक आदिको हकमा प्रति सकारी प्रतिदिन रु. १५००।- (अक्षेरुपी रुपैया एक हजार पाँच सय मात्र)
- कार, जिप, भ्यान, ट्रयाक्टर, अटो आदिको हकमा प्रति सवारी प्रतिदिन रु. १०००।- (अक्षेरुपी रुपैयाँ एक हजार मात्र)
- मोटरसाइकलको हकमा प्रति मोटरसाइकल प्रतिदिन रु. २५०।- (अक्षेरुपी दुई सय पचास मात्र)

(ख) उल्लिखित सवारीहरुले कसुर दोहोर्याई पुनः पार्किङ निषेधित क्षेत्रमा पार्किङ गरेमा पटकै पिच्छे दोब्बर जरिवाना गरिनेछ।

(३) (क) कमलामाई नगरपालिका क्षेत्रभित्रको सार्वजनिक स्थलमा घरपालुवा चौपायाहरु छाडा छोड्न पाइने छैन, यदी कोही कसैले चौपायाहरु छाडा छोडेको पाइएमा नगरपालिकाले चौपाया धनीहरुलाई छाडा नछोड्न सचेत गराइनेछ। सो अनुसार नगरेमा नगर पालिकाले छाडा चौपाया नियन्त्रण गरी देहाय बमोजिमको जरिवना गर्नेछ।

देहाय

- चौपायाको हकमा प्रति चौपाया प्रतिदिन रु. ५००।- (अक्षेरुपी रुपैया पाँच सय मात्र)

(ख) उल्लिखित चौपायहरु नियन्त्रण गरी पाल्नुपर्ने भएमा प्रतिदिन प्रतिचौपाय रु. ५००।- (पाँच सय) थप आहार शुल्क तिर्नुपर्नेछ।

(ग) खण्ड क र ख बमोजिम जरिबाना तथा आहार शुल्क असुल पश्चात चौपाय धनीलाई चौपायहरु फिर्ता गर्न सकिनेछ तर ७ दिन भित्र चौपाय धनीहरु आफ्नो चौपायहरु लिन नआएमा प्रकृया बढाई नगरपालिकाले लिलाम गर्न सक्नेछ।

"घ" वर्गको ठेक्का पट्टामा

सि.नं.	विवरण	दस्तुर
१	"घ" वर्गको इजाजत-पत्र दस्तुर	२०००.००
२	ठेक्का पट्टा, नामसारी र निर्माण सेवालाई प्रा.लि. परिवर्तन	१०००.००
३	"घ" वर्गको इजाजत नवीकरण अवधि समाप्त भएको ३ महिना आश्विन मसान्त भित्र नवीकरण गर्दा	६०००.००
४	"घ" वर्गको इजाजत नवीकरण म्याद नाघेको ६ महिना असार मसान्त भित्र नवीकरण गर्दा डवल दस्तुर लाग्ने	१२०००.००
५	"घ" वर्गको इजाजत नाम परिवर्तन	२५००.००

अनुसूची - १९
(दफा २० सँग सम्बन्धीत)
करछुट

सि. नं.	विवरण	कर छुट दिइने क्षेत्र	प्रतिशत
१	चालु आ.लु. को कर पौष मसान्तसम्ममा दाखिला गरेमा	सम्पत्ति कर	१०%
२	टेण्डर प्रक्रियाबाट ठेक्का लगाउँदा पुरा रकम अग्रीम भुक्तानी गरेमा	सम्झौता रकमको	५%
३	नगरपालिका भित्रका पर्यटकीय क्षेत्रमा प्रवेश शुल्क	जेष्ठ नागरिक, नगरपालिका पदाधिकारी, नगरपालिका कर्मचारी, नेपाली सेना, पत्रकार र अपाङ्गता भएका व्यक्तिहरु	निःशुल्क
४	घर बहाल करमा कुनै पनि व्यक्ति वा संस्थाले दिएको घर, कोठा, सटर, गोदाम र जग्गा भाडामा नरहेको अवस्थामा सम्बन्धीत घरधनी/जग्गा धनीले खाली भएको व्यहोराको निवेदनको आधारमा समितिबाट स्थलगत निरीक्षण गर्दा खाली भएको व्यहोराको सिफारिसको आधारमा समितिको निर्णयबाट छुट तथा लगत कट्टा गरिनेछ।		
५	विश्वव्यापी रुपमा फैलिएको कोरोना संक्रमणका कारण कमलामाई नगरपालिकामा निषेधाज्ञा जारी भए पश्चात अत्यावश्यक सेवा बाहेक सबै सेवा बन्द भएको अवस्थामा कार्यपालिकाले तोकि दिएका क्षेत्रहरुमा छुट गरिनेछ।		
६	अचल सम्पत्ति मूल्याङ्कनमा अध्ययन प्रयोजनको लागि विद्यार्थीलाई ५०% छुट दिइनेछ।		

न.पा. बाट हुने निःशुल्क सिफारिसहरु

सि.नं.	विवरण	कैफियत
१	नागरिकता सिफारिस	
२	दैवी प्रकोप सम्बन्धी सिफारिस	
३	विपन्न/असाहय सिफारिस	

सि.नं.	विवरण	कैफियत
४	छात्रवृत्ति सिफारिस	
५	सामाजिक सुरक्षा सिफारिस जेष्ठ नागरिक सिफारिस दलित जेष्ठ नागरिक सिफारिस एकल वा असहाय सिफारिस लोपोन्मुख/सीमान्तकृत सिफारिस अपाङ्ग सिफारिस दलित बालबालिका सिफारिस परिचय-पत्र वितरण सिफारिस	
६	पुनः निर्माण/प्रबलीकरण सिफारिस	
७	स्वास्थ्य बीमा/औषधोपचार सिफारिस	
८	वडाबाट न.पा. कार्यालयलाई गरिने सिफारिसः योजना/कृषि/पशु/स्वास्थ्य सम्बन्धी सिफारिस	
९	उपभोक्ताहरुको खाता सञ्चालन/बन्द सिफारिस	
१०	आर्थिक सहायता सिफारिस	
११	महिला, अपाङ्गता, एकल, लोपोन्मुख र अति विपन्नता भएका व्यक्तिहरुको समूह (कृषि तथा पशु) सिफारिस	
१२	व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गरेमा निःशुल्क सिफारिस	

अनुसूची - २०
(दफा २१ सँग सम्बन्धीत)
मालपोत तथा भुमिकर

सि.नं.	विवरण	प्रतिकट्ठा	सि.नं.	विवरण	प्रति रोपनी
१	अब्बल जग्गा	२५.००	३५.००	अब्बल जग्गा	३५.०
२	दोयम जग्गा	२०.००	३०.००	दोयम जग्गा	३०.०
३	सिम जग्गा	१५.००	२५.००	सिम जग्गा	२५.०
४	चाहार जग्गा	१०.००	१५.००	चाहार जग्गा	१५.०
बक्यौता मालपोत तथा भूमिकर भुक्तानी गर्दा देहाय अनुसार जरिवाना लाग्नेछ। एक वर्षको बक्यौतामा सो को २०% ले हुन आउने रकम र एक वर्ष भन्दा बढीको बक्यौतामा प्रति वर्ष १०% ले हुन आउने रकम।					

अनुसूची - २१
(दफा २२ सँग सम्बन्धीत)
चिल्ड्रेन पार्क शुल्क

क्र.सं.	विवरण	दर	कैफियत
१	चिल्ड्रेन पार्क प्रवेश शुल्क	५.००	

अनुसूची - २२
(दफा २५ सँग सम्बन्धीत)
साविक डाँडीगुराँसे गा.वि.स. १-९ सम्म, हाल क.न.पा. वडा नं. १, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कट्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	हेटौंडा-चतरा सडकले छोएका दाँया/बाँयाका ५० मिटरसम्मका डाँडी, चौराई, स्वाँरा, काफ्लेटार र खारखोलाका जग्गाहरु	रु. ५,००,०००.००
	डाँडी, आँपचौर, बखफर ग्रामिण सडकले छोएका दाँया/बाँयाका ५० मिटर सम्मका चनौटे, दर्वेटार, मभिनीदमार, वाईबाटार, चापाबोटे, बद्रिपुर, जखनी र कुण्डका जग्गाहरु	रु. १,००,०००.००
	बेल्टार सडकले छोएका दाँया/बाँयाका ५० मिटर सम्मका खाज्रेटार र बेल्टार	रु. १,००,०००.००
ग. कृषि क्षेत्र	हेटौंडा-चतरा सडकले छोएका दाँया/बाँयाका ५० मिटर भन्दा पछाडीका डाँडी, चौराई, स्वाँरा, काफ्लेटार र खारखोलाका जग्गाहरु	रु. ५०,०००.००
	हेटौंडा-चतरा सडकले नछोएका डाँडी, चौराई, स्वाँरा, काफ्लेटार र खारखोला, सातधारा, बल्हटा र भुताहाका जग्गाहरु	रु. ३०,०००.००
	डाँडी, आँपचौर, बखफर ग्रामिण सडकले छोएका दाँया/बाँयाका ५० मिटर भन्दा पछाडीका चनौटे, दर्वेटार, मभिनी दमार, वाइबाटार, चापाबोटे, बद्रिपुर, जखनी र कुण्डका जग्गाहरु	रु. ३०,०००.००
	खयरसाल, तीनतला, सिरुटार, निपाने, दमार, भिमान, रातादुम्री, आँपचौर र पुराण्डिका जग्गाहरु	रु. ३०,०००.००
	मच्छिनी, सुब्बीनी, गोठखोला, ठूलोखोला, डुँडखोला, हाँत्तीमारा, कसाईडाँडा र घाघरधापका जग्गाहरु	रु. २०,०००.००
घ. भीर-पाखा क्षेत्र	गुराँसे, मानेडिही, रैकिनी, केशफुले, कुवापानी, गैरीगाउँ, आँख्ले, लगलगे, कोप्चे, सिम्ले, क्वान्द्रे, हात्तीडुवा, मगरस्वाँरा, अस्थानी, आदामारा, ओदाने, सिम्लेटार, झोलङ्गेडिहि, लुकवा, थुनुवा, जोगीदमार, घर्तीस्वाँरा, घुमाउने र तल्लो गोठखोला	रु. १०,०००.००
ङ. बगर क्षेत्र	मरिण खोलाले कटार/पुरान गरेका जग्गा, घाघर खोलाले कटान/पुरान गरेका र विभिन्न खहरे खोलाले कटान/पुरान गरेका जग्गाहरु	रु. १०,०००.००
च. वन क्षेत्र	.....	.....

साविक भद्रकाली गा.वि.स., वडा नं. १ देखि ९ सम्म, हाल कमलामाई न.पा. वडा नं. २, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कट्ठा रु.
क. व्यापारिक क्षेत्र	बनेपा, बर्दिवास, सिन्धुली राजमार्गको चियाबारी बजार क्षेत्रका जग्गा	रु. १०,००,०००.००
ख. आवासीय क्षेत्र	विपि राजमार्गले छोएका दायाँ/बाँयाका जग्गाहरुः चियाबारी, दमाईडाँडा, पिपलभञ्ज्याङ्ग, चिम्रेडाँडा र ढुंग्रेभञ्ज्याङ्गका जग्गाहरु	रु. ५,००,०००.००
	हेटौंडाँ-चतरा सडक अन्तर्गत कुसुमटारका सडक दाँया/बाँयाका जग्गाहरु	रु. ५,००,०००.००
	पिपलभञ्ज्याङ्गबाट निबुवाटार शाखा सडकले छोएका धनमना, चिसापानी, भोटेस्वाँरा र मसानटारका सडक दायाँ/बाँयाका जग्गाहरु	रु. ५,००,०००.००
	निबुवाटार-खट्टार सडकले छोएका खट्टार, कालिटार, सिमलटार र छतिऔनका जग्गाहरु	रु. २,००,०००.००

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कट्ठा रु.
ग. कृषि क्षेत्र	धनमना, सिन्धुलीगढी मोटरबाटोमा पर्ने पाडुलेबेशी र दुवेडाँडाका जग्गाहरु	रु. ५,००,०००.००
	निबुवाटार, कालिटार, करमटार, सिमलटार, छतिऔन, खट्टार, कुशुमटार, लामिस्वाँरा र धनमनाका खेतहरु	रु. ५,००,०००.००
घ. भीर-पाखा क्षेत्र	लेखर्क, बेसारे, दुजिङ्ग, मैवले, बोहोरे, अमले, बसेरी, सिस्नेरी, सरकारीखर्क, माथिल्लो बोहोरे, केवरे, लामिडाँडा, मुडेकथाक्ले, चम्पागाउँ, ग्वाङ्गसे, दामे, सरस्वती, सालुगाउँ, जुम्लिडाँडा, गोम्दल, हाँत्तीगौडा, निबुवाटार, खरक मैवलेवेशी, सुनडाँडा, ढाडे, मगरगाउँ, आदामारा लगायतका अन्य क्षेत्रहरु	रु. ५०,०००.००
ङ. बगर क्षेत्र	तारुखोला, धनमनाखोला, ग्वाङ्खोला, सरस्वतीखोला, सिम्लेखोला र मरिणखोलाले बगाएका जग्गाहरु	रु. ५,०००.००
च. वन क्षेत्र	.....	.....

साविक जलकन्या गा.वि.स., वडा नं. १ देखि ९ सम्म, हाल कमलामाई न.पा. वडा नं. ३, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कट्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	मूल सडकले छोएका स्कूल चोक मा.वि. क्षेत्रका जग्गाहरु	रु. २,००,०००.००
	मूल सडकले छोएका तारुफेदी, देवकोटा टोल, सिग्देल टोल, जयमान पोखरी र धोद्रे खोलाका जग्गाहरु	रु. १,५०,०००.००
	शाखा सडकले छोएका आचार्यटोल, गौतमटोल, कार्कीटोल, महाजनटोल, सिमपानी, मुखियाटोल, बाटो निगाले, कुँडुलेका जग्गाहरु	रु. १,००,०००.००
	शाखा सडकले छोएका जलकन्या देवी मन्दिर वरीपरीका जग्गाहरु	रु. ५०,०००.००
ग. कृषि क्षेत्र	साविक जलकन्या १ देखि ९ सम्मका (धनहर) खेतहरु	रु. ६०,०००.००
घ. भीर-पाखा क्षेत्र	लेखर्क, बेसारे, दुजिङ्ग, मैवले, बोहोरे, अमले, बसेरी, सिस्नेरी, सरकारीखर्क, माथिल्लो बोहोरे, केवरे, लामिडाँडा, मुडेखर्क, थाक्ले, चम्पागाउँ, ग्वाङ्गँसे, दामे, सरस्वती, सालुगाउँ, जुम्लिडाँडा, गोम्दल, हात्तीगौंडा, निबुवाटार खरक, मैवलेवेशी, सुनडाँडा, ढाडे, मगरगाउँ, आदमारा लगायतका अन्य क्षेत्रहरु	रु. १५,०००.००
ङ. बगर क्षेत्र	तारुखोला, धनमनाखोला, ग्वाङ्गखोला, सरस्वतीखोला, सिम्लेखोला र मरिणखोलाले बगाएका जग्गाहरु	रु. ५,०००.००
च. वन क्षेत्र	.....	.....

साविक कमलामाई नगरपालिका, वडा नं. १, हाल कमलामाई न.पा. वडा नं. ४, सिन्धुली

मुख्य क्षेत्र	स्थानक	न्यूनतम मूल्य प्रति कट्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	.....	.....
ग. कृषि क्षेत्र	माथिल्लो ज्यामिरेदेखि तल्लो ज्यामिरेसम्मका जग्गाहरु, धुराबजार हुँदै कपिलाकोट जाने सडक भन्दा तलका कुँडुलेवेसी क्षेत्रका जग्गाहरु	रु. ३०,०००.००
घ. भिर-पाखा क्षेत्र	शिखर, माथिल्लो शिखर, स्वाँरा, भञ्ज्याङ्ग लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. १०,०००.००
ङ. बगर क्षेत्र	मरिण खोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. २,०००.००
च. वन क्षेत्र	.....	.....

साविक कमलामाई नगरपालिका, वडा नं. २, हाल कमलामाई न.पा. वडा नं. ४, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	धुराबजार हुँदै कपिलाकोट सडकले छोएको साङ्वाले र खट्टार क्षेत्रका जग्गाहरु	रु. ४,००,०००.००
ग. कृषि क्षेत्र	लब्दाहा र ढाडे खोला आसपासका धुराबजार हुँदै कपिलाकोट सडकले नछोएको साङ्वाले क्षेत्रका अन्य जग्गाहरु	रु. ७५,०००.००
	डुन्डाँडा क्षेत्रका जग्गाहरु	रु. ५०,०००.००
घ. भिर-पाखा क्षेत्र	साङ्वालेडाँडा र झाँगाझोली क्षेत्रका जग्गाहरु	रु. ५०,०००.००
	मन्त्रीडाँडा, दर्लामी, बोगटी, ढाँडे लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. ५,०००.००
ङ. बगर क्षेत्र	.....	.....
च. वन क्षेत्र	.....	.....

साविक कमलामाई नगरपालिका, वडा नं. ५, हाल कमलामाई न.पा. वडा नं. ४, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	धुराबजार हुँदै कपिलाकोट जाने सडकले छोएको मिलनचोक, ढकालगाउँ र साङ्वाले क्षेत्रका जग्गाहरु	रु. ४,००,०००.००
ख. आवासीय क्षेत्र	धुराबजार हुँदै कपिलाकोट जाने सडकले नछोएको मिलनचोक, ढकालगाउँ र साङ्वाले क्षेत्रका जग्गाहरु	रु. ३,००,०००.००
	शाखा सडकले छोएका जग्गाहरु	रु. ३,००,०००.००
ग. कृषि क्षेत्र	धुराबजार हुँदै कपिलाकोट जाने सडकले नछोएको मिलनचोक, ढकालगाउँ र साङ्वाले क्षेत्रका अन्य जग्गाहरु	रु. १,५०,०००.००
	चुवाबोटे, लब्दाहा र माढीफाँट क्षेत्रका जग्गाहरु	रु. ७५,०००.००
	देउराली, सातपत्र, राएडिही, जामुनटार, बरालडिही, गहतेटार, दमार क्षेत्रका जग्गाहरु	रु. ४५,०००.००
घ. भिर-पाखा क्षेत्र	ढकालगाउँ शिखर, चैनपुर, पोखेलगाउँ, आहाले, डाँडाटोल, कुलाबाँध, बान्द्रे, र मितेडाँडा लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. १५,०००.००
ङ. बगर क्षेत्र	ग्वाङ्खोला र लब्दाहा खोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. २,०००.००
च. वन क्षेत्र	.....	.....

साविक कमलामाई नगरपालिका, वडा नं. ९, हाल कमलामाई न.पा. वडा नं. ४, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	वि.पि. राजमार्गले छोएको गर्दूवापुलदेखि टारीसम्म ढुंग्रेवास क्षेत्रका जग्गाहरु	रु. १२,००,०००.००
	ढुंग्रेवास मुल सडकले छोएको ढुंग्रेवास तल्लो पिपल चौतारादेखि क्याम्पस चोक सम्म ढुंग्रेवास क्षेत्रका जग्गाहरु	रु. ८,००,०००.००

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
ख. आवासीय क्षेत्र	शाखा सडकले छोएको गर्दूवा खोला देखि कमला चोक र कमला चोकदेखि कमला मा.वि. सम्म ढुंग्रेवास क्षेत्रका जग्गाहरु	रु. ६,००,०००.००
	वि.पि. राजमार्गले छोएको टारीदेखि हिरापानी सम्मका जग्गाहरु, क्याम्पसचोक देखि मल्ला गाउँ हुँदै हिरापानी जाने शाखा सडकले छोएका जग्गाहरु तल्लो पिपल चौतारादेखि गर्दूवा खोलासम्म जाने शाखा सडकले छोएको ढुंग्रेवास तल्लो क्षेत्रका जग्गाहरु मरिण सडक र ढुंग्रेवास, मिलनचोक सडकले छोएका जग्गाहरु	रु. ४,००,०००.००
	क्याम्पसचोकदेखि टारीसम्म जाने शाखा सडकले छोएका जग्गाहरु	रु. २,२५,०००.००
ग. कृषि क्षेत्र	सडकले नछोएको ढुंग्रेवास, मल्लागाउँ, टारी, हिरापानी क्षेत्रका अन्य जग्गाहरु	रु. १,५०,०००.००
	दोभानटार र कटहरे क्षेत्रका सम्पूर्ण जग्गाहरु माढीफाँट क्षेत्रका जग्गाहरु	रु. १,१२,०००.००
घ. भिर-पाखा क्षेत्र	देउराली, कात्तिके, च्याउँकोट, केराबारी, केवरे, चुनियाँटार, छ्याकटेडाँडा, थापाटोल लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. १०,०००.००
ङ. बगर क्षेत्र	ग्वाङ् खोला र फुन्ती खोला वा गडौली खोला शिरले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. २,०००.००
च. वन क्षेत्र	.....	.....

साविक कमलामाई नगरपालिका, वडा नं. ४, हाल कमलामाई न.पा. वडा नं. ५, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	कालिमाई मन्दिर हुँदै सिलामे जाने सडकले छोएको कालिमाई मन्दिरदेखि देउराली डाँडासम्म मधुटार क्षेत्रका जग्गाहरु	रु. ८,००,०००.००
	धराबजार हुँदै कपिलाकोट जाने सडकले छोएको मिलनचोक र साङ्वाले क्षेत्रका जग्गाहरु	रु. ४,००,०००.००
	कालिमाई मन्दिर हुँदैं सिलामे जाने सडकले नछोएका तर शाखा सडकहरुले छोएका कालिमाई मन्दिरदेखि देउराली डाँडासम्मका मधुटार क्षेत्रका जग्गाहरु	रु. ३,००,०००.००
	रानीखोला, हस्तेटोल, कारागार सडकले छोएका जग्गाहरु	रु. २,००,०००.००
ग. कृषि क्षेत्र	सडकले नछोएका कालिमाई मन्दिरदेखि देउराली डाँडा सम्मका मधुटार क्षेत्रका अन्य जग्गाहरु	रु. ३,००,०००.००
	गैंयाँटार, कारागार, फोश्रेटार क्षेत्रका जग्गाहरु	रु. १,१२,०००.००
	ऐंसेलुजंगार, लब्दाहा फाँट, बोझे क्षेत्रका जग्गाहरु	रु. ४५,०००.००
घ. भिर-पाखा क्षेत्र	रानीखोला, जरायोटार, रातमाटे डाँडा, चिसापानीझोरा, राजपानी, कालीमाटी दमार, आहाले, हायूटार लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. १५,०००.००
ङ. बगर क्षेत्र	ग्वाङ्खोला, लब्दाहा खोला र खहरेले कटान पुरान गरेका क्षेत्रका जग्गाहरु	रु. २,०००.००
च. वन क्षेत्र	.....	.....

कमलामाई नगरपालिका, वडा नं. ६

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	वि.पि. राजमार्गले छोएको शिवनगर, सिंचाईटोल क्षेत्रका जग्गाहरु	रु. १४,००,०००.००
	सिन्धुली सदरमुकाम माढीबजार प्लट नं. १ र २ का जग्गाहरु	रु. १२,००,०००.००
	धुराबजार हुँदै कपिलाकोट जाने सडकले छोएको धुराबजार क्षेत्रका जग्गाहरु	रु. ८,००,०००.००

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
ख. आवासीय क्षेत्र	शाखा सडकले छोएको शिवनगर, सिंचाईटोल क्षेत्रका जग्गाहरु, वि.पि. राजमार्गले छोएको रातमाटा र राम्माडी क्षेत्रका जग्गाहरु	रु. १०,००,०००.००
	शाखा सडकले छोएका रातमाटा क्षेत्रका जग्गाहरु, वि.पि. राजमार्गले छोएका शिखरटोल क्षेत्रका जग्गाहरु	रु. ६,००,०००.००
	शाखा सडकले छोएको पानीट्याङ्की क्षेत्रका जग्गाहरु, शाखा सडकले छोएको नुनथलासम्मा राम्माडी क्षेत्रका जग्गाहरु	रु. २,६०,०००.००
ग. कृषि क्षेत्र	सडकले नछोएका रातमाटा क्षेत्रका अन्य जग्गाहरु, फूलबारी दमार, जफते क्षेत्रका जग्गाहरु	रु. २,००,०००.००
	धुरा बजार हुँदै कपिलाकोट जाने सडकले नछोएको धुराबजार क्षेत्रका अन्य जग्गाहरु र माढीफाँट क्षेत्रका जग्गाहरु	रु. ९०,०००.००
घ. भिर-पाखा क्षेत्र	सडकले नछोएका सिंचाईटोल क्षेत्रका अन्य जग्गाहरु	रु. ७५,०००.००
	अंधेरी, जसेदमार, हुस्से, बुढाथोकीटार, नुनथला, धन्सारे, ऐंसेलुजंगार लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. ५०,०००.००
ङ. बगर क्षेत्र	ग्वाङ् खोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. २,०००.००
च. वन क्षेत्र	.....	.....

कमलामाई नगरपालिका, वडा नं. ७

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	वि.पि. राजमार्गले छोएको विद्युतचोकदेखि चपौलीटोल जाने शाखा सडकसम्मका जग्गाहरु	रु. १४,००,०००.००
	वि.पि. राजमार्गले छोएको चपौलीटोल जाने शाखा सडकदेखि गडौलीपुलसम्मका जग्गाहरु	रु. ८,००,०००.००
	शाखा सडकले छोएको विद्युत चोकदेखि चपौली टोलसम्मका जग्गाहरु	रु. ६,००,०००.००
	सिन्धुली-भिमस्थान जाने सडकले छोएको विद्युतचोक देखि गडौलीसम्मका जग्गाहरु	रु. २,२५,०००.००
	वि.पि. राजमार्गले छोएको गडौली पुल देखि बुका पुल सम्मका जग्गाहरु शाखा सडकले छोएको पानीट्याङ्की, बर्देउटार, डाँडाटोल क्षेत्रका जग्गाहरु शाखा सडकले छोएको लुङ्गेलीटार र ठूलीटार क्षेत्रका जग्गाहरु	रु. १,५०,०००.००
ग. कृषि क्षेत्र	फूलबारी दमार क्षेत्रका जग्गाहरु सडकले नछोएका माझीटार, डाँडाटोल, पानीट्याङ्की, बर्देउटार, क्षेत्रका जग्गाहरु ठूलीटार क्षेत्रका जग्गाहरु	रु. १,२०,०००.००
	खैरेनी, बुका, सार्केटार, जफतीझोरा, कालीटार, पल्लो रामपुर, वल्लो रामपुर क्षेत्रका जग्गाहरु	रु. ४५,०००.००
	बाँसकटेरी, गैरीगाउँ, थाक्लेफेदी क्षेत्रका जग्गाहरु	रु. १०,०००.००
घ. भिरपाखा क्षेत्र	तीनतले, ढोकाडाँडा, हरिथुम्का, दुम्की लगायतका अन्य क्षेत्रका जग्गाहरु	रु. १०,०००.००
	अन्य क्षेत्रका जग्गाहरु	रु. ५,०००.००
ङ. बगर क्षेत्र	गडौली खोला र बुका खोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. २,०००.००
च. वन क्षेत्र		

कमलामाई नगरपालिका वडा नं. ८

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	वि.पि. राजमार्ग र शाखा सडकले छोएका करकरे र वसन्तपुर क्षेत्रका जग्गाहरु	रु. ६०,०००.००
ग. कृषि क्षेत्र	सडकले नछोएको करकरे क्षेत्रका अनेय जग्गाहरु, काभ्रेटार, माइस्थान, डुमरिया क्षेत्रका जग्गाहरु	रु. ३०,०००.००
	हात्तिसार, सिस्नेरी, हर्दिया र बागमारा क्षेत्रका अन्य जग्गाहरु	रु. २०,०००.००
घ. भिरपाखा क्षेत्र	पाथीभरा, तिनतले, बाघछेडा, ठूल्डाँडा र पारी लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. १०,०००.००
	करकरे लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. ५,०००.००
ङ. बगर क्षेत्र	माइखोला, मछेनी खोलाव र खहरेले कटान पुरान गरेका क्षेत्रका जग्गाहरु	रु. १,०००.००
च. वन क्षेत्र		

साविक कमलामाई नगरपालिका, वडा नं. ११, हाल वडा नं. ९

कमुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	वि.पि. राजमार्ग र भिमान बजार मुख्य सडकले छोएको भिमान बजार क्षेत्रका जग्गाहरु	रु. ४,००,०००.००
ख. आवासीय क्षेत्र	वि.पि. राजमार्गले छोएको पन्नेसी र शहिद नगर क्षेत्रका जग्गाहरु	रु. २,००,०००.००
ग. कृषि क्षेत्र	सडकले नछोएको भिमान क्षेत्रका अन्य जग्गाहरु सडकले नछोएको पन्नेसी क्षेत्रका अन्य जग्गाहरु शिक्षक टछोल, निरौला टोल र कत्लेखोला क्षेत्रका जग्गाहरु	रु. १,००,०००.००
घ. भिरपाखा क्षेत्र	चुरे लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. ५०,०००.००
ङ. बगर क्षेत्र	कमलाखोला र भिमान खोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. १,०००.००
च. वन क्षेत्र		

साविक कमलामाई नगरपालिका, वडा नं. १२, हाल वडा नं. ९

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	भिमान-डकाहा सडकले छोएको इनारपानी देखि कोरङ्खोलासम्मका जग्गाहरु	रु. १,२५,०००.००
ग. कृषि क्षेत्र	कृषि उपशाखा केन्द्र, पशु सेवा उपकेन्द्र भन्दा पूर्व तर्फ कृष्ण मन्दिरसम्मका जग्गाहरु जनजागृति उ.मा.वि. देखि बाँस खहरे बीचका जग्गाहरु	रु. ७५,०००.००
घ. भिरपाखा क्षेत्र	सानो भलुवाही लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. २०,०००.००
ङ. बगर क्षेत्र	कमलाखोला, भिमानखोला र कोरङ्खोला साथै खहरेले कटान पुरान गरेका क्षेत्रका जग्गाहरु	रु. १,०००.००
च.वन क्षेत्र		

साविक कमलामाई नगरपालिका, वडा नं. १४, हाल वडा नं. ९

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	भिमान-डकाहा सडकले छोएको बेल्सिङ् खहरेदेखि ज्ञानज्योति प्रा.वि. सम्मका जग्गाहरु	रु. १,००,०००.००
ग. कृषि क्षेत्र	भिमान-डकाहा सडकले नछोएको बेल्सिङ् खहरेदेखि ज्ञानज्योति प्रा.वि. सम्मका जग्गाहरु	रु. ४०,०००.००
घ. भिरपाखा क्षेत्र	बेल्सिङ् खहरे पश्चिम तर्फ बतासे खोलासम्मका जग्गाहरु अमाहा लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. १०,०००.००
ङ. बगर क्षेत्र	कमलाखोला र खहरेले कटान पुरान गरेका क्षेत्रका जग्गाहरु	रु. १,०००.००
च. वन क्षेत्र		

साविक कमलामाई नगरपालिका, वडा नं. १३, हाल वडा नं. १०, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	.....	.....
ग. कृषि क्षेत्र	.....	.....
घ. भिरपाखा क्षेत्र	सम्पूर्ण क्षेत्रका जग्गाहरु	५,०००।-
ङ. बगर क्षेत्र	.....	.....
च. वन क्षेत्र		

साविक कमलामाई नगरपालिका, वडा नं. १५, हाल वडा नं. १०, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	.....	.....
ग. कृषि क्षेत्र	कुलोखोला क्षेत्रका जग्गाहरु	रु. ४५,०००.००
	भंडार फाँट र भैरवखोला गाउँ क्षेत्रका जग्गाहरु	रु. ३०,०००.००
घ. भिरपाखा क्षेत्र	भंडार, सानो भँडार, सिस्नेरी, बेल्हा लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. १०,०००.००
ङ. बगर क्षेत्र	कमलाखोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. १,०००.००
च. वन क्षेत्र		

साविक कमलामाई नगरपालिका, वडा नं. १६, हाल वडा नं. १०, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	भिमान-रुचानी सडकले छोएको सरकारी टोल र डाँडा टोल क्षेत्रका जग्गाहरु	रु. ८०,०००.००
ग. कृषि क्षेत्र	भिमान-रुचानी सडक भन्दा तलका सडकले नछोएका जग्गाहरु	रु. ७५,०००.००

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
घ. भिरपाखा क्षेत्र	भिमान-रुचानी सडक भन्दा माथिका सडकले नछोएको सरकारीटोल, पाखाटोल, डाँडाटोल लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. ३०,०००.००
ङ. बगर क्षेत्र	कमलाखोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. १,०००.००
च.वन क्षेत्र	.....	.....

साविक कमलामाई नगरपालिका, वडा नं. १७, हाल वडा नं. १०, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	भिमान-रुचानी सडकले छोएको जग्गाहरु	रु. ८०,०००.००
ग. कृषि क्षेत्र	भिमान-रुचानी सडक भन्दा तलका सडकले नछोएका जग्गाहरु	रु. ७५,०००.००
घ. भिरपाखा क्षेत्र	भिमान-रुचानी सडक भन्दा माथिका सडकले नछोएका लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. २०,०००.००
ङ. बगर क्षेत्र	कमलाखोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. १,०००.००
च. वन क्षेत्र	.....	.....

साविक कमलामाई नगरपालिका वडा नं. १८, हाल वडा नं. १०, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	.....	.....
ग. कृषि क्षेत्र	दोभानटार क्षेत्रका जग्गाहरु	रु. ७५,०००.००
घ. भिरपाखा क्षेत्र	पाखाटोल र काभ्रेटार लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. १५,०००.००
ङ. बगर क्षेत्र	कमलाखोला र चदाहा खोलाले कटान गरेका क्षेत्रका जग्गाहरु	रु. १,०००.००
च. वन क्षेत्र	.....	.....

साविक रानीचुरी गा.वि.स. वडा नं. १, २, ३ र ५, हाल क.न.पा. वडा नं. ११, सिन्धुली

मकुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	सिन्धुली बर्दिवास सडकको दाँयाबाँयाका ५० मिटर सम्मका फिटिङ्ग र फाल्चुरीका जग्गाहरु	रु. ८,००,०००.००
	सिन्धुली चकमके सडकका दाँयाबाँया ५० मिटरसम्मका थरहरी, हात्तिसार, जरायोटार र बेसारे दोभानका जग्गाहरु	रु. ३०,०००.००
	रामपुर, एकपाखे, छतिऔन, गैरीवारी, बेसारेखोला र भालुखोला सडक दाँयाबाँया ५० मिटरसम्मका जग्गाहरु	रु. २,००,०००.००
	राउण्डे र जसमानटार सडकले छोएका ५० मिटरसम्मका जग्गाहरु	रु. १,५०,०००.००
	फिटिङ्ग, भीरगाउँ, खड्कुले, छविसे, निगुरे, पूर्णेस्वाँरा र कोल्डाँडा सडकले छोएका ५० मिटरसम्मका जग्गाहरु	रु. १,००,०००.००
	सिन्धुली बर्दिवास सडकको दाँयाबाँयाका ५० मिटर भन्दा पछाडीका फिटिङ्ग र फाल्चुरी तथा ग्रामिण सडकका जग्गाहरु	रु. १,००,०००.००

मकुरुय्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
ग. कृषि क्षेत्र	पूर्णेस्वराँ, पाखिनटार, छतिऔन, कवासे, थरहरी, हात्तिसार, निगुरे, जसमान्टार, जरायोटार, राउण्डे, सहरे र बेसारे खोलाका खेतहरु	रु. २,००,०००.००
	सिरुडाँडा, धापखहरे र भीरगाउँका खेतहरु	रु. ७५,०००.००
घ. भिरपाखा क्षेत्र	भीरगाउँ डाँडा, चिसापानी, कालिखोला लगायत अन्य क्षेत्रका जग्गाहरु	रु. ५०,०००.००
	आतमारा, फिर्रे, माटे, धनडाँडा र गन्देपानी क्षेत्रका जग्गाहरु	रु. ३०,०००.००
ङ. बगर क्षेत्र	.....	.....
च. वन क्षेत्र	.....	.....

साविक रानीचुरी गा.वि.स. वडा नं. ४, ६, ७, ८ र ९, हाल क.न.पा. वडा नं. १२, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	तीनतले-सिक्रे ग्रामिण सडक अन्तर्गत मोरङ्गेटारका सडक दाँया/बाँयाप १०० मिटर सम्मका जग्गाहरु	रु. १,००,०००.००
ग. कृषि क्षेत्र	मोरङ्गे र टंसार फाँटका जग्गाहरु	रु. ७५,०००.००
	बेलबोटे, धमिलेफाँट, बुधुवा, कुविण्डेटार, खट्टार, तोरिस्वाँरा, तीनतले, कवासे टारी खेत, बेसारेवेशी, कोलबोटे सिक्रे र धमिलेका जग्गाहरु	रु. ७०,०००.००
घ. भिरपाखा क्षेत्र	फलामे, कवासे, फोक्सिङ्ग, बाँझे, तिल्केडाँडा, खरवन, किर्नेखोला, सुनडाँडा, टंसारवेशी, मरुवाटार, टंसारगाउँ, चनौटे, भलायोडाँडा, हाँत्तीगौंडा, भ्याकुरे, वल्लोधाङ्ले, डहर र आँपटार	रु. ५०,०००.००
	बागेटार, लुडेडाँडा, झाँक्रीडाँडा, शिखरपुर, हाँडिखोला, पाखुरे, गुप्ती, चौकी, बाङ्गे, वनकरी, जर्गे, बेसारेडाँडा, बसिनी, ढाकाढुङ्गा, तीनघरे, पहेंलीभित्ती, हुसलडाँडा, भुतिया, थाकनखोला, सालडाँडा, जलकन्या, गहते, तीनमुरे, समिनी तल्लो/माथ्लो, लाकुरे, चारघरे, खलडाँडा, सरस्वती, पितङ्गे, चिप्लेटी, फुर्केनी, रिठ्ठाबोटे, सिमलबोटे, भलायोडाँडा, टंसारगाउँ, विशौना, तीनचोके, गैंयाडाँडा, सिमलबटोक र सिस्नेरी लगायत अन्य क्षेत्र	रु. ३०,०००.००
ङ. बगर क्षेत्र	धमिलेखोला, टंसारखोला, जिर्गा खोला, कटान पुरान गरेका जग्गाहरु	रु. १०,०००.००
च. वन क्षेत्र	.....	.....

साविक रानीचुरी गा.वि.स. वडा नं. १, २, ३, ८ र ९, हाल क.न.पा. वडा नं. १३, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवासीय क्षेत्र	हेटौंडा-चतारा सडकको नरे र धमला खोल्सी बीचको जग्गाहरु ५० मिटर भित्रका	रु. ५,००,०००.००
	हेटौंडा-चतरा सडकको धमलादेखि सुनखानी सम्मका जग्गाहरु ५० मिटर भित्रका	रु. ३,००,०००.००
	साविक रानीवास २ देखि १ सम्म जाने मूल सडकले छोएका डाँडाटोल, हायूटोल, शाखामाडे टोल, भ्वाँडेटोल, भित्ताटोल र गैरीटालका जग्गाहरु	रु. ३,००,०००.००
	शाखा सडकले छोएका डाँडाटोल, हायूटोल, शाखामाडे टोल, भ्वाँडेटोल, भित्ताटोल र गैरीटोलका जग्गाहरु	रु. २,००,०००.००

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
ग. कृषि क्षेत्र	मूलकुलो भन्दा पश्चिमका खाडीवारी, ठूलोबारी, ठूटेआँप, घरखेत र काब्राबोटेका जग्गाहरु	रु. १,५०,०००.००
	मूल कुलो भन्दा पूर्वका बगरबारी, असारे, गविखेत, कोरकोरे, पलासबोटे, क्यामुनाबोटे, बलुवाडाँडा र बौलावासका जग्गाहरु	रु. १,००,०००.००
	बाटोले नछोएका डाँडाटोल, हायूटोल, शाखामाडेटोल, भ्वाडेटोल, भित्ताटोल, गौरीटोल र सापकोटाटोल, कुदीखेत, सातबिगाहा र आँपगाछिका जग्गाहरु	रु. १,००,०००.००
	माथि उल्लिखित कमलाखोला र सुनखानीखोला छेउका जग्गाहरु	रु. ७५,०००.००
घ. भिरपाखा क्षेत्र	सिमलबारी, साताराम, तीनघरे, कुम्बीखेत, चिउरीखेत, बगरखेत, तल्लोटार, तल्लो पेटी, माथिल्लोपेटी, डिलबारी, घडेरीबारी, नक्कलीटार, रुचानी, धोबिने र रातमाटे का जग्गाहरु	रु. ७५,०००.००
ङ. बगर क्षेत्र	सुनखानी र मडाहा बगर जग्गाहरु	रु. १०,०००.००
च. वन क्षेत्र		

सावित्रक रानीचुरी गा.वि.स. वडा नं. ४, ५, ६ र ७, हाल क.न.पा. वडा नं. १४, सिन्धुली

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति कठ्ठा रु.
क. व्यापारिक क्षेत्र	.....	.....
ख. आवसीय क्षेत्र	हेटौंडा चतरा सडकले छोएका खोरियाटोल, गा.वि.स. टोल, घारीटोल, मिलटोल, नर्सरीटोल, व्यारेकटोल, चियाबारी, शिवमन्दिर र व्याडेटोल	रु. ३,००,०००.००
	ग्रामिण सडकले छोएका दनुवारटोल, खत्रीटोल, न्यौपानेटोल, शिखरटोल, दमैटोल, विद्यालयटोल, नेताटोल, नागरिक सचेतना टोल, डाँडाटोल, गैरीटोल, माझीटोल, थापाटोलका जग्गाहरु	रु. १,५०,०००.००
ग. कृषि क्षेत्र	तल्लो रानीवास र चन्दनपुर लगायतका पाखो जग्गाहरु	रु. ७५,०००.००
ङ. बगर क्षेत्र	कमलानदीले बगाएको पुरा नगरेको तल्लो रानीवास र चन्दनपुरका जग्गाहरु	रु. ५०,०००.००
च. वन क्षेत्र	.....	.....

संरचनाको मूल्याङ्कन दर

क्षेत्र		संरचनाको प्रति वर्ग फिट रु.							
		RCC फ्रेम स्ट्रक्चर		पक्का जोडाइमा RCC छाना		पक्का जोडाई/काठको खम्बामा पक्का जोडाई पठाहा र जस्ता वा टायलको छाना		कच्चा जोडाई वा काठ वा ठिनको बेरामा पठाहा र जस्ता वा टाएलको छाना	
क	व्यापारिक क्षेत्र	८००	७५०	७२५	६७५	५२०	४८०	३९०	३६०
ख	आवासिय क्षेत्र	७००	६५०	६२५	५७५	४४०	४००	३३०	३००
ग	कृषि क्षेत्र	६००	५५०	५२५	४७५	३६०	३२०	२७०	२४०
घ	भिरपाखा क्षेत्र	५००	४५०	४२५	३७५	२८०	२४०	२१०	१८०
ङ	बगर क्षेत्र	४००	३५०	३२५	२७५	१८०	१४०	१५०	१२०

- ढुंगा वा इटाको प्रति रनिङ फिट रु. २००।-
- कच्ची जोडाइमा खरको छाना भएको २ तल्ले घर एकमुष्ट रु. १०,०००।-
- कच्ची जोडाइमा खरको छाना भएको १ तल्ले घर एकमुष्ट रु. ५,०००।-

संरचनाको ह्रास कट्टी दर

संरचनाको किसिम संरचनाको आयु	RCC फ्रेम स्ट्रक्चर %	सिमेण्टको जोडाइमा ईटा, ब्लक वा ढुङ्गाको गारो RCC छाना %	माटोका जोडाइमा ईटा, ब्लक वा ढुङ्गाको गारो RCC छाना %	काठको अम्बा भएको/नभएको सिमेण्ट जोडाईमा ईटा, ब्लक वा ढुङ्गाको गारो - RCC छाना %	काठको अम्बा भएको/नभएको माटो को जोडाइमा ईटा, ब्लक वा ढुङ्गाको गारो - RCC छाना %	कच्ची घर	पर्खाल %
१-५ वर्ष	१०	११	१२	१४	१५	१७	२०
६-१० वर्ष	२०	२२	२४	२८	३०	३४	४०
११-१५ वर्ष	३०	३३	३६	४२	४५	५१	६०
१६-२० वर्ष	४०	४४	४८	५६	६०	६८	८५
२१-२५ वर्ष	५०	५५	६०	७०	७५	८५	
२६-३० वर्ष	६०	६६	७२	८५	८५		
३१-३५ वर्ष	७०	७७	८५				
३६-४० वर्ष	८०	८५					
४१-५० वर्ष	८५						

खण्ड ५

आ.व. २०८२/८३ का लागि नगरसभाको सोह्रौं अधिवेशनबाट स्वीकृत नगरपालिका तर्फबाट सञ्चालनहुने गोष्ठि, अभिमुखिकरण, तालिम र अन्य विविध कार्यक्रममा खर्चको मापदण्ड तथा सीमा (Norms)

कमलामाई नगरपालिकाले विभिन्न कार्य सञ्चालनमा हुने खर्चमा एकरुपता कायम गरी व्यवस्थित गर्न गोष्ठि, अभिमुखीकरण, तालिम र अन्य विविध कार्यक्रममा खर्च गर्ने मापदण्ड तपसिल बमोजिम हुने गरी नगरसभाको १६ औं अधिवेशनको दोस्रो बैठकबाट स्वीकृतका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल

क्र.सं.	क्षेत्रगत खर्च	इकाई	दर (रु.)		सीमा
१	स्रोत व्यक्तिको पारिश्रमिक (अधिकृतस्तर)	प्रति सेसन	स्थानीय स्तरमा प्रवचन/कार्यपत्र वापत	१६००.००	- १.५ घण्टा बराबरको सत्र, दैनिक ४ सत्रभन्दा बढी हुने छैन । - कार्यपत्र कम्तिमा १५०० शब्दको हुनु पर्नेछ । - आन्तरिक प्रस्तुतकर्ता भन्नाले सम्बन्धीत निकाय भित्रका पदाधिकारी/व्यक्ति सम्झनु पर्दछ ।
			बाह्य कार्यपत्र वापत प्रवचन वापत	 २०००.०० १४००.००	
	स्रोत व्यक्तिको पारिश्रमिक (सहायकस्तर)	प्रति सेसन	स्थानीय स्तरमा प्रवचन/कार्यपत्र वापत	११००.००	
			बाह्य कार्यपत्र वापत प्रवचन वापत	 २०००.०० १०००.००	
२	सहभागी खाना खर्च	प्रति छाक (बढीमा)	४५०		
३	सहभागी चिया, खाजा खर्च	प्रति दिन	२५०		
४	मसलन्द	प्रति व्यक्ति	१२५		
५	प्रमाण पत्र	प्रति सहभागि	३००		
६	सहभागी यातायात खर्च	प्रति व्यक्ति	● सोही वडको हकमा रु. ५००।- ● सिमाना जोडिएको अर्को वडाबाट सहभागी भएमा रु. ७५०।- ● अन्य वडाबाट सहभागी भए रु. १०००।-		- कार्यालय तर्फबाट सहभागी हुने कर्मचारीहरुलाई समेत - आतेजाते समेत
७	गोष्ठि, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्रको टिप्पणीकर्ता पारिश्रमिक	प्रति कार्यपत्र	९००।००		एउटा कार्यपत्रमा दुई जनाभन्दा बढी टिप्पणीकर्ता राख्न पाइने छैन ।
८	सीप विकास तालिम ७ कार्य दिनभन्दा बढी र ३० कार्य दिन भित्र भएको तालिमभएमा		**नगरस्तरीय**	**वडास्तरीय**	- ७ कार्य दिनभन्दा बढी ३० कार्य दिन सम्म भएको हकमा यो लागु हुने र ७कार्य दिनभन्दा कमको हकमा दैनिक खर्च मापदण्ड लागु हुनेछ । - कार्यक्रम सञ्चालन गर्ने कार्यालयको कर्मचारीको परिवारको निकट व्यक्ति स्रोत व्यक्ति हुन नहुँने । - कार्यपत्र ७५० शब्दको हुनुपर्ने । - १ घण्टा ३० मिनेटको कक्षा हुनु पर्छ ।
	अधिकृत स्तर प्रमुख प्रशिक्षक (प्रतिदिन २ सत्र अनिवार्य)	प्रतिव्यक्ति प्रतिदिन	१०००.००	१०००.००	
	सहायक स्तर	प्रतिव्यक्ति प्रतिदिन	८००.००	८००.००	
	सहजकर्ता Hands out वापत	प्रतिव्यक्ति प्रति दिन	७००	७००	
	सहभागी मसलन्द	अवधि भर	१५००	१५००	
	प्रति सहभागी खाजा	प्रति दिन	२००.	२००.००	
	हल भाडा	प्रति दिन	१०००.००	१०००.००	

क्र.सं.	क्षेत्रगत खर्च	इकाई	दर (रु.)		सीमा
९	पारिश्रमिक तालिमको लागि	अवधिभर	दै.भ्र.भत्ता	दै.भ्र.भत्ता	
	खाना र वासको लागि खर्च	अवधिभर	नियम अनुसार	नियम अनुसार	
१०	सीप विकास तालिम ३० कार्य दिन भन्दा माथि भएको तालिम भएमा मासिक रुपमा प्रति महिना		**नगर स्तरीय**	**वडा स्तरीय**	तालिम ३० कार्य दिन भन्दा माथि भएमा
	अधिकृत स्तर प्रमुख प्रशिक्षक (प्रति महिना ६० कक्षा अनिवार्य)	प्रति महिना	२५०००.००	२५०००.००	
	सहायक स्तर (प्रति महिना ६० कक्षा अनिवार्य हुनुपर्नेछ)	प्रति महिना	२००००.००	२००००.००	
	स्रोत व्यक्ति Hands Out वापत	प्रति व्यक्ति प्रति दिन	५००	५००	
	सहभागी मसलन्द	अवधिभर	२०००	२०००	
	प्रति सहभागी खाजा	प्रति दिन	२००	२००	
	हलभाडा	प्रति दिन	१०००.००	५००.००	
	पारिश्रमिक तालिम अवधिभर	तालिम अवधिभर	दै.भ्र.भत्ता	दै.भ्र.भत्ता	
	खाना र वासको खर्च	अवधिभर	नियम अनुसार	नियम अनुसार	
१०	प्रतिवेदकको पारिश्रमिक	१ दिनको कार्यक्रम	१०००.००		तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा दोहोरो सुविधा पाइने छैन।
		१ दिनभन्दा बढीको कार्यक्रम भए अतिरिक्त थप	५००.००		
११	अन्य विविध खर्च	प्रति कार्यक्रम (बढीमा)	५०००.००		
१२	टिप्पणीकर्ता पारिश्रमिक	प्रति कार्यपत्र	५००		
१३	संयोजक	प्रति दिन	१०००.००		
१४	सहयोगी कर्मचारी	प्रतिदन	७००.००		
१५	कार्यालय सहयोगी	प्रति दिन	५००.००		
१६	ब्यानर	प्रति कार्यक्रम	१०००.००		
१७	हल भाडा	प्रति कार्यक्रम प्रति दिन	बील बमोजिम बढीमा ५,०००।-		
१८	कार्यक्रम अनुगमन	प्रति दिन प्रति व्यक्ति	१०००.००		

- यो बाहेक वाह्य स्रोत व्यक्ति र आवासीय तालिममा लाग्ने खर्चका हकमा कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्न नगर सभाको तर्फबाट स्वीकृत दिने।
- स्थानिय स्तर वाहेकका स्रोत व्यक्ति लिई कार्यक्रम सञ्चालन गर्नु पर्ने भएमा माथी उल्लिखित दर वाहेक थप यातायात, होटल तथा वास र अन्य खर्चको विलपेश गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा सूचीकृत आपूर्तिकर्ताबाट कोटेशन माग गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

खण्ड ६
कमलामाई नगरपालिकाको आ.व. २०८२/८३ को विनियोजन ऐन

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुली

विनयोजन ऐन २०८२

कमलामाई नगरपालिका, सिन्धुली को आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

नगर सभामा पेश मिति : २०८२/०३/१०

प्रस्तावना :

कमलामाई नगरपालिका, सिन्धुलीको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कमलामाई नगरपालिका, सिन्धुलीको नगर सभामा यो ऐन स्वीकृतका लागि पेश गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस विधेयकको नाम **"कमलामाई नगरपालिका, सिन्धुलीको विनियोजन ऐन, २०८२"** रहेकोछ।

(२) यो ऐन स्वीकृत पछि श्रावण १ गतेबाट प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

आर्थिक वर्ष २०८२/८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीहरुमा उल्लिखित अनुमानित आय तथा व्यय र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,३०,३८,३५,२२७।४३ (एक अर्ब तीस करोड अडतीस लाख पैतिस हजार दुइ सय सत्ताइस र पैसा त्रिचालिस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. विनियोजन :

(१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त कमलामाई नगरपालिका, सिन्धुलीको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यापालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि स्वीकृत बजेट तथा कार्यक्रमलाई विभिन्न क्रियाकलापहरुमा विभाजन गरी कार्यान्वयन गर्न वा सो सम्बन्धमा थप स्पष्ट पार्नु पर्ने अवस्था देखिएमा नगरकार्यपालिका कार्यालयबाट नै गर्न सकिनेछ।

(५) थप आम्दानी तथा खर्च गर्ने सम्बन्धमा यस नगरपालिकाबाट स्वीकृत आम्दानी भन्दा बढी हुने गरी कुनै स्रोतबाट आम्दानी प्राप्त भएमा कार्यालयबाट नै आम्दानी जनाउने र निर्णय गरी खर्च गर्न सकिनेछ। सशर्त आम्दानीको हकमा तोकिएको शीर्षकमा खर्च गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन। यसरी गरिएको आम्दानी र खर्च सो पश्चात बस्ने नगरसभामा अनुमोदनका लागि पेश गर्नुपर्नेछ।

६.१ अनुसूची - १

आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमको लागि प्रस्तावित स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण

आय			व्यय		
सि.नं.	शीर्षक	रकम रु.	सि.नं.	शीर्षक	रकम
१	अ.ल्या.मौज्दात	७०००००००.००	१	चालु सञ्चालन तथा प्रशासनिक खर्च समेत	२६५,४००,०००.००
२	आन्तरिक स्रोत	८०१४०००.००	२	पुंजीगत सञ्चालन तथा प्रशासनिक खर्च समेत	११,८००,०००.००
३	संघीय सरकार वित्तीय समानीकरण	१८०५००००.००	३	संघीय सरकार सर्शत चालु अनुदान अनुदान	५३८,०००,०००.००
४	संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड (मुल्य अभिवृद्धिकर, अन्तशुल्क र रोयल्टी)	१५०२७४५८३.००	४	संघीय सरकार सर्शत अनुदान पुजिगत	२७,५००,०००.००
५	संघीय सरकार सर्शत अनुदान चालु	५३८०००००.००	५	संघीय सरकार विशेष अनुदान	८,९००,०००.००
६	संघीय सरकार सर्शत अनुदान पुजिगत	२७५००००.००	६	प्रदेश विशेष चालु अनुदान	६,५००,०००.००
७	संघीय सरकार विशेष अनुदान	८९००००.००	७	प्रदेश सरकार सशर्त अनुदान चालु	२६,२६७,०००.००
८	प्रदेश सरकार वित्तीय समानीकरण	१७७५५०००.००	८	प्रदेश सरकार सशर्त अनुदान पुंजीगत	७,५००,०००.००
९	प्रदेश सरकार राजश्व बाँडफाँड (सवारी कर)	८३४६३५७७.६६	९	प्रदेश सरकार समपुरक अनुदान र पालिका समेत	४८,०००,०००.००
१०	प्रदेश सरकार सशर्त अनुदान चालु	२६२६७०००.००	१०	प्रकोप व्यवस्थापन कोष	५,०००,०००.००
११	प्रदेश सरकार सशर्त अनुदान पुजिगत	७५००००.००	११	लैगिक हिसां निवारण कोष	५१०,०००.००
१२	प्रदेश सरकार समपुरक अनुदान	२४०००००.००	१२	पुंजीगत अनुसन्धान तथा परामर्श	३,०००,०००.००
१३	प्रदेश विशेष चालु अनुदान	६५००००.००	१३	सडक बोर्ड, नेवा लगायत अन्य विविध कार्यक्रमका लागि म्याचिङ कार्यक्रम	५,४९०,०००.००
१४	बाँडफाँड प्राप्त हुने विज्ञापन कर	५४०००.००	१४	फुटकर विभिन्न चालु कार्यक्रम	३,५४०,०००.००
१५	वनरोयल्टी	१२५००००.००	१५	फुटकर विभिन्न पुजिगत योजना तथा कार्यक्रम	६,०००,०००.००
१६	ढुङ्गा, गिट्टी, वालुवा विक्री	२२८९५०६६.७७	१६	मर्मतसंभार कोष	१,७४३,४९९.००

आय			व्यय		
सि.नं.	शीर्षक	रकम रु.	सि.नं.	शीर्षक	रकम
१७	बाँडफाँड बाट प्राप्त हुने मालपोत रजिष्ट्रेशन	४५०००००.००	१७	सिटीहल निर्माण कोष (सावा र व्याज फिर्ता समेत)	६,६००,०००.००
१८	बाँडफाँड प्राप्त हुने मनोरञ्जन कर	१००००.००	१८	नगर स्तरीय योजना कार्यक्रम	९०,९००,०००.००
